# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्रस्तुत शोधकार्य 'गौरी' खण्डकाव्यमा प्रयुक्त वर्णविन्यास वक्रतासँग सम्बन्धित छ । तसर्थ 'गौरी' खण्डकाव्य र त्यसमा प्रयुक्त वर्णविन्यास वक्रता यस शोधकार्यका विषयवस्तु हुन् । 'गौरी' खण्डकाव्य (२०१५) का स्रष्टा आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धाराका कवि तथा राष्ट्रकवि माधवप्रसाद घिमिरे (१९७६) हुन् । उनले नेपाली साहित्यका कविता खण्डकाव्य र गीतिनाटक जस्ता विधामा आफ्नो सिर्जनात्मक क्षमता प्रस्तुत गरेका छन् । उनका 'नवमञ्जरी' (१९९४), 'इन्द्रकुमारी' (२०५४), 'चैतवैशाख' (२०६०) जस्ता कविता सङ्ग्रह प्रकाशित भएका छन् भने 'नयाँ नेपाल' (२०१३), 'गौरी' (२०१५), 'पापिनी आमा' (२०१७), 'राजेश्वरी' (२०१७), 'राष्ट्रनिर्माता' (२०२३), जस्ता पाँचवटा खण्डकाव्य प्रकाशित छन् र 'शकुन्तला' (२०३८), 'मालती मङ्गले' (२०३८), 'विषकन्या' (२०५०), 'हिमालवारि हिमालपारि' (२०५४), 'बालकुमारी' (२०६१) र 'अश्वत्थामा' (२०५३) जस्ता गीति नाटक प्रकाशित भएका छन् । यसका साथै 'घामपानी' (२०१०) र 'बाला लहरी' (२०२६) बालकविता सङ्ग्रह पनि उनका प्रकाशित छन् । उनको व्यक्तित्व र कृतित्वको बारेमा फुटकर तहदेखि प्रबन्धस्वरूपसम्म समालोचनात्मक अध्ययन तथा शोधकार्यहरू भएका छन् । यस्ता अध्ययनहरू कविको व्यक्तित्व, खण्डकाव्यमा अलङ्कार विधान, रसविधान, चरित्रचित्रण, प्रकृतिको चित्रण, वस्तुस्रोत, देशभक्तिको चित्रणजस्ता अध्ययनमा केन्द्रित रहेका छन् । यस आधारमा घिमिरेको 'गौरी' खण्डकाव्यको वक्रोक्तिवादी अध्ययन कार्य हुन सकेको छैन । तसर्थ प्रस्तुत अध्ययन कृतिको भाषामा पाइने वर्णविन्यासजन्य वैचित्र्यसँग सम्बन्धित छ ।

पूर्वीय साहित्य शास्त्रका विविध साहित्यिक मान्यता तथा सिद्धान्त छन् । रसवादी, ध्वनिवादी, अलङ्कारवादी, रीतिवादी मान्यताहरूकै पृष्ठभूमिको बिचबाट पूर्वीय साहित्यशास्त्रमा वक्रोक्तिवादी सिद्धान्तको उदय भएको पाइन्छ । वक्रोक्तिसिद्धान्तको

मान्यताको चर्चा भामहदेखि सुरु भएको भए पनि यसका संस्थापक एघारौं शताब्दीका आचार्य कुन्तक हुन् । उनले 'वक्रोक्तिजीवितम्' ग्रन्थ लेखेर वक्रोक्ति मान्यता स्थापित गरेका हुन् । वक्रोक्ति साहित्य सौन्दर्यको निरूपण गर्ने सामर्थ्य भएको प्रचलित सिद्धान्त हो । वक्रोक्तिको शाब्दिक अर्थ कुटिल तथा बाङ्गो, टेढो भन्ने हुन्छ । अर्थात् सभ्य भाषामा भन्दा आह्लादकारी/विनोदात्मक भनाइलाई नै वक्रोक्ति भनिन्छ ।

पूर्वीय साहित्यका रसवादी अलङ्कारवादी सिद्धान्तका आधारमा नेपाली साहित्यमा अध्ययन विश्लेषण जति मात्रामा भएको छ, त्यति मात्रामा वक्रोक्तिवादी सिद्धान्तअनुरूप भएको पाइँदैन । वक्रोक्तिसिद्धान्तमा भाषाको वर्णदेखि प्रबन्ध तहसम्मको सौन्दर्यको खोजी गरिन्छ । यस सिद्धान्तका वर्णविन्यास वक्रता, पदपूर्वार्द्ध वक्रता, पदपरार्ध वक्रता, वाक्य वक्रता, प्रकरण वक्रता र प्रबन्ध वक्रता गरी छ भेद रहेकामा यीमध्येको पहिलो भेद वर्णविन्यास वक्रता हो । कुनै पनि साहित्यिक कृतिमा विशेष किसिमले सजाएर राखेका वर्ण वा अक्षरबाट उत्पन्न हुन आउने भाषिक सौन्दर्यलाई वर्णविन्यास वक्राता भनिन्छ । वर्णविन्यास वक्रताका आधारमा भाषाको वस्तुपरक अध्ययन गर्न सकिन्छ । नेपाली साहित्यमा वर्णविन्यास वक्रताका आधारमा उल्लेख्य रूपमा अध्ययन विश्लेषण हुन सकेको छैन । यसर्थ यो शोधको विषय राष्ट्रकवि माधव घिमिरेको "गौरी" खण्डकाव्यमा प्रयुक्त वर्णविन्यास वक्रताको अध्ययन बन्न गएको छ । अध्ययन मूलतः कुन्तकको 'वक्रोक्तिजीवितम्' मूल मान्यताअनुरूप प्रकाशित सामग्रीहरूका आधारमा गरिएको छ । 'गौरी' खण्डकाव्यमा वर्णविन्यास वक्रताको स्थान पहिचान गरी त्यसको सौन्दर्यको निरूपण अध्ययनको मुख्य विषय रहेको छ ।

## १.२ समस्याकथन

संस्कृत काव्यशास्त्रमा प्रचलित रस, अलङ्कार आदि काव्यतत्त्वका आधारमा नेपाली काव्यकृतिहरूको अध्ययन केही मात्रामा भए तापनि वक्रोक्तिसिद्धान्त र ध्वनि सिद्धान्तजस्ता काव्यतत्त्वहरूको अध्ययन अनुसन्धान प्रायः ओझेल परेको देखिन्छ । वक्रोक्तिसिद्धान्त संस्कृत काव्यशास्त्रीय परम्पराको महत्त्वपूर्ण स्थापित मान्यता हो । यसले भाषाको वस्तुगत अध्ययनमा जोड दिन्छ । यसअनुरूप नेपाली भाषाको अध्ययन हुन

नसक्नु पनि समस्याको रूपमा देखा परेको छ । यसमा भाषाको वर्णदेखि सङ्कथन तहसम्मको सूक्ष्म अध्ययन गर्न सकिन्छ । वस्तुतः यो अध्ययन वक्रताका विविध स्वरूप मध्ये वर्णविन्यास वक्रताका दृष्टिले "गौरी" खण्डकाव्यको अध्ययनमा केन्द्रित रहेको छ । वर्तमान समयसम्म वर्णविन्यास वक्रताका दृष्टिले 'गौरी' खण्डकाव्यको अध्ययन हुन नसक्नु प्रमुख समस्याको रूपमा रहेको छ । अतः यो शोधकार्य निम्नलिखित शोध प्रश्नसँग सम्बन्धित रहेको छ :

(क) गौरी खण्डकाव्यमा एक वर्णविन्यास वक्रताको के कस्तो प्रयोग पाइन्छ ?

(ख) गौरी खण्डकाव्यमा द्विवर्णविन्यास वक्रताको के कस्तो प्रयोग पाइन्छ ?

(ग) गौरी खण्डकाव्यमा बहुवर्णविन्यास वक्रताको प्रयोग के कस्तो रहेको छ ?

(घ) गौरी खण्डकाव्यमा संयुक्त वर्णविन्यास वक्रताको प्रयोग के कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्यको मूल उद्देश्य उल्लिखित शोधसमस्याको वस्तुगत तथा प्रामाणिक समाधान खोज्नु हो । तसर्थ यसका लागि यो शोधकार्य निम्नानुसारका उद्देश्यमा केन्द्रित छ :

(क) गौरी खण्डकाव्यमा एकवर्णविन्यास वक्रताको विश्लेषण गर्नु,

(ख) गौरी खण्डकाव्यमा द्विवर्णविन्यास वक्रताको विश्लेषण गर्नु,

(ग) गौरी खण्डकाव्यमा बहुवर्णविन्यास वक्रताको विश्लेषण गर्नु,

(घ) गौरी खण्डकाव्यमा संयुक्त वर्णविन्यास वक्रताको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको विवरण तथा समीक्षा

नेपालीमा वक्रोक्तिसिद्धान्तबारे सैद्धान्तिक अध्ययन गर्ने क्रमको थालनी सोमनाथ शर्मा सिग्द्यालको 'साहित्यप्रदीप' (२०१५) प्रकाशनपछि भएको हो । वर्तमान समयमा भने वक्रोक्तिवादी नेपाली भाषाको अध्ययनकार्य अगाडि बढ्दै गएको छ । यस अध्ययनकार्य पुरा गर्नका लागि प्रकाशित, अप्रकाशित धेरै सामग्रीहरूलाई द्वितीयक सामग्रीका रूपमा

उपयोग गरिएको छ । तसर्थ यस शोधकार्यसँग सम्बन्धित प्रमुख सामग्रीलाई पूर्वकार्यको रूपमा प्रस्तुत गरिएको छ । यसक्रममा घिमिरेको कवित्व र व्यक्तित्वसँग सम्बन्धित शोधकार्य, वक्रोक्तिसम्बन्धी अध्ययन चर्चा गरिएका लेख, पुस्तक तथा समालोचनात्मक टिप्पणी र वक्रोक्तिसिद्धान्तसँग सम्बन्धित शोधकार्यलाई क्रमिक रूपमा समीक्षा गरिएको छ ।

### १.४.१ घिमिरेका व्यक्तित्व र कृतित्वसँग सम्बन्धित शोधकार्य

कवि माधव घिमिरेका प्रकाशित कृति र उनका बारेमा शोधकार्यहरू भएका छन् । यहाँ तिनै शोधकार्यहरूलाई कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ :

गौतम (२०३७) द्वारा 'कवि माधवप्रसाद घिमिरेको जीवनी व्यक्तित्व र कृतिको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्त्वसम्बन्धी यो पहिलो अध्ययन हो । घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको खोजी उद्देश्य राखी गरिएको यस अध्ययनमा गौतमले वर्तमान समाजको रीतिरिवाज र खराब संस्कृतिप्रति बिद्रोह गर्ने भावना समेटिएको नारीपात्र घिमिरेका काव्यकृतिमा रहेको कुरा उल्लेख गरेका छन् ।

निरौला (२०६३) द्वारा 'माधव घिमिरेको खण्डकाव्यमा अलङ्कार योजना' शीर्षकमा विद्यावारिधीय शोधप्रबन्ध तयार पारिएको छ । उक्त शोधप्रबन्धमा माधव घिमिरेका प्रकाशित नौवटा खण्डकाव्यमा कथावस्तु, पात्रविधान, परिवेश विधान, रसभाव विधान, लयविधान, भाषाशैली आदिको समेत चर्चा गरेका छन् । पूर्वीय अलङ्कार सिद्धान्तमा आधारित भए पनि यस शोधप्रबन्धमा 'पापिनी आमा', 'नयाँ नेपाल', 'राजेश्वरी', 'राष्ट्रनिर्माता' जस्ता खण्डकाव्यको वस्तुस्रोतसमेत विश्लेषण गरिएको छ ।

गैरे (२०६५) द्वारा 'माधव घिमिरेका खण्डकाव्यमा करुण रस' शीर्षकमा स्नातकोत्तर तहको शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधपत्रमा घिमिरेका 'राजेश्वरी', 'गौरी', 'पापिनी आमा', 'इन्द्रकुमारी', 'गौथली', 'गजधम्म' र 'बोराको परदा' खण्डकाव्यमा प्रयुक्त करुण रसका बारेमा अध्ययन गरेका छन् । यस क्रममा घिमिरेको 'गौरी' खण्डकाव्यमा खण्डकाव्यकारकै पत्नी 'गौरी'को निधन सत्य घटना 'राजेश्वरी' ऐतिहासिक

विषयवस्तु र 'पापिनी आमा' सामाजिक विषयवस्तु स्रोत भएको उल्लेख गरेका छन् । साथै घिमिरेका खण्डकाव्यमा प्रयुक्त विषयवस्तुको संक्षिप्त चर्चा समेत गरेका छन् । लयविधान, अनुप्रास योजना आदिबारे भने गैरे मौन देखिएका छन् ।

पुलामी (२०६६) द्वारा 'माधव घिमिरेका खण्डकाव्यमा देशभक्ति' शीर्षकमा स्नातकोत्तर तहको शोधकार्य गरिएको छ । उनको यो शोधपत्र घिमिरेको जीवनी, व्यक्तित्व, देशभक्ति र राष्ट्रप्रेम जस्ता भावको खोजीमा केन्द्रित रहेको छ । उनले 'राष्ट्र निर्माता' खण्डकाव्य र 'राजेश्वरी' खण्डकाव्यलाई उच्च देशभक्ति भावना बोकेका कृतिको दर्जा दिएका छन् ।

लामा (२०६६) द्वारा 'घिमिरेका खण्डकाव्यमा नारीपात्र' शीर्षकको स्नातकोत्तर तहमा शोधकार्य गरिएको छ । लामाले घिमिरेको जीवनी उल्लेख गर्नु, आधुनिक खण्डकाव्यमा प्रयुक्त नारीपात्रको विश्लेषण गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेर अध्ययन गरेका छन् । शोधशीर्षक घिमिरेका खण्डकाव्यमा नारी पात्र भए तापनि उनले आधुनिक खण्डकाव्यमा प्रयुक्त नारीपात्रको विश्लेषण गर्नु उद्देश्य राखेर अध्ययनलाई व्यापक बनाउन खोजेको देखिन्छ ।

भण्डारी (२०६८) द्वारा 'माधव घिमिरेका खण्डकाव्यमा अलङ्कार विधान' शीर्षकमा स्नातकोत्तर तहको शोधकार्य गरिएको छ । उनले 'राजेश्वरी' खण्डकाव्यमा प्रयुक्त शब्दालङ्कार माथि प्रकाश पार्नु र राजेश्वरी खण्डकाव्यमा प्रयुक्त अर्थालङ्कारलाई केलाउनु दुईवटा उद्देश्य राखी अध्ययन गरेका छन् । यस क्रममा उनले अर्थालङ्कार र शब्दालङ्कारलाई खण्डकाव्यमा पहिचान गरी विश्लेषणसमेत गरेका छन् ।

पौडेल (२०६८) द्वारा 'माधव घिमिरेका खण्डकाव्यको वस्तुस्रोत' शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उनले वस्तुस्रोतका आधारमा घिमिरेका खण्डकाव्यहरूको वर्गीकरण गरेर प्रस्तुत गरेकी छिन् । खण्डकाव्यको वस्तुस्रोत र कविको मौलिकता बिचको सम्बन्ध बारे व्याख्या विश्लेषणका खण्डमा चर्चा गरी मौलिकता र यथार्थताको मूल स्रोत नै घिमिरेको खण्डकाव्य रचनाको आधारबाटो हो भनी उल्लेख गरेकी छिन् । यो

अध्ययन खासगरी कृतित्व र व्यक्तित्वमा केन्द्रित रहेकाले सैद्धान्तिक विश्लेषणको अभाव देखिन्छ ।

थापा (२०७०) द्वारा 'राजेश्वरी खण्डकाव्यमा प्रकृति चित्रण' शीर्षकमा स्नातकोत्तर तहको शोधकार्य सम्पन्न गरिएको छ । उनेको यो शोधपत्र प्रकृति चित्रणको सैद्धान्तिक अवधारणा पहिल्याउनु र 'राजेश्वरी' खण्डकाव्यमा प्रयोग गरिएको प्रकृति चित्रणको निरूपण गर्नु भन्ने उद्देश्यमा केन्द्रित रहेको छ । यसमा प्रकृति चित्रणको सैद्धान्तिक अवधारणाको चर्चा गरी सोही आधारमा 'राजेश्वरी' खण्डकाव्यको प्रकति चित्रण तथा विश्लेषण गरिएको छ ।

### १.४.२ वक्रोक्तिसिद्धान्तका आधारमा गरिएका पूर्वकार्य

नेपाली भाषा तथा साहित्यमा वक्रोक्तिबारे विषद् अध्ययन, चर्चा तथा समालोचना नभए पनि केही मात्रामा वक्रोक्तिसिद्धान्तपरक चर्चा, विश्लेषण र अध्ययन भएको पाइन्छ । यससम्बद्ध, पुस्तक लेख तथा समालोचना प्रकाशित भएका छन् । यस खण्डमा वक्रोक्तिसित सम्बन्धित लेख, विश्लेषण, समालोचना, पुस्तकहरू र शोधकार्यहरूको कालक्रमिक रूपमा चर्चा गरिएको छ :

अवस्थी (२०५३) द्वारा 'वर्णविन्यास वक्रता र मुनामदन खण्डकाव्यमा त्यसको प्रयोग' शीर्षकको लेख नै सम्भवतः वक्रोक्तिसिद्धान्तका आधारमा नेपाली साहित्यमा गरिएको पहिलो अध्ययनीय सामग्री हो । यस लेखमा वक्रोक्तिसिद्धान्तको संक्षिप्त परिचय दिई वर्णविन्यास वक्रता र यसका प्रकारबारे चर्चा गर्नाका साथै वर्णविन्यास वक्रताका दृष्टिले 'मुनामदन' खण्डकाव्य उत्कृष्ट रहेको ठहर गरिएको छ ।

पोखरेल (२०५८) द्वारा 'ऋतुविचार खण्डकाव्यमा वर्णविन्यास वक्राताको प्रयोग' शीर्षकको लेख वक्रोक्तिपरक अध्ययनको रूपमा रहेको छ । यस लेखमा वक्रोक्तिसिद्धान्तको परिचय दिई वर्णविन्यास वक्रताका व्यवधानयुक्त, व्यवधानरहित तथा भावानुकूल ध्वनितात्त्विक र यमकाभासका आधारमा 'ऋतुविचार' खण्डकाव्यको विश्लेषण गरिएको छ । यस विश्लेषणमा स्वाभाविक वर्णयोजना, कठोर रचनाको न्यूनता र

गुणव्यञ्जक वर्णको प्रयोगले विवेच्य खण्डकाव्य वर्णविन्यास वक्रताका दृष्टिले उत्कृष्ट रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

पोखरेल (२०६२) द्वारा 'राष्ट्रनिर्माता खण्डकाव्यमा वर्णविन्यास वक्रता प्रयोग' शीर्षकको लेखमा वक्रोक्तिका विविध भेदमध्ये वर्णविन्यास वक्रताको सैद्धान्तिक परिचय दिइ त्यसकै आधारमा माधवप्रसाद घिमिरेको 'राष्ट्रनिर्माता' खण्डकाव्य अध्ययन गरिएको छ । यस क्रममा विषयानुकूल वर्णयोजना, कठोर एवम् उद्धत रचनाको न्यूनता र श्रुतिपेशल माधुर्य गुण व्यञ्जक वर्णको प्रचुरताले गर्दा वर्णविन्यास वक्रताका दृष्टिले 'राष्ट्र निर्माता' खण्डकाव्य उच्च स्तरको रहेको पुष्टि गरिएको छ ।

पोखरेल (२०७३) द्वारा 'घुम्ने मेचमाथि अन्धो मान्छेका कवितामा वर्णविन्यास वक्रता' शीर्षकमा दर्शनाचार्य तहको शोधप्रबन्ध लेखन सम्पन्न गरिएको छ । यस शोधप्रबन्धमा कवि भूपि शेरचनको 'घुम्ने मेच माथि अन्धो मान्छे' कविता सङ्ग्रहबाट यादृच्छिक नमुना छनोट विधि प्रयोग गरी 'यो हल्लै हल्लाको देश हो ।', 'वसन्त,', 'हामी' र 'होचिमिह्नलाई चिठी' शीर्षकमा जम्मा चारवटा कवितामा वर्णविन्यास वक्रताको सौन्दर्य निरूपण गरिएको छ । यो शोधप्रबन्ध जम्मा आठ परिच्छेदमा संरचित छ । शोधप्रबन्धको पहिलो परिच्छेदमा शोधपरिचय दोस्रोमा वक्रोक्तिसिद्धान्त र स्वरूपको चर्चा गरिएको छ । परिच्छेद तेस्रो, चौथो, पाँचौं, छैटौं र सातौंमा क्रमशः एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता, संयुक्त वर्णविन्यास वक्रता र यमकाभास वर्णविन्यास वक्रताका आधारमा विवेच्य कविताको विश्लेषण गरिएको छ । शोधको आठौं परिच्छेदमा निष्कर्ष प्रस्तत गरिएको छ । यस शोधप्रबन्धमा पोखरलेले 'वक्रोक्तिजीवितम्' लाई आधार मान्दै वर्णविन्यास वक्रताका छ वटा भेद प्रस्तुत गरेका छन् र तिनै भेदका आधारमा विवेच्य कविताको विश्लेषण गरिएको छ । उनले यस ग्रन्थमा एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता र बहुवर्णविन्यास वक्रतालाई व्यवधानयुक्त र व्यवधानमुक्त पहिचान गरी तालिकीकरण गरेका छन् र सोही आधारमा विवेच्य कविताको सौन्दर्यको विश्लेषण गरेका छन् । यसअनुसार विवेच्य कविता

वर्णविन्यास वक्रताका दृष्टिले सहज वर्णसौन्दर्य, स्वाभाविक, श्रुतिमाधुर्य र कवित्व सौन्दर्यका दृष्टिले उत्कृष्ट रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

शर्मा र लुइँटेल (२०६७) द्वारा *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* नामक पुस्तकमा वक्रोक्ति सम्प्रदाय भन्ने मूल शीर्षक दिएर विभिन्न उपशीर्षकमा वक्रोक्तिको चर्चा गरिएको छ । यसमा वक्रोक्ति सम्प्रदायको चिनारी, वक्रोक्तिको पृष्ठभूमि, वक्रोक्तिका प्रकार वक्रोक्तिवादका प्रमुख मान्यता र स्थापना जस्ता उपशीर्षक दिएर वक्रोक्तिका बारेमा चर्चा गरिएको छ ।

खनाल (२०६८) द्वारा 'मृत्युञ्जय महाकाव्यको वक्रोक्तिवादी विवेचना' शीर्षकको नेपाल संस्कृत विश्वविद्यालयमा प्रस्तुत विद्यावारिधि शोधग्रन्थ कवि भानुभक्त पोखरेल रचित 'मृत्युञ्जय' महाकाव्यको वक्रोक्तिपरक अध्ययनमा केन्द्रित छ । यो नै नेपाली साहित्यिक कृतिमा वक्रोक्तिसिद्धान्तमा आधारित पहिलो शोधकार्य हो । यस ग्रन्थका दोस्रो, तेस्रो र चौथो परिच्छेदमा वक्रोक्तिवादको सैद्धान्तिक विवेचना प्रस्तुत गरी पाँचौँ परिच्छेदमा वर्णविन्यास वक्रता पदपूर्वार्द्ध वक्रता र प्रत्यय वक्रताका आधारमा र छैटौँमा वाक्य वक्रता प्रकरण वक्रता र प्रबन्ध वक्रताका आधारमा उक्त महाकाव्यको विश्लेषण गरिएको छ, भने सातौँ परिच्छेदमा निष्कर्ष प्रस्तुत गरिएको छ । यसमा वक्रोक्तिको सैद्धान्तिक विवेचना प्रस्तुत गर्दै वक्रोक्तिको परिभाषा र सर्जकका आधारमा वक्रोक्तिवादी काव्य परिभाषा, काव्यहेतु, वक्रोक्तिका मार्ग र त्यसमा रहने गुणहरूबारे पनि विवेचना गरिएको छ । शोधको तेस्रो परिच्छेदमा वक्रोक्तिका छ मुख्य भेद र तिनका विविध उपभेदहरूको समेत चर्चा गरिएको छ । साथै चौथोमा वक्रोक्तिवादको रसवाद, ध्वनिवाद, अलङ्कारवाद, रीतिवाद र औचित्यवादसँगको सम्बन्धका साथै पाश्चात्य अभिव्यञ्जनावादसँग समेत वक्रोक्तिवादको तुलना गरिएको छ ।

पौडेल (२०६८) द्वारा 'वक्रोक्तिसिद्धान्त र यससँग शैलीविज्ञानको निकटता' शीर्षकमा समालोचनात्मक लेख प्रकाशित गरिएको छ । यस लेखमा पौडेलले वक्रोक्तिसिद्धान्त, वक्रोक्ति चिन्तनको परम्परा र सैद्धान्तिक स्थापना, परिभाषा र स्वरूप, वक्रोक्तिका प्रमुख भेद, वक्रोक्तिसिद्धान्तको समीक्षा, वक्रोक्तिसँग शैलीविज्ञानको निकटता

र काव्यभाषाका सन्दर्भमा शैलीविज्ञान र वक्रोक्तिजस्ता उपशीर्षक राखेर वक्रोक्तिसिद्धान्तलाई पाश्चात्य साहित्य सिद्धान्त शैलीविज्ञानसित तुलना मात्र नगरी वक्रोक्तिको क्षेत्र, भेद र यसको व्यापकता र अनिवार्यता बारे समेत खुलेर चर्चा गरेका छन् । वक्रोक्तिसिद्धान्तलाई कुन्तकको निजी सिद्धान्त हो भन्ने कुरामा उनको पनि सहमति देखिँदैन । उनले वक्रोक्तिवादी सिद्धान्त स्थापनाका लागि अन्य पूर्वीय आचार्यहरूको महत्त्वपूर्ण देन रहेको र यसको व्यापकता अहिले पनि रहेको निष्कर्ष प्रस्तुत गरेका छन् ।

भण्डारी र पौडेल (२०६८) द्वारा *साहित्यशास्त्र र नेपाली समालोचना* नामक पुस्तकमा वक्रोक्तिवाद मूल शीर्षक राखि वक्रोक्तिको बारेमा चर्चा गरिएको छ । यस मूल शीर्षकअन्तर्गत परिचय र परिभाषा, वक्रोक्तिका प्रकार (वर्णविन्यास, पदपूर्वार्द्ध, पदपरार्ध, वाक्य प्रकरण र प्रबन्ध) र वक्रोक्तिवादको मूल्याङ्कन उपशीर्षक राखर संक्षिप्त चर्चा गरिएको छ ।

अधिकारी (२०६९) द्वारा 'मुनामदन खण्डकाव्यमा पदवक्रता' शीर्षकमा शोधप्रबन्ध सम्पन्न गरिएको छ । उनले महाकवि देवकोटा रचित 'मुनामदन' खण्डकाव्यमा पदवक्रतागत सौन्दर्य खोज्ने काम गरेका छन् । उनको यो शोधप्रबन्ध दसवटा परिच्छेदमा संरचित छ । शोधप्रबन्धको पहिलो परिच्छेदमा शोधको परिचय प्रस्तुत गरिएको छ भने अन्तिम परिच्छेदमा निष्कर्ष दिइएको छ । दोस्रो परिच्छेदमा वक्रोक्तिवादी सैद्धान्तिक स्वरूप, वक्रोक्तिका प्रमुख प्रकार र पदवक्रता प्रस्तुत गरिएको छ । तेस्रो परिच्छेददेखि आठौँ परिच्छेदसम्म क्रमशः रूढि र पर्याय वैचित्र्य वक्रता, विशेषण र उपचार वैचित्र्य वक्रता, संवृत्ति, वृत्ति, भाव र लिङ्ग वैचित्र्य वक्रता, आख्यात पदवक्रता, प्रत्यय वक्रता र अव्युत्पन्न वक्रताको दृष्टिले 'मुनामदन' खण्डकाव्यको निरूपण गरिएको छ । त्यस्तै नवौं परिच्छेदमा वक्रोक्तिका मार्ग र गुणका दृष्टिले 'मुनामदन' खण्डकाव्यको कवित्वको विश्लेषण गरिएको छ । यसरी उनले 'मुनामदन' खण्डकाव्य पदविन्यासका दृष्टिले सौन्दर्य, सहज, स्वाभाविक एवम् सुन्दर रहेको पुष्टि गर्दै वक्रोक्तिका मार्ग र गुणका दृष्टिले समेत विवेच्य कृति श्रुतिपेशल रहेको निष्कर्ष प्रस्तुत गरेका छन् ।

शर्मा (२०६९) द्वारा 'भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रता' शीर्षकमा दर्शनाचार्य तहको शोधप्रबन्ध पुरा गरिएको छ । यस शोधप्रबन्धमा शर्माले भैरव अर्यालका निबन्ध संग्रहमध्ये 'काउकुती', 'जयभूँडी', 'इतिश्री' र 'गलबन्दी' सङ्ग्रहबाट सोद्देश्यमूलक नमुना छनोट गरी जम्मा चारवटा निबन्धहरूमा वर्णविन्यास वक्रताको अध्ययन गरेका छन् । यस शोधग्रन्थको पहिलो परिच्छेदमा शोधपरिचय प्रस्तुत गरिएको छ भने दोस्रोमा वक्रोक्तिको सैद्धान्तिक स्वरूप र वर्णविन्यास वक्रताको चर्चा गरिएको छ भने तेस्रो परिच्छेददेखि आठौं परिच्छेदसम्म क्रमशः एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता, संयुक्त वर्णविन्यास वक्रता, यमकाभास शैलीशिल्प एवम् मार्ग र गुणका आधारमा भैरव अर्यालका निबन्धहरूको विश्लेषण गरिएको छ । उनले वर्णविन्यास वक्रताका भेद पहिचान गरी निबन्धहरूको विश्लेषण समेत गरेका छन् । साथै वर्णविन्यास वक्रताका दृष्टिले भैरव अर्यालका निबन्ध उत्कृष्ट तथा सुन्दर रहेको निष्कर्षसमेत प्रस्तुत गरेका छन् ।

उपर्युक्त अध्ययनअन्तर्गत ४.१ मा कवि माधव घिमिरेका जीवनी र कृतिमा भएका शोधकार्य प्रस्तुत गरिएको छ । यसबाट कवि घिमिरेका काव्य कृतिमा अहिलेसम्म के कति शोधकार्य भएका छन् भन्ने जानकारी प्राप्त गर्न सहयोग पुग्ने देखिन्छ । ४.२ मा वक्रोक्तिका बारेमा लेखिएका लेख, शोधकार्य र पुस्तकहरूको चर्चा प्रस्तुत गरिएको छ । यस क्रममा अवस्थीको 'मुनामदन खण्डकाव्यमा वर्णविन्यास वक्रता' र पोखरेलको 'ऋतुविचार' र 'राष्ट्रनिर्माता' खण्डकाव्यमा वर्णविन्यास वक्रताको अध्ययन यस शोधकार्यसित सम्बन्धित लेखका रूपमा रहेका छन् भने अन्य अध्ययन तथा चर्चाहरूको वक्रोक्तिवाद र वर्णविन्यास वक्रताको सैद्धान्तिक पृष्ठभूमि विस्तारमा सहयोग पुग्ने देखिन्छ । यसैगरी वक्रोक्तिसम्बन्धी शोधकार्यहरूमा पोखरेलको 'घुम्ने मेचमाथि अन्धो मान्छेका कवितामा वर्णविन्यास वक्रता' र शर्माको 'भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रता' शीर्षकको अध्ययनले यस शोधकार्यको अध्ययन ढाँचा निर्माणका लागि महत्त्वपूर्ण सहयोग प्रदान गर्नेछ । साथै खनालको 'मृत्युञ्जय महाकाव्यको वक्रोक्तिपरक विवेचना' र अधिकारीको 'मुनामदन खण्डकाव्यमा पदविन्यास वक्रता' शीर्षकको अध्ययनले यस अध्ययनको लागि सैद्धान्तिक ज्ञाननिर्माणमा सहयोग पुगेको छ ।

## १.५ शोधको औचित्य

कुनै पनि अध्ययन अनुसन्धानका आआफ्नै महत्त्व र अर्थ हुन्छन् । औचित्य विनाको कुनै पनि कार्यबाट उपलब्धि हासिल हुन सक्दैन । यसर्थ प्रस्तुत शोध अध्ययनको पनि विशिष्ट महत्त्व रहेको छ ।

वक्रोक्ति पूर्वीय साहित्य शास्त्रमा प्रचलित वस्तुवादी तथा भाषावादी सिद्धान्त हो । यसमा कृतिभित्र प्राप्त तथ्यका आधारमा कृतिको सौन्दर्य पक्षको खोजी गरिन्छ । यसको पाश्चात्य साहित्य सिद्धान्तमा प्रचलित अभिव्यञ्जनावाद र शैलीविज्ञानसँग निकटता रहेको पाइन्छ । मूलतः कृतिभित्रको तथ्यमा आधारित भएर अध्ययन गर्न सकिने भएकाले यस सिद्धान्तको आधारमा हुने अनुसन्धान वैज्ञानिक, वैध र विशिष्ट हुने गर्दछ । प्रस्तुत शोधकार्य पनि यसै सिद्धान्तअनुरूप 'गौरी' खण्डकाव्यभित्र वर्णविन्यास वक्रता पहिचान गरी त्यसको सौन्दर्य विश्लेषणमा केन्द्रित रहेको छ ।

यो अध्ययन आफैमा औचित्यपूर्ण रहेको छ । वक्रोक्तिका भेदमध्येको पहिलो भेद वर्णविन्यास वक्रतामा वर्णहरूको आवृत्ति त्यसले उत्पन्न गर्ने सौन्दर्य र सम्प्रेषणमा पार्ने प्रभावसमेत विश्लेषण हुने भएकाले यो अध्ययन भाषावैज्ञानिक दृष्टिकोणले पनि औचित्यपूर्ण रहेको छ । वर्ण भाषाको एक अनिवार्य घटक हो । यसको विस्तारबाट नै भाषाले समग्रता पाउने भएकाले वर्णचयनले काव्यिक भाषामा केकस्तो प्रभाव पार्दछ भन्ने कुराको अध्ययन पनि यसको विषय हो ।

अतः वक्रोक्तिपरक दृष्टिले नेपाली काव्यकृतिको भाषाको अध्ययन उल्लेख्य मात्रामा भएको पाइँदैन । त्यसमा पनि 'गौरी' खण्डकाव्यको अध्ययन नहुनाले पनि प्रस्तुत शीर्षकको शोधकार्य महत्त्वपूर्ण ठानिएको छ । यस अध्ययनले 'गौरी' खण्डकाव्यमा प्रयुक्त वर्णहरूको पहिचान, गठन शैली र 'गौरी' खण्डकाव्यमा त्यसको सौन्दर्यका बारेमा जानकारी प्राप्त हुनुका साथै 'गौरी' खण्डकाव्यमा प्रयुक्त वर्ण, यसको सौन्दर्य र वक्रोक्तिका बारेमा जानकारी लिन चाहने जोसुकैका लागि पनि महत्त्वपूर्ण हुने हुँदा यो अध्ययन थप औचित्यपूर्ण रहेको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधकार्यको व्यवस्थित अध्ययन गर्नको लागि निम्नानुसारका सीमा निर्धारण गरिएको छ :

(क) प्रस्तुत शोधकार्य 'गौरी' खण्डकाव्यमा प्रयुक्त वर्णविन्यास वक्रताको अध्ययनमा केन्द्रित रहेको छ ।

(ख) वर्णविन्यास वक्रताअन्तर्गत पनि एक वर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास र संयुक्त वर्णविन्यास वक्रताका आधारमा मात्र 'गौरी' खण्डकाव्यको विश्लेषण गरिएको छ ।

(ग) वर्णविन्यास वक्रताका यमक र यमकाभास वर्णविन्यास वक्रताको विश्लेषण यस अध्ययनमा गरिएको छैन ।

## १.७ शोधकार्यको रूपरेखा

प्रस्तुत शोधकार्यको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : अध्ययनको सैद्धान्तिक स्वरूप

अध्याय तिन : शोधविधि र अध्ययन प्रक्रिया

अध्याय चार : गौरी खण्डकाव्यका कवितामा एकवर्णविन्यास वक्रता

अध्याय पाँच : गौरी खण्डकाव्यका कवितामा द्विवर्णविन्यास वक्रता

अध्याय छ : गौरी खण्डकाव्यका कवितामा बहुवर्णविन्यास वक्रता

अध्याय सात : गौरी खण्डकाव्यका कवितामा संयुक्त वर्णविन्यास वक्रता

अधयाय आठ : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# अध्ययनको सैद्धान्तिक स्वरूप

## २.१ वक्रोक्तिवादको परिचय

पूर्वीय साहित्यशास्त्र विविध साहित्यिक मान्यताले भरिपूर्ण रहेको छ । जसमा (चौथो शताब्दीका मानिने) भरतमुनि देखि (सत्रौं शताब्दीका) जगन्नाथसम्म आइपुग्दा विविध साहित्यिक तथा भाषिक मान्यता स्थापित भएका पाइन्छन् । ती मान्यताहरूले छुट्टै सिद्धान्त बोकेर वादका रूपमा विस्तारित भएका छन् । नाट्यशास्त्रबाट सुरु भएको साहित्य सिद्धान्तको चर्चा परिचर्चा र प्रयोग विकसित हुँदै विशाल पूर्वीय साहित्य सिद्धान्त तथा वादको रूपमा विश्वभर चर्चा र व्यवहारको विषय बनेको छ । रसवाद, ध्वनिवाद, अलङ्कारवाद, रीतिवाद जस्ता वादकै पृष्ठभूमिबाट पूर्वीय साहित्यशास्त्रमा वक्रोक्तिवादको जन्म हुन पुगेको देखिन्छ । वक्रोक्तिवादका जन्मदाता (ई.पू. ११ औं शताब्दी) कुन्तक हुन् । उनीभन्दा अघिल्ला आचार्यहरूले वक्रोक्तिबारे विषद् चर्चा परिचर्चा गरिसकेका हुनाले कुन्तकलाई नै जन्मदाता भनिरहँदा अघिल्ला विद्वान्हरूले गरेको चर्चा परिचर्चाको मूल्याङ्कन नहुने देखिन्छ । यसर्थ वक्रोक्तिवादको जन्म गराउनमा धेरै विद्वान्को योगदान भए पनि त्यसको स्थापनामा भने कुन्तकको एकलौटि प्रयोग रहेको हुनाले कुन्तकलाई वक्रोक्तिवादका स्थापक मानिन्छ ।

वक्रोक्ति के हो, यसको उपयोग कहाँ र कसरी हुन्छ भन्ने कुराको जानकारीका लागि पूर्वीय आचार्य भामहसम्म पुग्नुपर्ने देखिन्छ । छैटौं शताब्दीका भामहले अर्थ वक्रता र शब्द वक्राताको भेद देखाउँदै यी दुवैको समन्वित रूप नै वक्रता हो भनेका छन् । भामहले अतिशयोक्तिको अर्थ बताउँदै भनेका छन् अतिशयोक्ति लोक सामान्यभन्दा भिन्न विचित्र यस्तो उक्ति हो, जसमा शब्द र अर्थको असाधारण तथा चमत्कारपूर्ण प्रयोग गरिएको हुन्छ (भामह, २०४२ : ३२६) । यस परिभाषाको आधारमा भामहको अतिशयोक्ति र वक्रता शब्द पर्याय देखिन्छ ।

वक्रोक्तिसिद्धान्तका प्रवर्तक आचार्य कुन्तक हुन् । उनले वक्रोक्तिलाई काव्यको आत्मा मानेका छन् । वक्रोक्तिको मौलिक व्याख्या गर्दै कुन्तकले काव्यको आधारभूत तथा सर्वग्राही रूपमा यसलाई प्रस्तुत गरेका छन् । कवि कर्मलाई कविता मान्दै कुन्तक अगाडि भन्नुहुन्छ अलङ्कार काव्यको मूल तत्त्व हो (कुन्तक, २०१२ : १७) । यसबाट यो प्रष्ट हुन्छ, कुन्तकले वक्रोक्तिभन्दा पनि अलङ्कारलाई काव्यको मूल तत्त्व मानेको देखिन्छ । कुन्तकले स्पष्ट शब्दमा भनेका छन् काव्यको अलङ्कार नै वक्रोक्ति हो । उनले समस्त अलङ्कारलाई वक्रोक्ति मान्दै अलङ्कारको पर्यायको रूपमा वक्रोक्तिलाई मानेको देखिन्छ । उनका अनुसार शब्द र अर्थ अलङ्कार्य हुन् । वक्रोक्ति उनको अलङ्कार हो । अर्थात् कुन्तकाका अनुसार शब्द र अर्थको सौन्दर्य वा अलङ्कार्य समाष्टिताको दोस्रो नाम नै वक्रता हो । काव्यमा जुन प्रकारको सुन्दरता अथवा चमत्कार हुन्छ त्यो सब वक्रोक्तिको चमत्कार हो ।

संसारमा काव्य सौन्दर्यको विषयमा दुईवटा दृष्टिकोण रहेको पाइन्छ । कतिपय मान्छे वस्तु स्वाभाविक सौन्दर्य भएको मन पराउँछन् भने कोही कृत्रिम सौन्दर्य मन पराउँछन् । कोही बगैंचामा सजाएर लगाएका फूल, लताका प्रेमी हुन्छन् भने कतिपय मान्छे वनमा स्वाभाविक पुष्पित तथा पल्लवित लताको सौन्दर्य मन पराउँछन् । यही धारणा काव्यका विषयमा पनि लागु हुन्छ । कविता तथा काव्यमा पनि कतिपय स्वाभाविक ढङ्गको चमत्कारमात्र मन पराउँछन् भने कतिपय कृत्रिम रूप तथा अलङ्कृत भाषामा वर्णन गरिएको कवितालाई हृदयग्राही मान्ने गर्दछन् । यसकारण साहित्यशास्त्रमा स्वभावोक्ति र वक्रोक्तिवादी दुई प्रकारको सिद्धान्तको उल्लेख र प्रयोग पाइन्छ (नगेन्द्र, १९७६ : १५३) ।

'वक्र' र 'उक्ति' दुई शब्द मिलेर वक्रोक्ति शब्द बन्दछ । वक्र भनेको बाङ्गो वा टेढो हुन्छ भने उक्ति भनेको कथन वा भनाइ हो । यसलाई अलि व्यापक अर्थमा हेर्ने हो भने वक्रोक्ति भनेको घुमाउरो वा परिहासपूर्ण चातुर्य तथा विनोदात्मक वा आह्लादात्मक उक्ति भन्ने बुझिन्छ । काव्यशास्त्रमा यसलाई व्यापक तात्पर्यमा भामह र कुन्तकले नै परिभाषित गरेको पाइन्छ । भामहले अलङ्कारलाई नै सर्वोपरि माने पनि सबै

अलङ्कारहरूको सौन्दर्यको स्रोत वक्रोक्तिलाई मोनका छन् । वक्र शब्द र अर्थले नै कथनमा अलङ्कार सृजना गर्दछ भन्ने उनको धारणा रहेको छ । वक्रताविहीन कथनलाई भामहले काव्यको स्तर प्रदान नगरी सामान्य वार्ता मात्रै मानेका छन् (पौडेल, २०६८ : ६०३) । भामहबाटै प्रेरित भएर कुन्तकले स्पष्ट रूपमा वक्रोक्ति काव्य जीवितम् भन्दै वक्रोक्तिलाई काव्यको जीवन वा आत्माको रूपमा स्थपित गरेका छन् र यसलाई 'वैदग्ध्य भङ्गी - भणिति' का रूपमा प्रस्तुत गरेका छन् । विदग्धाको भाव वैदग्ध्य हो । यो भनेको कविको कर्मको कौशल हो । त्यसको भङ्गी भनेको विच्छित्ति वा हिस्सी हो भने भणिति भनेको उक्ति वा कथन हो (पौडेल, २०६८ : ६०६) ।

कुन्तकले काव्यका लघुतम तहदेखि बृहत्तम तहसम्मका विभिन्न काव्यगत बनोट र बुनोटमा विशेष दक्षता वा निपुणताको आग्रह गर्दै वक्रोक्तिका भेद उपभदेको चर्चा गरेको पाइन्छ । वर्णवक्रातादेखि प्रबन्ध वक्रतासम्मका भेद उपभेदहरूले काव्यमा विलक्षण चमत्कार सृजना गर्न सकिने भए पनि ती सबैको प्रयोग हरेक स्रष्टाले आआफ्ना मौलिक सिप प्रदर्शनका साथ गर्ने हुँदा तिनको सार्थकता पनि स्रष्टाकै सामर्थ्यअनुसार परिलक्षित हुने गर्दछ । अतः वक्रोक्ति एक भाषावादी/वस्तुवादी सिद्धान्त हो । यसको निकटको सम्बन्ध आधुनिक शैलीविज्ञानसँग र क्रोचेको अभिव्यञ्जनावादसँग रहेको पाइन्छ । भाषावादी दृष्टिकोणले जुनसुकै रचनामा यसले सौन्दर्यतत्त्वको खोजी गर्ने कार्य गर्दछ ।

## २.२ वर्णविन्यास वक्रता र त्यसका प्रकार

कुनै पनि भाषामा वर्णहरूको निश्चित व्यवस्था रहेको हुन्छ । वर्ण ध्वनिभन्दा माथिल्लो भाषिक एकाइ हो । यो औच्चार्य ध्वनिसँग निकट हुन्छ । वर्णवर्ण मिलेर शब्द बन्छ, शब्दशब्द मिलेर वाक्य र वाक्यवाक्यहरूको संयोजनबाट भाषाको माथिल्लो एकाइको निर्माण हुने भएकाले भाषाको आधारभूत एकाइको रूपमा वर्ण मानिन्छ । भाषामा वर्णहरूको व्यवस्था भएकाले भाषाले विस्तारित स्वरूप ग्रहण गर्ने गर्दछ । कुन्तकको साहित्य सिद्धान्त वक्रोक्तिमा पनि वर्णविन्यासलाई एक भेदको रूपमा राखिएको छ । आचार्य कुन्तकले वक्रोक्तिका असङ्ख्य भेद सङ्केत गरे तापनि मुख्यत छ भेद (वर्णविन्यास, पदपूर्वार्ध, पदपरार्ध, वाक्य, प्रकरण र प्रबन्ध)मा विभाजन गरेर चर्चा गरेका

छन्, जसमा वर्णविन्यास वक्रतालाई क्रमागत रूपमा पहिलो भेदका रूपमा चर्चा गरेका छन् । कुन्तकको वक्राताको सम्राज्य वर्णविन्यास वक्रतादेखि प्रबन्ध कल्पनासम्म र उपसर्ग प्रत्यय आदि देखि महाकाव्यसम्म विस्तृत रहेको देखिन्छ ।

काव्य रचना गर्दा विभिन्न वर्णहरूलाई केही अन्तरालसाथ एक दुई या अनेक पटक दोहोऱ्याउनुलाई वर्णविन्यास वक्रता भनिन्छ । यसरी वर्णविन्यासको आवृत्तिद्वारा उत्पन्न गरिने सौन्दर्य नै वर्णविन्यास वक्रता हो (कुन्तक, २०१२ : १७०) । वर्णविन्यास वक्रतालाई अन्य आचार्यहरूले अनुप्रासको रूपमा स्विकारेको पाइन्छ ।

कुन्तकका अनुसार एक वर्णको आवृत्ति, दुई वर्णको आवृत्ति र अनेक वर्णको आवृत्ति नै वर्णविन्यास वक्रताको भेद निर्धारणका आधार हुन् । उनले सकार, मकार तथा ङ वर्गका वर्णहरूको आवृत्तिलाई वर्गान्त स्पर्श वर्णविन्यास वक्रता मानेका छन् । यसमा ङकार आदिसित संयुक्त रूपमा आवृत्ति हुने वर्णहरू पर्दछन् । यसको पटक पटक आवृत्ति हुनु नै वर्णविन्यास वक्रताको पहिलो प्रकार हो । तकार, लकार, नकार आदि वर्ण द्वित्व भई दुई चोटि उच्चारण र पटकपटक आवृत्ति हुने प्रक्रिया दोस्रो वणविन्यास वक्रता हो । यी दुवैभन्दा भिन्न शेष व्यञ्जन र रेफ मिलेर प्रकट हुने आवृत्ति हुने संयुक्त वर्णविन्यास वक्रताको तेस्रो प्रकार हो (कुन्तक, २०१२ : १७१) । कुन्तका अनुसार वर्णविन्यास वक्रताका पहलिा तिन प्रकारका लागि व्यवधानयुक्त र व्यवधानमुक्त भेद छुट्याएका छन् । संयुक्त वर्णविन्यास वक्रताका लागि उनले निम्नानुसार भेद दर्साएका छन् :

**पहिलो प्रकार** : (वर्गान्त स्पर्श वक्रता) सकार, मकार र पञ्चमवर्णको आवृत्ति हुनु ।

**दोस्रो प्रकार** : त, न, ल वर्णको द्वित्व भई आवृत्ति हुने वक्रता

**तेस्रो प्रकार** : शेष व्यञ्जनवर्णमा आधार अर्थात् रेफ जोडिएर आवृत्ति हुनु (जस्तै : क्र, र्क, ऋ, मृ, सृ आदि) ।

कुन्तकले यमकाभास तथा यमक अलङ्कारलाई समेत वर्णविन्यास वक्रताको भेद मानेका छन् । उनले अनुप्रासको समस्त भेद, वृत्ति, यमक तथा यमकाभास आदिको अन्तर्भावको रूपमा वर्णविन्यास वक्रतालाई मानेको देखिन्छ । कुन्तकको 'वक्रोक्तिजीवतम्'

ग्रन्थको द्वितीय उन्मेष र तृतीय उन्मेषका कारिकाहरूमा वर्णविन्यास वक्रताका भेदहरूका बारेमा चर्चा गरेका छन् । वर्णविन्यास वक्रताका भेदबारे कुन्तकको चर्चालाई आधारमान्दा समष्टिमा वर्णविन्यास वक्रताका छ भेद देखाउन सकिन्छ :

१. एकवर्णविन्यास वक्रता

२. द्विवर्णविन्यास वक्रता

३. बहुवर्णविन्यास वक्रता

४. संयुक्त वर्णविन्यास वक्रता

## १. एकवर्णविन्यास वक्रता

कुनै पनि अभिव्यक्तिमा उही वर्णको एक वा अनेकपटक आवृत्त भई चमत्कार सिर्जना हुन्छ भने त्यसलाई एकवर्णविन्यास वक्रता भनिन्छ । यसका व्यवधानयुक्त र व्यवधानरहित गरी दुईवटा भेद रहेका छन् । ससानो अन्तरालमा उही वर्ण पटकपटक दोहोरिँदा व्यवधानयुक्त एकवर्णविन्यास वक्रता हुन्छ (कुन्तक, २०१२ : १६७) । कुनै पनि वर्णहरू विना अवरोध पुनरावृत्त भई भनाइमा चमत्कारिता पैदा हुन्छ भने त्यो व्यवधानमुक्त एकवर्णविन्यास वक्रता हो (कुन्तक, २०१२ : १७८) ।

## २. द्विवर्णविन्यास वक्रता

जुनसुकै रचना वा अभिव्यक्तिमा दुईवटा वर्णको आवृत्तिबाट उत्पन्न हुने सौन्दर्य नै द्विवर्णविन्यास वक्रता हो । यसका पनि व्यवधानयुक्त र व्यवधानमुक्त दुई भेद रहेका छन् कुन्तकले व्यवधानमुक्त द्विवर्णविन्यासका निम्ति ‘सरलतरलतालसिका’ र ‘अग्रेसरा वासरा’ जस्ता उदाहरण दिएका छन् । त्यस्तै व्यवधानमुक्त द्विवर्णविन्यास वक्रताका लागि ‘पायंपायं’, ‘कदलदल’ जस्ता उदाहरण दिएका छन् (कुन्तक, २०१२ : १६९) । यसमा अघिल्लो उदाहरणमा ‘रल’ र ‘सर’ वर्णको व्यवधानका साथ आवृत्ति भएको छ भने पछिल्लोमा ‘य’ र ‘ह’ वर्ण निर्वाध रूपमा दोहोरिई सौन्दर्य सिर्जनामा सक्षम भएका छन् ।

## ३. बहुवर्णविन्यास वक्रता

कुनै पनि रचनामा दोहोरिएर आउने तिन वा सोभन्दा बढी व्यञ्जनको आवृत्तिबाट उत्पन्न हुने उक्तिवैचित्र्यलाई बहुवर्णविन्यास वक्रता भनिन्छ । यसका पनि व्यवधानयुक्त र

व्यवधानमुक्त गरी दुई भेद रहेका छन् । कुन्तक (२०१२ : १६९) ले 'चातमेचकितविर्यात' र 'स्तम्बताम्बुल' जस्ता उदाहरणमा आवृत्ति भएका वर्णहरूमा व्यवधानयुक्त बहुवर्णविन्यास वक्रता र व्यवधानरहित बहुवर्णविन्यास वक्रता प्रस्तुत गरेका छन् ।

### ४. संयुक्त वर्णविन्यास वक्रता

कुनै पनि अभिव्यक्तिमा पञ्चम वर्णसँग आआफ्नो वर्गका वर्णहरूको प्रयोग, तलनादि वर्णको द्वित्व तथा य, व, श, स, ष, ह लगायत क्ष, त्र, ज्ञ जस्ता वर्णसँग रेफको संयोगबाट उत्पन्न हुने उक्तिवैचित्र्यलाई संयुक्तवर्णविन्यास वक्रता भनिन्छ (कुन्तक, २०१२ : १७३) । यस वक्रतामा पनि कुन्तकले वर्गान्तयोगी स्पर्श संयुक्तवर्णविन्यास वक्रता, तलनादि संयुक्तवर्णविन्यास र रकारादि संयुक्तवर्णविन्यास वक्रता गरी तिन भेद देखाएका छन् । उच्चारण प्रक्रियाका आधारमा पञ्चम वर्णसँग जोडिई छोटो अन्तराल वा विना अवरोध आवृत्त हुँदा देखा पर्ने सौन्दर्यलाई स्पर्शी वर्ण भनिन्छ । तलन जस्ता वर्णहरू आफैमा सुमधुर तथा श्रुतिपेशल हुने गर्दछन् भने रकारादिमा रेफ वर्णहरू पर्दछन् ।

### ५. यमक वक्रता

यमकको अर्थ जोडी हो । त्यसैले आकारले एउटै तर अर्थ फरक भएका जोडी वर्ण समूहको आवृत्ति नै यमक वक्रता हो । यस्तो वक्रतामा सार्थक तर भिन्नार्थक अथवा निरर्थक स्वर व्यञ्जनवर्ण समूहको आवृत्तिबाट उक्तिवैचित्र्य प्रकट हुने गर्दछ । कुन्तकको 'वक्रोक्तिजीवितम्'मा यमक वक्रताको उदाहरण दिइएको छैन । यहाँ भण्डारी (२०६८) का अनुसार भीमनिधि तिवारीको कवितांशलाई उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ :

निन्द्रा होला बिउँझन अझै सक्तछन् आश मान
भन्ने कोही जनहरू थिए, क्वै थिए आशमा न
हाँसे जस्तो मुसुमुसु गरी देखियो आसमान
डाके जस्तो हृदय छ खुला हेर उ : 'आ' समान ।

उक्त श्लोकमा विभिन्न ठाउँमा प्रयुक्त आशमान शब्द पहिलोमा 'आश मान वा आशा गर', दोस्रोमा 'आशा नभएको', तेस्रोमा 'आकाश' र चौथोमा 'आएर समा' भन्ने अर्थमा प्रयुक्त भई यमक वक्रताको अर्थ वैचित्र्य प्रकट भएको छ ।

### ६. यमकाभास वक्रता

कुनै पनि अभिव्यक्तिमा स्वर वर्णको विषमता र व्यञ्जन वर्णको समताबाट चमत्कार सिर्जना हुने अवस्थालाई यमकाभास वर्णविन्यास वक्रता भनिन्छ (कुन्तक, २०१२ : १७९) । यमक वक्रताका नियत स्थानमा वर्णस्थापनाको नियम रहेको हुन्छ भने यसमा त्यस्तो नियतस्थान तोकिएको हुँदैन । यसमा आवृत्त हुने व्यञ्जन उनै हुन्छन् तर स्वर वर्णको विषमताबाट अधिकतम चमत्कार देखा पर्दछ ।

वर्णविन्यास वक्रतामा पूर्ववर्ती आचार्यहरूले प्रतिपादन गरेका अनुप्रास, यमक शब्दालङ्कार, प्रसाद माधुर्य आदि गुण वैदर्भी, गौडी, आदि रीति उपनागरिका, पुरुषा आदि वृत्तिहरू र ध्वनिवादीहरूको शब्दचित्र काव्य समाहित गरिएको छ । कुन्तकलाई नै आधार मानेर भन्ने हो भने पनि काव्यको प्रथम आधार वर्ण हो । पूर्वमा जति पनि साहित्य सिद्धान्त स्थापित छन् वर्णमा निहित चमत्कारको फरक फरक वर्णन पाइन्छ । कुन्तकभन्दा अघिल्ला आचार्यहरूले अनुप्रास शब्दालङ्कार वृत्तिको आश्रय लिएर वर्ण चमत्कारको वर्णन गरेको पाइन्छ तर कुन्तकले वर्णगत समस्त सौन्दर्यको सर्वव्यापी वक्रोक्तिको प्रथम अङ्गलाई मानेका छन् । उनले वर्णविन्यास वक्रताअन्तर्गत आफ्नो सिद्धान्त अनुकूल मौलिक रूपमा वर्ण चमत्कारको उद्घाटन गरेका छन् । अतः वर्ण चमत्कार समस्त काव्यभाषामा अपरिहार्य हुन्छ र यसको सुन्दरता र उच्चारणगत लयात्मकताले काव्यशोभाको चरम आनन्द प्रकट गर्ने मात्र नभई भावगत गहिराइलाई समेत विशिष्टता प्रदान गर्ने गर्दछ ।

## २.३ वक्रोक्ति तथा अन्य काव्यसिद्धान्त

वक्रोक्तिसिद्धान्त पूर्वीय काव्यपरम्परामा कुन्तकको एकलवादी मान्यता भए पनि यसको चर्चा परिचर्चा र विशेषता साहित्यका अन्य पक्षसँग पनि पर्याप्त मिलेको देखिन्छ । यसप्रकार यहाँ साहित्यका अन्य पक्ष र वक्रोक्तिबिचको सानिध्यबारे चर्चा गरिएको छ ।

### २.३.१ वक्रोक्ति र रससिद्धान्त

काव्य सौन्दर्यबाट प्राप्त आनन्द र त्यसको आस्वादलाई साहित्यको रस भनिन्छ । यो पदार्थ र आयुर्वेदको रसजस्तो भौतिक नभएर मोक्ष वा भक्तिको रसजस्तो आत्मिक हुन्छ । भौतिक रसको आस्वादन जिब्राले गर्दछ भने साहित्यिक रसको आस्वादन मन वा आत्माले गर्दछ । प्राचीन कालदेखि नै रस शब्दको प्रयोग भए तापनि रस शब्दको शास्त्रीय प्रयोग सर्वप्रथम भरतको नाट्यशास्त्रमा भएको पाइन्छ (शर्मा, २०६७ : ४०-४१) ।

कुन्तकले उचो स्वर गरेर 'सालङ्कारस्य काव्यता' भनेर घोषणा गरे तर पनि उनले रसलाई अनादर गर्न भने सकेनन् । सैद्धान्तिक रूपअनुसार रस र वक्रोक्तिबिच त्यस्तो मौलिक सम्बन्ध त छैन तर सम्पूर्ण रूपमा वक्रोत्तिभित्र रसको स्थान पनि सुरक्षित छ । वामन, भामह जस्ता आचार्यहरूले आनन्दलाई काव्यप्रयोजनमा जोड दिएका छन् तर कुन्तकले आह्लाद शब्दलाई अगाडि सारेका छन् । यस अर्थमा पनि आनन्द शब्दभन्दा आह्लाद शब्द रस नजिक रहेको पाइन्छ (नगेन्द्र, २०१२ : ६३) ।

कुन्तकका अनुसार सबैभन्दा उत्कृष्ट काव्यरूप प्रबन्ध हो र प्रबन्धको प्राणतत्त्व रस हो । ध्वनिसिद्धान्तमै जस्तै वक्रोक्तिसिद्धान्तमा पनि रसलाई वाच्य नमानेर व्यङ्ग्य मानेको पाइन्छ (कुन्तक, २०१२ : ११) ।

वक्रोक्तिसिद्धान्तमा मार्गको विवेचना गर्ने क्रममा रसलाई उचित महत्त्व दिएको पाइन्छ । सुकुमार र विचित्र मार्गमा कुन्तकले रसको चमत्कारबारे वर्णन गरेका छन् । उनले रसका विषयमा भामह, दण्डी तथा उद्भटको परम्परालाई त्यागेर रस धवनिवादीहरूको अनुसरण गरेको पाइन्छ । उनका अनुसार रस अलङ्कार होइन र रससित अलङ्कार शब्द जोड्दा शब्द र अर्थको सङ्गति हुँदैन । तसर्थ रस, अलङ्कार नभएर अलङ्कार्य हो (कुन्तक, २०१२ : ११) ।

वक्रोक्तिसिद्धान्तअनुसार वक्रोक्ति एकप्रकारको उक्ति चमत्कारमात्र नभएर कवि कौशल अर्थात् काव्य कला हो । यस कलाको रचनाका लागि कवि अर्थका अनेक चमत्कार उपयोग गर्ने गर्दछ, यस्ता चमत्कारमा रस पनि अनिवार्य तत्त्व हो । रस

वक्रोक्तिरूपी काव्यकलाको परम तत्त्व हो । काव्यको प्राण तालित्यमय वक्रता हो भने वक्रता समृद्धिको प्रमुख आधार रस हो । वर्णविन्यास वक्रतादेखि प्रकरण वक्रता भित्रको सौन्दर्यलाई आह्लादकारी तुल्याउन रसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले वक्रोक्ति र रसबिच आत्मिक सम्बन्ध रहेको छ ।

### २.३.२ वक्रोक्ति र अलङ्कारसिद्धान्त

अलङ्कारवादी भामह र वक्रोक्तिवादी कुन्तक दुवै भाषा तथा साहित्यमा सौन्दर्य पक्षको वकालतमा उभिएका पूर्वीय आचार्य हुन् । साहित्यमा अलङ्कारवादी सिद्धान्त र वक्रोक्तिवादी सिद्धान्त दुवै वस्तुवादी सिद्धान्त भएकाले सुन्दर भावाभिव्यक्तिको लागि दुवैको अपरिहार्यता रहेको छ । कतिपय विद्वान्ले वक्रोक्ति सम्प्रदायलाई अलङ्कार सम्प्रदायको रूपान्तरको प्रयत्न मानेका छन्, परन्तु अलङ्कारवादी भामह, दण्डी, रुद्रट आदि र वक्रोक्तिवादी कुन्तकका शास्त्रीय मान्यतालाई हेर्दा अलङ्कार र वक्रोक्तिबिच घनिष्ठ सम्बन्धका साथै स्पष्ट भेद पनि रहेको छ ।

पूर्वीय काव्यशास्त्रमा कुन्तक मूलतः देहवादी आचार्य हुन् । उनको सम्बन्ध भामह, दण्डी, वामन आदिसँग घनिष्ट रहेको देखिन्छ । काव्य लक्षणको क्रममा भामहले शब्द र अर्थलाई जोड दिए त्यस्तै वामनले दोषरहित सुन्दर पदावलीलाई काव्य मानेजस्तै कुन्तकको परिभाषा पनि भामह, दण्डी र वामनले बताएको काव्य लक्षणबाट प्रभावित देखिन्छ । कुन्तको काव्य लक्षण परिभाषाको मूल अंश 'शब्दार्थौ सहितौ काव्य' रहेको छ, जुन भामहको मूल परिभाषासँग मिल्न गएको छ (नगेन्द्र, १९७६ : १६०) । परिभाषाको दोस्रो अंश 'वक्रकविव्यापारशालिनी बन्धे व्यवस्थितौ' अर्थात् वक्रतापूर्ण कवि कौशलयुक्त व्यवस्थित रचना नै काव्य हो (कुन्तक, २०१२ : ६) । यो अंश वामनको गुण तथा अलङ्कारले विभूषित भन्ने वाच्यको रूपान्तरण हो (नगेन्द्र, १९७६ : २०) । प्रारम्भमा नै कुन्तकले 'सालङ्कारस्य काव्यता' (कुन्तक, २०१२ : १५) भनेर अलङ्कारलाई वक्रतासिद्धान्तमा स्वीकार गरेका छन् । अलङ्कारवादी र देहवादी समस्त आचार्यहरू अलङ्कारमा नै सम्पूर्ण काव्य कौशल निहित रहेको ठान्दछन् । भामह, दण्डी, वामन आदिले भाषामा अलङ्कार र अलङ्कार्य भेद गरी भामहले साहित्यको सौन्दर्य पक्षलाई

अलङ्कारमा समाहित गरेका छन् । यसकारण अलङ्कारवादी मतको सार अलङ्कार काव्य शोभाको पर्याय हो । कुन्तकले समग्र अलङ्कारलाई वक्रोक्तिको सौन्दर्यमा समाहित गरेका छन् (नगेन्द्र, १९७६ : २६१) । भामह र दण्डीले व्यापक अर्थमा अलङ्कार शब्द प्रयोग गरेका छन् । वामनले पनि अड्कारलाई काव्य सौन्दर्यको पर्याय मानी उक्त शब्दलाई यथावत् ग्रहण गरेका छन् । त्यस्तै कुन्तकले पनि पहिले अलङ्कार शब्दलाई नै स्वीकारे पनि पछि वक्रोक्ति नाम दिएका छन् (नगेन्द्र, १९७६ : २०-२१) । अतः कुन्तकले अलङ्कारवादी मतहरूलाई समन्वय गरेर वृत्ति नामद्वारा सूक्ष्म व्याख्या गरेका छन् ।

अलङ्कार र वक्रोक्तिबिच सम्बन्ध हुँदाहुँदै पनि कतिपय ठाउँमा कुन्तकले पूर्ववत् मतहरूको खण्डन समेत गरेका छन् । अलङ्कार र वक्रोक्तिवादी मान्यताको सम्बन्ध तथा भिन्नता बुझ्नको लागि कुन्तक (२०१२ : १२५-१२६) को धारणा अघि सार्नु सान्दर्भिक हुन्छ ।

(क) तत्त्व रूपमा अलङ्कार र अलङ्कार्यको पृथक सत्ता छैन ।

(ख) काव्यमा शब्द-अर्थका रूपमा अलङ्कार्यसित र वक्रोक्तिरूप अलङ्कारसित सम्बन्धित छ ।

(ग) अलङ्कार कोही बाह्य वस्तु होइन ।

कुन्तकको अवधारणालाई हेर्दा अलङ्कार र वक्रोक्तिबिच कतै अभेद्य सम्बन्ध देखिन्छ भने कतै स्पष्ट भेदसमेत देखिन्छ । उनले वक्रोक्तिलाई काव्यको प्राण र अलङ्कार दुवै मानेका छन् । यी दुवैको दोस्रो मौलिक समानता दुवै सिद्धान्त वस्तुपरक हुनु हो । दुवै सिद्धान्तमा काव्य कौशललाई नै महत्त्व दिइन्छ ।

अलङ्कार सिद्धान्तमा स्वभाव वर्णनलाई प्रायः हेय मानेको पाइन्छ । भामहले त वार्ता मात्रै भनेर स्वाभावोक्तिलाई अकाव्य घोषणा गरे । त्यस्तै दण्डीले पनि आद्य अलङ्कार भनेर उपेक्षा गरे तर यसको विपरित कुन्तकले स्वभाव वर्णनलाई काम्य मान्दै स्वभाव वर्णनलाई प्रकाश पार्नुमा नै अलङ्कारको सार्थकता दर्साए (नगेन्द्र, १९७६ : १६५) ।

वक्रोक्तिका भेदजस्तै अलङ्कारका पनि शब्दालङ्कार र अर्थालङ्कार गरी दुई भेद रहेका छन् । यसमध्ये वर्णविन्यास वक्राता शब्दालङ्कारसित बढी घनिष्ठ रहेको पाइन्छ । वर्णविन्यासमा हुने आवृत्तिगत विशेषताको रूपमा अनुप्रास अलङ्कार र वर्णविन्यास वक्रताको भेद यमक वक्रतालाई शब्दालङ्कारभित्र राखेको पाइन्छ । यसकारण पनि वर्णविन्यास वक्रता र शब्दालङ्कारबिच गहिरो सम्बन्ध हुनाका साथै वक्रोक्ति र अलङ्कार सिद्धान्तबिच पनि अन्तर्निहित सम्बन्ध रहेको छ ।

### २.३.३ वक्रोक्ति र रीतिसिद्धान्त

रीतिवादी चिन्तन वामनबाट सुरु भएर वामनमै समाप्त भएको होइन । रीतिसम्बन्धी चर्चा उनीभन्दा पूर्ववर्ती र परवर्ती आचार्यहरूले प्रशस्त मात्रामा गरेको पाइन्छ । यसको चर्चा कसैले प्रवृत्ति, कसैले मार्ग, कसैले वृत्ति आदिका सन्दर्भबाट गरेका छन् (शर्मा, २०६७ : ७२) ।

रीतिसिद्धान्तअनुसार रीति काव्यको आत्मा हो, तर वक्रोक्तिअनुसार रीति वा पदरचना वक्रताको एक भेद हो । रीतिको लागि कुन्तकले पनि दण्डीको जस्तै मार्ग शब्दको प्रयोग गरेका छन् । कुन्तकले मार्ग शब्दलाई परिभाषा गरेको त पाइँदैन तर उनका अनेक काव्यमा मार्ग शब्दको व्याख्या पाउँन सकिन्छ । कुन्तकका मतमा मार्ग त्यो हो, जुन बाटो प्रस्थान गरेर कविले रचना गर्दछ त्यही मार्ग हो । उनले कवि प्रथान हेतुलाई मार्ग मानेका छन् । वामनका अनुसार शब्द र अर्थले युक्त सुन्दर पदरचना नै रीति हो (नगेन्द्र, १९७६ : १६६) । वामन, दण्डी आदि आचार्यहरूले प्रादेशिक नाम स्वीकार गरे पनि कुन्तकले वामनको वैदर्भी, गौडी र पाञ्चालीका विरुद्ध निम्नानुसार मत पेस गरेका छन् (नगेन्द्र, १९७६ : १७१) :

- काव्यरचना देशधर्मी हुँदैन ।
- काव्यरचनामा मधुर स्वर आदि अनुसार प्रदेश विशेषको भौगलिक प्रभाव हुँदैन ।
- प्रतिभाहीन व्युत्पत्ति, आहार्य आदि गुण पनि प्रदेशजन्य हुँदैन ।

कुन्तकका अनुसार काव्यभेदको वास्तविक आधार नै कवि स्वभाव हो । प्रत्येक कविका आआफ्ना विशिष्ट स्वभाव हुने हुनाले कवि स्वभावका अनेक प्रकार हुन सक्छन् परन्तु सबैलाई समेटेर कवि स्वभावलाई सुकुमार, विचित्र र सामान्य गरी तिन भागमा वर्गीकरण गरिएको छ र तद्नुसार तिनलाई मार्ग नाम दिएको छ । वामनको वैदर्भी रीतिलाई सुकुमार मार्ग, गौडी रीतिलाई विचित्र मार्ग र पाञ्चाली रीतिलाई सामान्य मार्ग नाम दिई वर्गीकरण गरिएको छ (नगेन्द्र, १९७६ : १७२) ।

संस्कृत काव्यशास्त्रमा रीति र वक्रोक्ति दुवैलाई देहवादी सिद्धान्त भनिन्छ । यी मध्ये एकमा अङ्गसंस्थावत् (रीतिको) र दोस्रोमा अलङ्कृत रूप (वक्रोक्ति) लाई नै काव्यको जीवन मानिएको छ । यी दुवै सिद्धान्त वस्तुपरक नै हुन् । वक्रोक्तिले ध्वनि रससिद्धान्तलाई जति रीतिलाई आदर गर्न सकेको त छैन तर पनि दुवै सिद्धान्तको सार भनेको आत्माभिव्यक्तिलाई काव्य मान्नु हो । वक्रोक्तिको जाति व्यापक परिधि रीतिको देखिँदैन । यसकारण परिधीय रूपमा यी दुवैमा भिन्नता समेत रहेको छ (नगेन्द्र, १९७६ : १८८) ।

रीतिसिद्धान्तको मूल मान्यता 'विशिष्ट पदरचना' भएकाले वर्णविन्यास वक्रताको आधार मान्न सकिन्छ । भाषालाई पदको तहमा पुऱ्याउनको लागि वर्णहरूको विशिष्ट वितरण अनिवार्य हुने भएकाले रीतिको सम्बन्ध वर्णविन्यास वक्रतासँग रहेको छ । पदहरूको व्यवस्थालाई नै रीति मानिएको हुँदा वर्णविन्यास वक्रतामा पनि खासकिसिमका वर्ण सजावटबाट उत्पन्न सौन्दर्यको मूल्याङ्कन हुने भएकाले पनि वक्रता तथा वर्णविन्याससँग रीतिको सन्तुलित सम्बन्ध रहेको छ ।

### २.३.४ वक्रोक्ति र गुणसिद्धान्त

कुनै व्यक्ति वा वस्तुमा हुने विशेषता, एक व्यक्ति वा वस्तुलाई अर्कोबाट छुट्याउने भिन्नता विशेषता तथा साहित्यको रसलाई चम्काउने माधुर्य, सुकुमार, ओज, प्रसाद आदि काव्यका विशेषतालाई गुण भनिन्छ (अधिकारी र भट्टराई, २०६१ : ३५९) । पूर्वीय साहित्यमा गुणको चर्चा भरतमुनिदेखि जगन्नाथसम्म चलेको पाइन्छ । अलङ्कारवादी र रीतिवादी विचारकहरूले गुणलाई शब्दार्थमा आश्रित धर्म मानेका छन्

भने रस एवम् ध्वनिवादीहरूले रसमा आश्रित धर्म मानेका छन् । गुणलाई स्पष्ट रूपमा अर्थ्याउने र अलङ्कारबाट अलग्याउने प्रथम आचार्य वामन हुन् । उनले गुणलाई काव्यको शोभाकारक धर्म मानेका छन् । विद्वान्हरूका बिच गुणको सङ्ख्या र भेदबारे प्रशस्त मत मतान्तर रहे पनि काव्यमा ओज प्रसाद र माधुर्य गुण मान्ने वर्गमा भामह, आनन्दवर्धन, मम्मट, हेमचन्द्र, राजशेखर र विश्वनाथको एकमत रहेको पाइन्छ । यी भेदअनुसार मधुर शब्दको भाववाचक संज्ञालाई माधुर्य गुण मानिएको छ । काव्यमा मधुरसँग सम्बद्ध भाव जगाउने गुणलाई माधुर्य गुण मानिन्छ । यसमा पञ्चम वर्णका व्यञ्जन वर्णहरूको संयोग मूर्धन्य व्यञ्जनसँग नभई शेष व्यञ्जनसँग हुने गर्दछ । ओजको तात्पर्य तेज र फूर्ति हो । यसमा प्रथम वर्गका (क च ट प) वर्णहरूको तृतीय व्यञ्जन (ग ज ड ब) तथा द्वितीय ( ख छ ठ फ) व्यञ्जनको चतुर्थ (घ झ ढ भ) व्यञ्जनवर्णसँग योग हुने गर्दछ र प्रसादको तात्पर्य प्रसन्नता, निर्मलता तथा प्रफुल्लता भन्ने हुन्छ । यो गुण वर्णमा आश्रित नभएर सरल पदावलीमा आधारित हुन्छ (शर्मा, २०६७ : २८-२९) ।

रीतिवादी कुन्तकले गुणलाई सामान्य र विशेष गरी दुई भेद गरेका छन् । सामान्य गुणअन्तर्गत औचित्य र सौभाग्य गुण भेद गरेका छन् । त्यस्तै उनले विशेष गुणलाई पनि मार्गका आधारमा जोड्दै माधुर्य, प्रसाद, लावण्य र अभिजात गुणको चर्चा गरेका छन् । उनका अनुसार समासरहित पदहरू भएको सुकुमार मार्गको पहिलो गुण माधुर्य हो । रस तथा वक्रोक्तिका विषयमा अनायासै अभिप्राय व्यक्त गरेर तुरुन्त अर्थ समर्पण गर्ने गुण नै प्रसाद गुण हो । उनले वर्णविन्यासका शोभामा सजिएको सबै सामग्रीबाट सम्पादित बन्ध सौन्दर्यलाई लावण्य गुण मानेका छन् भने छायाजस्तो स्वभाव भएको, श्रुतिकोमल तथा सुखद स्पर्श गर्ने बन्ध सौन्दर्यलाई अभिजात गुण भनेका छन् (कुन्तक, २०१२ : १०४) ।

प्रस्तुत अवधारणाका आधारमा हेर्दा कुन्तकको गुण विवेचना मौलिक प्रतिभाको रूपमा देखिन्छ । उनले नवीन गुणहरू मात्र उत्पादन नगरेर गुणसिद्धान्तलाई समेत संसोधन गरेका छन् । उनले जति मात्रामा वक्रोक्तिरूपी मार्गलाई माया गरेका छन्, त्यत्तिकै वक्रोक्तिमा गुणलाई आदर गरेका छन् ।

### २.३.५ वक्रोक्ति र शैलीविज्ञान

भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय र भाषा एवम् विषयका दृष्टिबाट विचलनयुक्त रचनाकारको विशिष्ट रचनाप्रकार वा अभिव्यक्ति नै शैली हो र शैलीको वैज्ञानिक अध्ययन गर्ने विज्ञानलाई शैलीविज्ञान भनिन्छ (शर्मा, २०६७ : २४२) ।

शैलीविज्ञान आधुनिक कालमा जन्मेहुर्केको शास्त्र भए पनि यसको पुरानो सन्दर्भको अन्वेषण र प्राचीनता पहिल्याउने काम पूर्वीय र पश्चिमेली दुवै थरी अध्येताहरूले गरेका छन् । पूर्वमा यसको प्रारम्भ साहित्यशास्त्रका ज्ञाता चिन्तक भरतबाट भएको हो भन्ने स्थापना अघि सारिएको छ भने पश्चिममा पाश्चात्य काव्यशास्त्रका प्रथम विचारक प्लेटोबाट भएको मान्यता अघि सारिएको छ । भाषाविज्ञानको नवीन शाखाको रूपमा शैलीविज्ञानको उद्भव र विकास आधुनिक कालमा भएको हो । आधुनिक भाषाविज्ञानले सामान्य भाषाभैंm विशिष्ट भाषालाई पनि भाषाको एउटा प्रकार मानेपछि त्यसको व्याख्या विश्लेषण र अध्ययनका निम्ति शैलीविज्ञानको प्रादुर्भाव भएको हो (शर्मा, २०६७ : २४३) ।

साहित्यको माध्यम भाषा हो तर त्यो सामान्य जनबोली र शास्त्र (अर्थशास्त्र, दर्शनशास्त्र) आदिको भाषा नभई विशिष्ट हुनुपर्ने शैलीविज्ञानले ठान्दछ । त्यस विशिष्ट भाषामा नै साहित्यिक शैली प्रकट हुन सक्दछ । कुन्तकको वक्रोक्तिले पनि यसै मतको जिकिर गरेको छ । उनको वक्रोक्तिको परिभाषामा आएको "वैदग्ध्य भङ्गी भणिति" को अभिप्राय नै त्यही हो । स्रष्टाले आफ्नो भाषिक कथनमा हिस्सी वा भङ्गिमा सृजना गर्न सकेन भने त्यो कथन साहित्यिक स्तरमै उक्लन सक्दैन भन्ने दुवै सिद्धान्तको अभिप्राय देखिन्छ । दुवैले विशिष्ट भाषाको अभिव्यक्तिमा कलात्मक संवेग वा सौन्दर्य कहाँकहाँ छ त्यो देखाउने काम गर्दछन् । वक्रोक्तिसिद्धान्त स्थापनाको समयमा आधुनिक भाषाविज्ञानको विकास भएको त थिएन तर वक्रोक्ति स्थापना पूर्वका सिद्धान्त र विचारकहरूको प्रभाव भने कुन्तकमा परेको देखिन्छ । फलस्वरूप उनले आधुनिक शैलीविज्ञानसम्मत सिद्धान्त प्रतिपादन गर्न सफल भए । प्रस्तुत सन्दर्भमा कुन्तकले

वक्रोक्तिका छ भेदमध्ये अघिल्ला चार भेदमा भाषिक सन्दर्भ र पछिल्ला दुई भेदमा साहित्यको कला सन्दर्भ नै प्रस्तुत गरेको देखिन्छ (पौडेल, २०६८ : ६१२-१३) ।

शैलीवैज्ञानिक अध्ययन प्रविधि र वर्णविन्यास वक्रता अध्ययन पद्धतिबिच पनि घनिष्ठ सम्बन्ध रहेको छ । भाषावादी सिद्धान्तको रूपमा रहेको शैलीविज्ञानमा भाषाको संरचना, बनोट र अग्रभूमीकरण साधनद्वारा शैली पुष्टि गर्ने गरिन्छ । यस अन्तर्गत अग्रभुमीकरण विचलन र समानान्तरताको विश्लेषण हुने गर्दछ । वर्णविन्यास वक्रता र शैलीवैज्ञानिक समानान्तरता दुवै पर्याय भएकाले यहाँ समानान्तरताबारे चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

**२.३.५.१ समानान्तरता**

विचलनका विपरीत देखा पर्ने उपकरण समानान्तरता हो । विचलन अनियमितता हो भने समानान्तरताचाहिँ अतिरिक्त नियमितता हो । समानान्तरता निरुद्देश्य नभएर सोद्देश्य हुनुपर्छ । साहित्यिक कृतिमा समानान्तरता कुनै भाषिक लक्षण वा पुनरावृत्तिको नियमितताको रूपमा देखापर्छ । यो आन्तरिक र बाह्य गरी दुई प्रकारको हुन्छ (शर्मा, २०६७ : २५२) ।

**(क) बाह्य समानान्तरता**

एक वा एकभन्दा बढी ध्वनि, वर्ण, रूप, शब्द, पदावली आदिको आवृत्तिलाई बाह्य समानान्तरता भनिन्छ । यो स्थूल प्रकृतिको हुन्छ । यो समानान्तरता अभिव्यक्तिगत शब्द वैचित्र्य वा शब्दालङ्कारका रूपमा समेत देखापर्दछ ।

**(ख) आन्तरिक समानान्तरता**

भावार्थ र वाच्यार्थको आवृत्तिगत समानता नै आन्तरिक समानान्तरता हो । यो आर्थी तहमा अन्तर्निहित हुने गर्दछ ।

प्रस्तुत सन्दर्भमा वक्रोक्ति र शैलीविज्ञान दुवै भाषावादी तथा वस्तुवादी सिद्धान्त हुन् । दुवैले विशिष्ट भाषा तथा काव्य भाषालाई अध्ययनको विषय बनाउने हुनाले यी दुवै सिद्धान्तबिच वस्तुनिष्ठ सम्बन्ध रहेको छ । यसका अतिरिक्त वर्णविन्यास वक्रताका भेदमा

जस्तै शैली वैज्ञानिक समानान्तरतामा पनि वर्णहरूको आवृत्तिमूलक शैलीलाई महत्त्व दिइनुले पनि वक्रता र शैलीविज्ञानबिच कसिलो सम्बन्ध रहेको छ ।

### २.३.६ वक्रोक्ति र सङ्गीत

सङ्गीत तत्सम शब्द हो । 'गीत' शब्दमा 'सम्' उपसर्ग लागेर बनेको सङ्गीतको अर्थ लय र ताल मिलेको मधुर गायन तथा वाद्यवादन, गायन र नृत्यको संयोजन वा ताल मिलेको राग वा धुन भन्ने हुन्छ (अधिकारी र भट्टराई, २०६१ : १३८३) ।

व्यापक अर्थमा भन्ने हो भने सङ्गीतले कविता, गीत, गजल आदि पद्यकाव्यमा प्रयोग हुने लय, अनुप्रास आदिलाई र प्रकृति तथा मानव जीवनसँग सम्बन्धित अनेकौ क्रियाकलापलाई पनि समेट्ने गर्दछ (बराल, २०६४ : ७३) ।

सङ्गीत लय, अनुप्रास, छन्द आदिको संयोजनद्वारा उत्पादन हुने भएकाले यी सामग्रहिरूको चर्चाबाट मात्रै सङ्गीत र वक्रताको सम्बन्ध हेर्न सकिने भएकाले यहाँ तिनै विषयको सामान्य चर्चा गरिएको छ ।

#### २.३.६.१ लय

लय संस्कृत शब्द हो । 'ली' धातुमा 'अच्' प्रत्यय लागेर बनेको यस शब्दले गीत, कविता आदि गाउँदा हुने स्वरको उतार, चढाव तथा आरोह अवरोहलाई जनाउँछ (अधिकारी र भट्टराई, २०६१ : १२१४) ।

लय कान तथा आँखा दुवैसँग सम्बन्धित हुने गर्दछ । यसले सङ्गीत, कविता र नृत्यसँग पनि बलियो सम्बन्ध स्थापित गरेको छ । नृत्यमा यसको सम्बन्ध गति वा चालसँग, दृश्यात्मक कलामा वस्तु वा आकारसँग र कविताका सन्दर्भमा भने गति अक्षर (ह्रस्व, दीर्घ) को समानुपातिक नाप अनि बलाघातसँग हुन्छ । पद्यकरणको सन्दर्भमा लयको सन्दर्भ समय र गतिसँग हुन्छ । अर्को शब्दमा भन्दा लय गतिको नियन्त्रित तथा नापिएको प्रवाह हो । यसको सन्दर्भ भाषाको वार्णिक चरित्र, अक्षरको सङ्ख्या पढ्दा त्यसमा लाग्ने समय र तिनीहरूको सुरमा आधारित हुन्छ । यो क्रमिक रूपमा र संयमित तथा व्यवस्थित हुन्छ (बराल, २०६४ : ७५-७६) ।

लय कविताको साङ्गितीक तत्त्व भएकाले यसमा सङ्गीतको आरोह अवरोहको स्थिति रहेको हुन्छ । कवितामा रहेको लयलाई बिम्ब, अलङ्कार, समानान्तरता र अनुप्रासका विभिन्न भेदहरूले उत्कर्षमा पुऱ्याएका हुन्छन् ।

लय र वक्रता दुवै सौन्दर्यका पर्याय छन् । लय तथा सौन्दर्य उत्पादनका लागि साधनका रूपमा प्रयोग हुने भाषिक वर्णहरू कठोर र कोमल प्रकृतिका हुन्छन् । यिनीनहरूको उचित संयोजन गर्न सकेमा मात्र लय प्रभावी हुने हुनाले कवितामा लय र वर्णविन्यास वक्रताको सम्बन्ध स्थापित भएको पाइन्छ ।

### २.६.३.२ अनुप्रास

कविता, गीत तथा गजलमा लयको जस्तै अनुप्रासको पनि महत्त्वपूर्ण भूमिका रहने गर्दछ । पङ्क्तिपङ्क्तिबिच वा एउटै पक्तिभित्र पर्ने अनुप्रास वा दोहोरिएको उही वर्ण तथा पदावली नै अनुप्रास हो । अनुप्रास एकाक्षरी र अनेकाक्षरी किसिमका हुन्छन् । सैद्धान्तिक रूपमा भन्दा एकाक्षरी अनुप्रास भन्दा द्विअक्षरी, द्विअक्षरीभन्दा त्रिअक्षरी अनुप्रास बढी सङ्गीत सिर्जना गर्ने गर्दछन् (बराल, २०६४ : ७७) ।

वर्ण तथा पदहरूको समान आवृत्तिका आधारमा अनुप्रासलाई छेकानुप्रास, श्रुत्यानुप्रास, लाटानुप्रास, अन्त्यानुप्रास आदि प्रकारमा छुट्याएको पाइन्छ । यसर्थ वर्णविन्यास वक्रताको एकवर्णविन्यास, द्विवर्णविन्यास, बहुवर्णविन्यास आदि भेदमा हुने समान आवृत्तिगत सौन्दर्यलाई अनुप्रासले प्रभावित गरेको हुन्छ । अतः वक्रताको सौन्दर्य पक्षमा मलजल गरी श्रुतिरमणीयता र सङ्गीत सिर्जना गर्न अनुप्रासले महत्त्वपूर्ण भूमिका खेल्ने हुनाले अनुप्रास वर्णवक्रतादेखि प्रकरण वक्रतासम्म वक्रताको सङ्गीत वैचित्र्यको रूपमा रहेको हुन्छ ।

# अध्याय तिन

# शोधविधि र अध्ययन प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा

प्रस्तुत शोधकार्य सम्पन्न गर्नको लागि शोधप्रश्न र त्यससँग सम्बन्धित उद्देश्यअनुसार सामग्री सङ्कलन गरी अध्ययन गरिएको छ । कुन्तकको 'वक्रोक्तिजीवितम्' ग्रन्थलाई मुख्य आधार बनाइ 'गौरी' खण्डकाव्यमा प्रयुक्त कवितांशलाई शोध उद्देश्यअनुसार विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययन वस्तुगत सिद्धान्तमा आधारित भएर पनि यसलाई अझ विश्वसनीय बनाउनका लागि, जनसङ्ख्या छनोट, नमुना सामग्री तथा तथ्याङ्क विश्लेषणका लागि सोद्देश्यमूलक नमुना छनोट विधि प्रयोग गरी चयनीय कवितालाई तालिकीकरणद्वारा प्रस्तुत अध्ययनको प्रारूप तयार पारिएको छ ।

## ३.२ जनसङ्ख्या

प्रस्तुत अध्ययन विश्लेषणको लागि कवि माधवप्रसाद घिमिरेको 'गौरी' खण्डकाव्यलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

## ३.३ प्रतिनिधि नमुना छनोट

अध्ययनको समय सीमा, आयाम, आर्थिक समस्या जस्ता विविध कारणले गर्दा सम्पूर्ण 'गौरी' खण्डकाव्यलाई समेटेर अध्ययन गर्न असम्भव देखियो । यसर्थ प्रस्तुत अध्ययनका लागि 'गौरी' खण्डकाव्यका प्रत्येक सर्गबाट २/२ वटा श्लोकलाई चयन गरी जम्मा २२ श्लोकलाई प्रतिनिधि नमुना छनोटको रूपमा उपयोग गरिएको छ ।

## ३.४ सामग्री सङ्कलनका स्रोत

प्रस्तुत शीर्षकको शोधकार्य मूलतः प्रायोगिक प्रकृतिको छ । पूर्वीय साहित्यका विविध सिद्धान्तहरूमध्ये वक्रोक्तिसिद्धान्तमा आधारित भई यो शोधकार्य गरिएको छ । यस अध्ययनका लागि आवश्यक सामग्री पुस्तकालयमै पाइने हुनाले पुस्तकालयीय कार्यलाई

सामग्री सङ्कलनको मूल स्रोत बनाइएको छ । अध्ययनमा प्रयुक्त सामग्रीलाई प्राथमिक र द्वितीयक सामग्रीको रूपमा प्रस्तुत गरिएको छ :

### ३.४.१ प्राथमिक स्रोत

प्रस्तुत अध्यनयका लागि 'गौरी' खण्डकाव्यमा रहेका जम्मा ११ वटा सर्गबाट यादृच्छिक नमुना विधि प्रयोग गरी प्रत्येक सर्गबाट छनोट गरिएका जम्मा २२ वटा श्लोकलाई प्राथमिक सामग्रीको रूपमा लिएको छ । यसका साथै अध्ययनलाई प्रभावकारी बनाउन विभिन्न व्यक्ति तथा विज्ञबाट लिएका सुझाव तथा सल्लाहलाई समेत प्राथमिक सामग्रीको रूपमा उपयोग गरिएको छ ।

### ३.४.२ द्वितीयक स्रोत

'वक्रोक्तिजीवितम्'का प्रायोगिक र सैद्धान्तिक नेपाली, हिन्दी तथा सँस्कृत भाषाका सामग्रीहरू, वक्रोक्तिसित सम्बन्धित लेख, रचना, पत्रपत्रिका, समालोचना, विभिन्न विद्वान्हरूद्वारा लेखिएका वक्रोक्तिसम्बन्धी पुस्तक, शोधपत्र, शोधप्रबन्ध तथा घिमिरेको 'गौरी' खण्डकाव्य आदि पुस्तकालयीय सामग्रीलाई द्वितीयक सामग्रीको रूपमा उपयोग गरिएको छ ।

## ३.५ सामग्री सङ्कलन प्रक्रिया

प्रस्तुत अध्ययनमा 'गौरी' खण्डकाव्यभित्रका जम्मा २२ श्लोकलाई मूल सामग्रीको रूपमा उपयोग गरिएको छ । यसक्रममा उद्देश्य एक, दुई र तिनका लागि चयनीय श्लोकलाई व्यवधानमुक्त र व्यवधानयुक्त भेदका आधारमा तालिकीकरण गरी व्यवधानमुक्त र व्यवधानयुक्त वर्णहरूको आवृत्ति देखाइएको छ र त्यसैको आधारमा कवितात्मक शैलीशिल्पसँग पनि विश्लेषण गरिएको छ । यस क्रममा बहुवर्णविन्यास वक्रताको व्यवधानमुक्त भेद चयनीय कवितामा नदेखिएकाले व्यवधानयुक्त भेदलाई मात्र तालिकीकरण गरी विश्लेषण गरिएको छ । उद्देश्य चारका लागि वर्गान्तयोगी, तलनादि र रकारादि भेदको तालिकीकरण गरी विश्लेषण गरिएको छ ।

## ३.६ अध्ययनको आधार

प्रस्तुत अध्ययनको सैद्धान्तिक आधार आचार्य कुन्तकद्वारा प्रतिपादित वक्रोक्तिसिद्धान्त रहेको छ । यस सिद्धान्तका वर्णविन्यास वक्रता, पदपूर्वार्द्ध वक्रता, पदपरार्ध वक्रता, वाक्य वक्रता, प्रकरण वक्रता र प्रबन्ध वक्रता गरी ६ भेद रहेका छन् । यी भेदमध्ये पहिलो भेद वर्णविन्यास वक्रता हो । यसर्थ यस अध्ययनमा विवेच्य कृतिमा प्रयुक्त एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता र संयुक्त वर्णविन्यास वक्रतालाई छुट्टाछुट्टै परिच्छेद बनाई तालिकीकरण गरिएको छ र त्यसका आधारमा एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास र बहुवर्णविन्यास वक्रतालाई व्यवधानुयुक्तता र व्यवधानरहितताका आधारमा छुट्याई त्यसको सौन्दर्यको विश्लेषण गरिएको छ । संयुक्त वर्णविन्यासअन्तर्गत पञ्चम वर्णसँग जोडिने त, ल, न, रकारका विभिन्न प्रयोग र यसबाट उत्पन्न हुने उक्तिवैचित्र्यको निरूपण गरी निष्कर्षमा पुगिएको छ ।

## ३.७ सामग्री विश्लेषणको ढाँचा

प्रस्तुत अध्ययनको सामाधेय समस्या विश्लेषणका लागि निम्नानुसारको ढाँचा तय गरिएको छ :

१. एकवर्णविन्यास वक्रता

(क) परिचय

(ख) व्यवधानयुक्त एकवर्णविन्यास वक्रता

(ग) अव्यवधानयुक्त एकवर्णविन्यास वक्रता

(घ) निष्कर्ष

२. द्विवर्णविन्यास वक्रता

(क) परिचय

(ख) व्यवधानयुक्त द्विवर्णविन्यास वक्रता

(ग) अव्यवधानयुक्त द्विवर्णविन्यास वक्रता

(घ) निष्कर्ष

३. बहुवर्णविन्यास वक्रता

(क) परिचय

(ख) व्यवधानयुक्त बहुवर्णविन्यास वक्रता

(ग) अव्यवधानयुक्त बहुवर्णविन्यास वक्रता

(घ) निष्कर्ष

४. संयुक्त वर्णविन्यास वक्रता

(क) परिचय

(ख) वर्गान्तयोगी स्पर्श संयुक्त वर्णविन्यास वक्रता

(ग) तलनादि संयुक्त वर्णविन्यास वक्रता

(घ) रकारादि संयुक्त वर्णविन्यास वक्रता

(ङ) निष्कर्ष

## अध्याय चार

# गौरी खण्डकाव्यका कवितामा एकवर्णविन्यास वक्रता

## ४.१ परिचय

प्रस्तुत अध्ययन 'गौरी' खण्डकाव्यका कवितामा एक वर्णहरूको आवृत्तिको स्थिति र काव्यात्मक भाषिक वैचित्र्यको निरूपण गर्ने दिशामा केन्द्रित रहेको छ । यसका लागि 'गौरी' खण्डकाव्यमा रहेका एघारवटा विश्रामबाट एकवर्णविन्यास वक्रता छनोटका लागि निर्धारित विश्रामअनुसार तालिकीकरण गरिएको छ । प्रत्येक विश्रामबाट दुईदुईवटा श्लोक लिई तिनलाई तालिकामा व्यवधानयुक्त एकवर्णविन्यास वक्रता र व्यवधानमुक्त एकवर्णविन्यास वक्रता गरी छुट्याइएको छ । साक्ष्यअनुसार शब्दादि, शब्दमध्य र शब्दान्तमा देखा परेका एकवर्णविन्यासका आधारमा व्यवधानयुक्त र व्यवधानमुक्त वर्णविन्यास सौन्दर्यको निरूपण गरिएको छ । यस क्रममा खण्डकाव्यमा प्रयुक्त एक वर्णविन्यास वक्रतालाई भाषिक शिल्पसौन्दर्यका आधारमा पनि निरूपण गरिएको छ । यस आधारमा यस खण्डमा कावितामा प्रयुक्त एकवर्णविन्यास वक्रतालाई तालिकीकरणका माध्यमबाट पहिचान गरी व्यवधानयुक्त एकवर्णविन्यास वक्रता, व्यवधानमुक्त एकवर्णविन्यास वक्रता र तिनको शैलीशिल्पको आधारमा निर्धारित विश्रामहरूको अध्ययन गरिएको छ ।

## ४.२ गौरी खण्डकाव्यमा एकवर्णविन्यास वक्रताको स्थिति

यस खण्डकाव्यका कवितामा एकवर्णविन्यास वक्रताको स्थिति पहिचानका लागि प्रस्तुत पाठलाई विश्राम शीर्षकअनुसार तालिकामा प्रस्तुत गरी सम्बन्धित विश्रामका कवितांशमा प्रयुक्त एकवर्णविन्यास वक्रताको आवृत्तिगत विशेषतालाई प्रस्तुत गरिएको छ :

### १. हे नारायण के भयो ! विश्रामका कवितामा एकवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | बेहानीपख जो उठेर बटुवा चल्छन्, तिमी चल्दिनौ<br>यत्रो खल्बलपूर्ण भूमितलमा खाली तिमी बोल्दिनौ<br>धारामा जल जो भरेर युवती हाँस्छन् तिमी हाँस्तिनौ<br>तिम्रै मात्र भयो र के ? सब जना बाँच्छन् तिमी बाँच्तिनौ | चल्छन्, चल्दिनौ, बोल्दिनौ, हाँस्छन्, हाँस्तिनौ, जना, बाँच्छन्, बाँच्तिनौ - न् ८, तिमी, तिमी, तिमी, तिमी, तिम्रै, भूमितलमा, धारामा - त् ५, म् ७, बेहानीपख, बटुवा, बाँच्छन्, बाँच्तिनौ-ब् ४, भरेर, भूमितलमा, भयो -भ् ३, चल्छन्, चल्दिनौ, खल्बलपूर्ण, भूमितलमा, बोल्दिनौ -ल् ५ | भरेर-र् २ |
| २. | तिम्रो अन्तिमको शिँगार सँगिनी 'कात्रो' कसोरी भनूँ<br>तिम्रो निम्ति दिइन्छ पात्र जुन त्यो 'टिलो' कसोरी भनूँ<br>गाली होइन, किन्तु भन्नु कसरी यो अन्न 'बुर्की' भनी<br>'मुर्दानी' कसरी भनूँ, जुन तिमी मेरी थियौ जीवनी | तिम्रो, तिम्रो, तिमी - त् ३, म् ३, कात्रो, कसोरी, कसोरी, किन्तु, कसरी, कसरी -क् ६, कसोरी, कसोरी, कसरी, कसरी, शिँगार, मेरी -र् ६, भनूँ, भनूँ, भन्नु, भनूँ, भनी -भ् ५, भनूँ, भनूँ, भनूँ, भन्नु, भनी, संगिनी, जुन, होइन, अन्न, मुर्दानी, जुन, जीवनी - न् १२ | भन्नु - न् २<br>अन्न - न् २ |

### २. यौटा सत्य कथा म भन्छु विश्रामका कवितामा एकवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | बेहानीपख सूर्यले शिखरमा सिन्दुर हालेसरि<br>आधारात सितारमा हृदयको | शिखरमा, शहरको - श् २, शिखरमा, सितारमा, दिलमा, धर्तीमै - म् ४, आधारात, आलाप, | संसार - स् २<br>बिर्सेसरि - |

| | | | |
|---|---|---|---|
| | आलाप थालेसरि<br>पैलो पीर्ति छ - फर्किएर दिलमा संसार बिर्सेसिरि<br>धर्तीमै अमरावती शहरको आनन्द सिर्जेसरि | आनन्द -आ ३, सिन्दुर, हालेसरि, थालेसरि, फर्किएर, संसार, बिर्सेसरि, सिर्जेसरि -र् ७, आधारात, अमरावती, पीर्ति- त् ३, सूर्यले, सिन्दुर, सितारमा, संसार, सिर्जेसरि, - स् ५ | स् २ |
| २. | छोरी भेट्न भनेर कान्तिपुरमा आमा स्वयं आइथिन्<br>हुङ्कारीकन कामधेनु वनको बाटो गरी आइथिन्<br>सम्झी तीज तिहार भाइ बहिनी, पाहाडका छाहरी<br>निस्किन् प्रीतमको निमित्त घरमा राखेर पानी भरी | छोरी, भनेर, गरी, तिहार, गरी, राखेर, भरेर - र् ७, आइथिन, भेट्न, हुङ्कारीकन, कामधेनु, आइथिन, बहिनी, निस्किन, पानी - न् ८, पाहाडका, प्रीतमको, पानी -प् ३, आइथिन, आइथिन, आमा - आ ३, कान्तिपुरमा, हुङ्कारीकन, घरमा - र् ३, पाहाडका, तिहार, बहिनी, छाहारी - ह् ४ | निमित्त - त् २ |

## ३. बिर्सी बिर्सिसकिन्न विश्रामका कवितामा एकवर्णविन्यास वक्रता

| **श्लोक** | **पाठ/साक्ष्य** | **व्यवधान** | **अव्यवधान** |
|---|---|---|---|
| १. | लीला माइतका भुलेर घरका धन्दा तिमीले गऱ्यौ<br>आमाको ममता भुलेर कसरी माया मलाई गऱ्यौ<br>छातीबाट झिकेर प्राणसरिका छोरी मलाई दियौ<br>हेरी आखिर घाटबाट रसिला | माइतका, घरका, आमाको, प्राणसरिका -क् ४, माइतका, ममता, माया, मलाई, मलाई, ममा-म् ६, भुलेर, भुलेर, कसरी, झिकेर, छोरी, हेरी, आखिर - र् ७, भुलेर, भुलेर, मलाइ, मलाइ, चिम्लियौ - ल् ५, तिमीले, | लीला - ल् २<br>ममता - म् २<br>ममा - म् २ |

| | | | |
|---|---|---|---|
| | आँखा ममा चिम्लियौ | आमाको, ममता, चिम्लियौ - म् ४, कसरी, प्राणसरिका, रसिला - स् ३, आमा, आखिर, आँखा - आ ३ | |
| २. | मैले सोधिनँ, अन्त्यकाल कुनमा धोको अडेको थियो<br>मैले रोइनँ, प्राण जान कतिको बाधा परेको थियो<br>हेरे टुल्टुलु खालि, दीन मुखमा हेरीरहकी थियौ<br>हेरी आखिर घाटबाट रसिला आँखा ममा चिम्लियौ | मैले, अन्त्यकाल, मैले, टुल्टुलु, खालि, सरिला - ल् ६, धोको, अडेको, कतिको, परेको, हेरिरहेकी - क् ५, सोधिनँ, जान, दीन, रोइनँ - न् ४, मैले, मैले, मुखमा, ममा - म् ४, थियो, थियो, थियौ, चिम्लियौ - य् ४ | ममा -म् २ |

## ४. लाऊ अञ्जुली तीन बार जलको विश्राममा एक वर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | लाऊ अञ्जुलि तीन बार जलको, खाएर जाऊ सखी !<br>यौटा फूल चुँडेर दिन्छु दिलको लाएर जाऊ सखी !<br>आँशू आज पुछेर दुःख सब यो बिर्सेर जाऊ सखी !<br>मान्छेको घर अन्धकार छ भनी सम्झेर जाऊ सखी ! | जाऊ, जाऊ, जाऊ, जाऊ, जाऊ - ऊ ५, जलको, जाऊ, जाऊ, जाऊ, जाऊ - ज् ५, सम्झेर, सखी, सखी, सखी, सखी, दुःख, - स् ५, ख् ५, बार, खाएर, चुँडेर, लाएर, पुछेर, बिर्सेर, घर, अन्धकार, सम्झेर - र् ९, जलको, दिलको, मान्छेको - क ३ | |
| २. | हाँस्यौ, प्यार गर्‍यौ, बिगार | हाँस्यौ, गर्‍यौ, कैल्यै, यो, गरिसक्यौ - य् ५, प्यार, बिगार, | |

| | | | |
|---|---|---|---|
| | गरिनौ कैल्यै कसैको यहाँ<br>यो चारै दिनमा पनि गरिसक्यौ जो गर्नुपर्ने यहाँ<br>केहि बाँकी भए म गर्छु सँगिनी ! ज्यूदै छु आधा अब<br>तिम्रो खेल समाप्त भो सब, तिमी विश्राम लेऊ अब | चारै - र् ३, गऱ्यौ, गरिनौ, गरिसक्यौ, गर्नुपर्ने, गर्छु - ग् ५, कैल्यै, कसैको, केही, - क् ३, अब, अब, सब - ब् ३, दिनमा, तिम्रो, तिमी, विश्राम - म् ४ | |

## ५. मेरी लच्छिनकी जहान ! विश्रामका कवितामा एकवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | कोठामा कसरी पसूँ, नजरकी श्रृङ्गार छैनौ तिमी<br>यत्रो शोक कहुँ कहाँ, हृदयकी आधार छैनौ तिमी<br>कोठामा अघि भर्खरतक थियौ बोलीरहेकी तिमी<br>ए छैनौ कसरी भनूँ ! हृदयमा खेलीरहेकी तिमी | तिमी, तिमी, तिमी, तिमी, कोठामा, कोठामा, हृदयमा - म् ७, नजरकी, शोक, हृदयकी, भर्खरैतक, बोलीरहेकी, खेलीरहेकी - क् ६, कसरी, श्रृङ्गार, आधार, कसरी - र् ४, तिमी, तिमी, तिमी, तिमी - त् ४ | |
| २. | कोठाका सब मालतालहरूमा तिम्रो कला बोल्दथ्यो<br>मेरो भावुक काव्यको लहरमा तिम्रो गला बोल्दथ्यो<br>तिम्रो यो घरकाज विश्वभरको दृष्टान्त मेरो थियो | मालतालहरूमा, तिम्रो, लहरमा, तिम्रो, तिम्रो, तिमी - म् ६, त् ४, बोल्दथ्यो, बोल्दथ्यो, गऱ्यौ, यो, थियो, थियो - य् ६, लहरमा, मालतालहरूमा, घरकाज, विश्वभरको - र् ४, मालतालहरूमा, बोल्दथ्यो, | |

| | | | |
|---|---|---|---|
| | जो गऱ्यौ सजिलै तिमी, असजिलो सिद्धान्त मेरो थियो | बोल्दथ्यो - ल् ४, गला, कला, असजिलो, सजिलै - ल् ४ | |

## ६. हिँड्दै छौ कि बस्यौ कतै ! विश्रामका कवितामा एकवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | फर्कन्छन् वन शैलबाट बचरा सम्झेर पन्छीहरू<br>फर्कन्छन् परबाट प्यार घरको सम्झेर यात्रीहरू<br>हे रानी ! अझ फर्किनौ किन यहाँ अल्प्यौ अँध्यारातिर<br>हेर्छे झ्यालमहा बसेर टुहुरी यो शान्ति धारातिर | फर्कन्छन्, वन, फर्कन्छन्, रानी, फर्किनौ, किन - न् ६, बचरा, सम्झेर, यात्रीहरू, अँध्यारातिर, बसेर, टुहुरी, धारातिर - र् ७, फर्कन्छन्, फर्कन्छन्, फर्किन्नौ - फ् ३ | |
| २. | हिँड्दै छौ कि बस्यौ कतै, मुलुक त्यो कस्तो छ, यस्तै छ कि<br>त्यो छायामय लोकबाट कहिल्यै यो लोक देखिन्छ कि<br>छन् तिम्रा मुखमा अझै बिफरका बुट्टा कि कस्ती भयौ<br>स्वप्नामा जुन आँउछ्यौ, भन त्यही सम्झू कि भिन्नै भयौ | कि, कि, कि, कि, कि, मुलुक, बिफरक - क् ७, बस्यो, त्यो, त्यो, छायामय, कहिल्यै, भयौ, आउँछ्यौ, भयौ - य् ८, कतै, कस्ती, यस्तो, यस्तै - त् ४, कतै, कस्ती, कहिल्यै, कहिल्यै - क् ४ | बुट्टा - ट् २<br>भिन्नै - न् २ |

## ७. हाम्रो भेट हुँदैन हो कि कहिल्यै ! विश्रामका कवितामा एकवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | नेपाली हरिया पहाड वनका यी घामछायाहरू<br>हामी दम्पत्ति, शान्ति कलिला, यी मोह-मायाहरू<br>यो संयोग जुटाउने कुन थियो कल्ले बिगाऱ्यो अनि<br>हाम्रो भेट हुँदैन हो कि सँगिनी ! धिक्कार कैल्यै पनि | कान्ति, कलिला, कुन, कल्ले, कि, कैल्यै - क् ६, जुटाउने, कुन, अनि, हुँदैन, सँगिनी, पनि -न् ६, हरिया, हामी, हाम्रो, हुँदैन - ह् ४, हरिया, यी, यी, यो, थियो, बिगाऱ्यो, कैल्यै - य् ७ | कलिला - ल् २<br>कल्ले - ल् २<br>धिक्कार - क् २ |
| २. | मर्ने मानिस फर्किदैन कहिल्यै भेटिन्न भेटिन्न रे<br>पर्दा लाग्दछ यो महामरणको उल्टिन्न उल्टिन्न रे<br>यो कस्तो कुन निष्ठुरी नियम हो, के हुन्छ फेरे पनि<br>हाम्रो भेट हुँदैन हो कि सँगिनी धिक्कार कैल्यै पनि | मर्ने, फर्किदैन, भेटिन्न, भेटिन्न, उल्टिन्न, उल्टिन्न, कुन, पनि, हुँदैन, सँगिनी, पनि - न् ११, भेटिन्न, भेटिन्न, भेट - भ् ३, मर्ने, मानिस, महामरणको - म् ३, कहिल्यै, कस्तो, कुन, कि, कैल्यै - क् ५, कहिल्यै, उल्टिन्न, उल्टिन्न, कैल्यै - ल् ४, रे, रे, निष्ठुरी, फेरे, धिक्कार - र् ५ | भेटिन्न - न् २<br>भेटिन्न - न् २<br>उल्टिन्न - न् २<br>उल्टिन्न - न् २<br>धिक्कार - क् २ |

## ८. मेरा रोकिय आँसु विश्रामका कवितामा एकवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | सम्झायो जति चित्त दुख्छ उति नै सम्झाइ के गर्दछ्यौ<br>मेरो जो हुनु भैइसक्यो अब दया देखाइ के गर्दछ्यौ<br>केही भन्नु मलाई मित्र ! छ भने आएर रोऊ बरु<br>लागेको दिलभित्र घाउ छ भने सम्झेर जाऊ बरु | सम्झायो, सम्झाइ, सम्झेर - स् ३, मेरो, मलाई, मित्र, - म् ३, दुख्छ, दया, देखाइ, दिलभित्र - द् ४, भन्नु, भैइसक्यो, भने, भने - भ् ४, जति, चित्त, उति - त् ३, हुनु, भन्नु, भने, भने, - न् ४, मेरो, आएर, बरु, बरु, सम्झेर - र् ५ | चित्त - त् २<br>भन्नु -न् २ |
| २. | छातीमा कुन दूर देशतिरको आई बिलौना बस्यो<br>क्यै गर्ने मन छैन, खालि रुनको धोको मलाई बस्यो<br>कोठाभित्र लुकेर बस्छु - उनको छाया परेथ्यो यहीँ<br>छातीभित्र ढुकेर बस्छु - उनका माया बसेथ्यो यहीँ | बिलौना, बस्यो, बस्यो, बस्छु, बस्छु, बसेथ्यो - ब् ६, मन, मलाई, माया - म् ३, छातीमा, छैन, छाया, छातीभित्र- छ् ४, कुन, गर्ने मन, छैन - न् ४, देशतिरको, रुनको, धोको, उनको, उनको - क् ५, बस्यो, क्यै, बस्यो, छाया, परेथ्यो, माया, बसेथ्यो - य् ७, दूर, कोठाभित्र, छातीभित्र, लुकेर, - र् ५, रुनको, उनको, उनको - न् ३, छातीमा, देशतिरको, छातीभित्र - त् ३, बस्छु, बस्छु, बसेथ्यो, बस्यो, बस्यो - स् ५, बिलौना, मलाई - ल् २ | |

## ९. लाऊँ लाउँ र खाउँ खाउँ वयमै विश्रामका कवितामा एकवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | 'यो टाढा परदेशबाट घरमा चाँडै तिमी जाउली<br>डोऱ्याईकन शान्ति, कान्ति सुखले बा' लाई देखाउली<br>पाहाडी चिडिया उडी रहरको पाहाडमै जाउली'<br>भन्दैमा सखि ! गैइसक्यौ, अब कहाँ के गर्न हे पाउली | परदेशबाट, पाहाडी, पाहाडमै, पाउली - प् ४, घरमा, तिमी, पाहाडमै, भन्दैमा - म् ४, जाउली, सुखले, देखाउली, जाउली, पाउली - ल् ५, चाँडै, पाहाडी, उडी, - ड् ३, शान्ति, कान्ति, भन्दैमा - न् ३, जाउली, देखाउली, जाउली, पाउली - उ ४ | |
| २. | लक्ष्मी भै धनधान्यपूर्ण घरमा बस्नै तिमी पाइनौ<br>हुर्काईकन लालबाल सुखले जानै तिमी पाइनौ<br>लाऊँ लाउँ र खाउँ खाउँ वयमै आफू कसोरी गयौ<br>बन्दैमा कति हाइ हाइ सबकी, सारा रुलाई गयौ | लक्ष्मी, घरमा, तिमी, तिमी, वयमै, बन्दैमा -म् ६, बस्नै, पाइनौ, हुर्काईकन, जानै, पाइनौ -न् ५, सुखले, सबकी, सारा, - स् ३, हुर्काईकन, हाइ, हाइ - ह् ३, लाऊँ, लाउँ, खाउँ, खाउँ - उ ४, हाइ, हाइ, रुलाई - इ ३ | लालबाल - ल् २ |

## १०. रोई आउँछ रे असार महिना विश्रामका कवितामा एकवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | आए बादल गर्जिएर गिरिमा, लागे अँध्यारा दिन | गर्जिएर, गिरिमा, गइन - ग् ३, दिन, दर्शन, दूरबाट - द् ३, | पाइन्न - न् २ |

| | | | |
|---|---|---|---|
| | छाया पर्दछ दूरबाट, छविको पाइन्न है दर्शन<br>कालो निष्ठुर यो असार, यसमै रोएर मेरी गइन्<br>यी खोला कसरी तरिन्, घनघाटा उल्टी कसोरी गइन् | गर्जिएर, अँध्यारा, निष्ठुर, असार, रोएर, मेरी, कसरी, कसोरी - र् ८, दूरबाट, उल्टी, घनघटा, - ट् ३, दिन, पाइन्न, दर्शन, गइन, तरिन्, इन - न् ६, बादल, कालो, खोला - ल् ३ | |
| २. | ऐलेको निठुरी असार महिना पानी परेको कति<br>दर्कन्छन् जलधार आज जति नै थर्कन्छ छाती उती<br>पन्छीको गुँड भत्किएर रुखमा भिज्दो छ पानीमहाँ<br>एक्ले ढुक्कुर एकलै विरहमा होला बसेको कहाँ ! | पानी, परेको, पन्छीको, पानीमहाँ - प् ४, निठुरी, असार, जलधार, भत्किएर, ढुक्कुर - र् ५, कति, जति, छाती, उति - त् ४, ऐलेको, परेको, पन्छीको, बसेको - क् ४, पानी, दर्कन्छन्, नै - न् ३, दर्कन्छन्, थर्कन्छन्, पन्छीको, पानीमहाँ - न् ४, दर्कन्छन्, थर्कन्छ, एक्ले, ढुक्कुर, एकलै - क् ५ | ढुक्कुर - क् २ |

## ११. मान्छे हो ! यिनलाई प्यार गर है, विश्रामका कवितामा एकवर्णविन्यास

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | यी ऐर पनि दुःख लाग्छ - यिनले सम्झे कि आमा भनि<br>यी हाँसे पनि सुक्ख छैन - यिनले बिर्से नि आमा भनी<br>को हेर्ला अब हर्षसाथ - यिनले हुर्केर खेले पनि | यी, यी, यिनले, यिनले, यिनले, नियले - य् ६, हाँसे, हेर्ला, हर्षसाथ, हुर्केर - ह् ४, पनि, पनि, पनि, पीर, - प् ४, पनि, पनि, पनि, छैन्, मुर्न, भनी, भनी, नि - न् ८, यिनले, यिनले, यिनले, यिनले, खेले, नखेले, हेर्ला - ल् ७, यिनले, | |

| | | | |
|---|---|---|---|
| | फाटी मर्नु छ पीर लाग्छ - यिनले फुर्की नखेले पनि | यिनले, यिनले, यिनले - न् ४ | |
| २. | बेहानै यिनलाई एक चिडिया आएर बोलाउँछिन्<br>बारीमा यिनलाई एक पुतली आएर खेलाउँछिन्<br>छाया एक सँगै रहेर यिनको रक्षा सधैं गर्दछिन्<br>मान्छे हो ! यिनलाई प्यार गर है तारा कुनै हेर्दछिन् | यिनलाई, यिनलाई, यिनलाई, यिनको - य् ४, इ ३, बेहानै, बारीमा, बोलाउँछिन् - ब् ३, आएर, आएर, रहेर, प्यार, तारा - र् ५, बेहानै, बोलाउँछिन्, खेलाउँछिन्, गर्दछिन्, कुनै, हेर्दछिन् - न् ६, एक, एक, एक, यिनको, - क् ४, ए ३, यिनलाई, यिनलाई, यिनलाई - न् ३, ल् ३, बोलाउँछिन्, खेलाउँछिन्, गर्दछिन्, हेर्दछिन् - छ् ४ | |

### ४.२.१ व्यवधानयुक्त एकवर्णविन्यास वक्रता

उपर्युक्त विश्राम (१) को कवितांशमा 'चल्छन्', 'चल्दिनौ', 'बोल्दिनौ', 'हाँस्छन्', 'हास्तिनौ', 'जना', 'बाँस्छन्', 'बाँच्तिनौ', मा 'न्' व्यञ्जनको आवृत्ति शब्दान्तको परिवेशमा ८ पटक 'तिमी', 'तिमी', 'तिमी', 'तिमी', 'तिम्रै', 'भूमितलमा' पदमा 'म' व्यञ्जनको आवृत्ति शब्दान्तको परिवेशमा ७ पटक, त्यस्तै 'तिमी', 'तिमी', 'तिमी', 'तिमी', 'तिम्रै' शब्दादिमा 'त्' वर्णको पुनरागमनले कवितामा लयात्मक सौन्दर्य थपिएको छ । त्यस्तै 'बेहानीपख' 'बटुवा', 'बाँच्छन्', 'बाँच्तिनौ' शब्दको शब्दादिमा 'ब्' वर्णको ४ पटकसम्म र 'चल्छन्', 'चल्दिनौ', 'खल्बलपूर्ण', 'भूमितलमा', 'बोल्दिनौ' शब्दको मध्यमा 'ल्' वर्णको ५ पटकको आवृतिले एकवर्णविन्यासगत चमत्कार सिर्जना भएको छ ।

विश्राम (१) को श्लोक (२) का कवितांशमा 'तिम्रो', 'तिम्रो', 'तिमी' शब्दान्तको परिवेशमा 'त्' वर्ण ३ पटक दोहोरिएको छ भने तिनै शब्दमा 'त' वर्ण शब्दादिको परिवेशमा ३ पटक दोहोरिएको छ । त्यस्तै 'कात्रो', 'कसोरी', 'कसोरी', 'कसरी', 'कसरी',

'शिँगार', 'मेरी' शब्दान्तमा 'र्' वर्ण ६ पटक त्यस्तै 'भनूँ', 'भनूँ', 'भनूँ', 'भन्नु', 'भनी' शब्दादिमा 'भ्' वर्ण ५ पटक र 'भनूँ', 'भनूँ', 'भनूँ', 'भन्नु', 'भनी', 'सँगिनी', 'जुन', 'होइन्', 'अन्न', 'मूर्दानी', 'जुन', 'जीवनी' शब्दका अन्तमा 'न्' वर्ण १२ पटक आवृत्ति हुनुले एकवर्णविन्यासीय सौन्दर्य लालित्यपूर्ण रहेको छ ।

विश्राम (२) का कविताको श्लोक (१) मा 'शिखरमा', 'सितारमा' 'दिलमा', 'धर्तीमै' शब्दको अन्त्यमा 'म्' वर्ण ४ पटक 'सिन्दुर', 'हालेसरि', 'थालेसरि', 'फर्किएर', 'संसार', 'बिर्सेसरि', 'सिर्जेसरि' शब्दान्तमा 'र्' वर्ण ८ पटक त्यस्तै 'आधारात', 'आलाप', 'आनन्द' शब्दादिमा 'आ' स्वरवर्ण ३ पटक, 'सूर्यले', 'सिन्दुर', 'सितारमा', 'संसार', 'सिर्जेसरि' शब्दको सुरुमा 'स्' वर्ण ५ पटक र 'आधारात', 'अमरावती', 'पीर्ति' शब्दको शब्दान्तमा 'त्' वर्णको ३ पटकको पुनरागमनले एकवर्णविन्यास सौन्दर्यप्रस्तुत भएको छ । विश्राम (२) को श्लोक (२) का कवितांशमा 'छोरी', 'भनेर', 'गरी', 'तिहार', 'भरी', 'राखेर', 'भरेर', शब्दान्तमा 'र्' वर्णको ७ पटक आवृत्ति भएको छ । त्यस्तै 'आइथिन', 'भेट्न', 'हुङ्कारीकन', 'कामधेनु', 'आइथिन', 'बहिनी', 'निस्किन', 'पानी' शब्दको शब्दान्तमा 'न्' वर्ण ८ पटक, 'पाहाडका', 'प्रितमको', 'पानी' शब्दको सुरुमा 'प्' वर्ण ३ पटक, 'आइथिन', 'आइथिन', 'आमा' शब्दादिमा 'आ' स्वरवर्ण ३ पटक, 'कान्तिपुरमा', 'घरमा', 'हुङ्कारीकन' शब्दको शब्दमध्यमा 'र्' वर्ण ३ पटक र 'पाहाडका', 'तिहार', 'बहिनी', 'छाहरी' शब्दको शब्दमध्यमा 'ह्' वर्ण ४ पटक पुनरावृत्त भई भाषिक अभिव्यक्तिको वर्णविन्यासजन्य सौन्दर्य निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

विश्राम (३) को साक्ष्य (१) का कवितांशमा 'माइतका', 'घरका', 'आमाको', 'प्राणसरिका' जस्ता पदावलीमा 'क' वर्ण निश्चित व्यवधानका साथ ४ पटक दोहरिएको छ । 'माइतका', 'ममता', 'माया', 'मलाई', 'ममा' पदाववलीमा 'म्' वर्ण शब्दादिमा ५ पटक दोहोरिएको छ । 'भुलेर', 'भुलेर', 'कसरी', 'झिकेर', 'छोरी', 'हेरी', 'आखिर' शब्दमा 'र्' वर्ण निश्चित व्यवधानका साथ ७ पटक आवृत्त भएको छ । 'भुलेर', 'भुलेर', 'मलाइ', 'मलाइ', 'चिम्लियौ' पदावलीको मध्यमा 'ल्' वर्ण ५ पटक, 'तिमीले', 'आमाको', 'ममता', 'चिम्लियौ' जस्ता पदावलीमा 'म्' व्यञ्जनवर्ण शब्दको बिचमा ४ पटक दोहोरिएको छ

भने 'कसरी', 'प्राणसरिका', 'रसिला' जस्ता पदावलीमा 'स्' वर्ण ३ पटक र 'आमा', 'आखिर', 'आँखा' जस्ता पदावलीमा 'आ' स्वरवर्णको आवृत्तिले वर्णविन्यास सौन्दर्य थपिएको छ । साक्ष्य (२) का कवितांशमा 'मैले', 'अन्त्यकाल', 'मैले', 'टुल्टुल', 'खालि', 'रसिला' जस्ता पदावलीका अन्तमा 'ल्' वर्ण ६ पटक, 'धोको', 'उसको', 'कतिको', 'परेको', 'हेरिरहेकी' पदावलीमा 'क्' वर्ण ५ पटक 'सोधिनँ', 'जान', 'दीन', 'रोइनँ' पदावलीमा 'न्' वर्ण ४ पटक, त्यस्तै 'मैले', 'मैले', 'मुखमा', 'ममा', 'म्' वर्ण शब्दादिमा ४ पटक र 'थियो', 'थियो', 'थियौं', 'चिम्लियौं' पदावलीको अन्तमा 'म्' वर्णको ४ पटकको पुनरागमनले एक वर्णविन्यास चमत्कार सिर्जना भएको छ ।

विश्राम (४) को साक्ष्य (१) का कवितांशमा 'जाऊ', 'जाऊ', 'जाऊ', 'जाऊ' पदावलीमा 'ऊ' स्वरवर्ण शब्दान्तमा ५ पटक र 'ज्' व्यञ्जनवर्ण शब्दादिमा ५ पटक दोहोरिएर स्वल्पान्तरका साथ सौन्दर्य थपिएको छ । 'सम्झेर', 'सखी', 'सखी', 'सखी', 'सखी' 'दुःख' शब्दान्तमा 'ख्' व्यञ्जन ५ पटक त्यस्तै 'बार', 'खाएर', 'चुडेँर', 'लाएर', 'पुछेर', 'बिर्सेर', 'घर', 'अन्धकार', 'सम्झेर' शब्दको शब्दान्तमा 'र्' वर्ण निश्चित व्यवधानका साथ ९ पटक र 'जलको', 'दिलको', 'मान्छेको', शब्दमा 'क्' वर्णको ३ पटक आवृत्ति भई वर्णविन्यास सौन्दर्य झल्केको छ । विश्राम (४) को साक्ष्य (२) मा 'हाँस्यौं', 'गर्‍यौं', 'कैल्यै', 'यो', 'गरिसक्यौं' शब्दको अन्तमा 'य्' वर्ण ५ पटक 'प्यार', 'बिगार', 'चारै' पदावलीमा 'र्' वर्ण शब्दान्तमा ३ पटक 'गर्‍यौं', 'गरिनौं', 'गरिसक्यौं', 'गर्नुपर्ने', 'गर्छु' शब्दको सुरुमा 'ग्' व्यञ्जन ५ पटक दोहोरिएको छ । त्यस्तै 'कैल्यै', 'कसैले', 'केही' शब्दमा 'क्' वर्ण ३ पटक 'अब', 'अब', 'सब' शब्दमा 'ब्' वर्ण ३ पटक र 'दिनमा', 'तिम्रो', 'तिमी', 'विश्राम' शब्दको अन्तमा 'म्' व्यञ्जन ४ पटक दोहोरिएर वर्णविन्यास सौन्दर्य थपिएको छ ।

विश्राम (५) को साक्ष्य (१) का कवितांशमा 'तिमी', 'तिमी', 'तिमी', 'तिमी', 'कोठामा', 'कोठामा', 'हृदयमा', शब्दको अन्तमा 'म्' व्यञ्जनवर्ण ७ पटक दोहोरिएको छ । 'नजरकी', 'शोक', 'हृदयकी', 'भर्खरैतक', 'बोलीरहेकी', 'खेलीरहेकी,' शब्दको शब्दादिमा 'क्' वर्ण ६ पटक 'कसरी', 'श्रृङ्गार', 'आधार', 'कसरी', शब्दको अन्तमा 'र्' वर्ण ४ पटक

र 'तिमी', 'तिमी', 'तिमी', 'तिमी' शब्दको सुरुमा 'त्' वर्ण ४ पटक पुनरागमन भएर वर्णविन्यास सौन्दर्य झल्केको छ । विश्राम (४) को साक्ष्य (२) का कवितांशमा 'मालतालहरूमा', 'तिम्रो', 'लहरमा', 'तिम्रो', 'तिम्रो', 'तिमी' पदावलीको अन्त्यमा 'म्' व्यञ्जन ६ पटक, 'बोल्दथ्यो', 'बोल्दथ्यो', 'गर्थ्यो', 'यो', 'थियो', 'थियो', शब्दको अन्त्यमा 'य्' वर्ण ६ पटक पुनरावृत्त भएको छ । त्यस्तै 'मालतालहरूमा', 'घरकाज', 'विश्वभर', 'लहरमा' शब्दका बिचमा 'र्' वर्ण ४ पटक पुनरावृत्त भई लयात्मक सौन्दर्य थपिएको छ भने 'मालतालहरूमा', 'बोल्दथ्यो', 'बोल्दथ्यो', शब्दको बिचमा 'ल्' वर्ण ३ पटक र 'गला', 'कला', 'असजिलो', 'सजिलै' शब्दको अन्तमा 'ल्' वर्ण ४ पटक पुनरागमन भई एकवर्णविन्यास सौन्दर्य मुस्कुराएको छ ।

विश्राम (६) को साक्ष्य (१) कवितांशमा 'फर्कन्छन्', 'बन', 'फर्कन्छन्', 'रानी', 'फर्किनौ', 'किन' शब्दका शब्दान्तमा 'न्' वर्ण ६ पटक दोहोरिएर कवितामा लयात्मक सौन्दर्य थपिएको छ । त्यस्तै 'बचरा', 'सम्झेर', 'यात्रीहरू', 'अँध्यारातिर', 'बसेर', 'टुहुरी', 'धारातिर' शब्दको शब्दान्तमा 'र्' वर्ण निश्चित व्यवधानका साथ ७ पटक पुनरागमन भएको छ भने 'फर्कन्छन्', 'फर्कन्छन्', 'फर्किनौ' शब्दको सुरुमा 'फ्' व्यञ्जनर्ण निश्चित व्यवधानका साथ ३ पटक पुनरागमन भएको छ ।

विश्राम (६) को साक्ष्य (२) का कवितांशमा 'कि', 'कि', 'कि', 'कि', 'कि', 'मुलुक', बिफरका जस्ता पदावलीमा 'क्' व्यञ्जन ७ पटक आवृत्त भएको छ । त्यस्तै 'त्यो', 'त्यो', 'बस्यौ', 'छायामा', 'कहिल्यै', 'भयौ', 'आउँछ्यौ', 'भयौ' जस्ता शब्दको अन्त्यमा 'य्' व्यञ्जन निश्चित व्यवधानका साथ ८ पटक 'कतै', 'कस्ती', 'यस्तै', 'यस्तो', पदावलीको पदान्तमा 'त्' वर्ण ४ पटक र 'कतै', 'कस्ती', 'कहिल्यै', जस्ता शब्दको सुरुमा 'क्' व्यञ्जन ४ पटक पुनरागमन भई वर्णविन्यास सौन्दर्यप्रदान गरेको छ ।

विश्राम (७) का साक्ष्य (१) का कवितांशमा 'कान्ति', 'कलिला', 'कुन', 'कल्ले', 'कि', 'कैल्यै' शब्दको सुरुमा 'क्' वर्ण निश्चित व्यवधानका साथ ६ पटक दोहोरिएको छ । 'जुटाउने', 'कुन', 'हुँदैन', 'सँगिनी', 'पनि' पदावलीको पदान्तमा 'न्' वर्ण ६ पटक 'हरिया', 'हामी', 'हाम्रो', 'हुँदैन' शब्दमा 'ह्' वर्ण ४ पटक, 'हरिया', 'यी', 'यी', 'यो', 'थियो',

'बिगाऱ्यो', 'कल्यै' जस्ता पदमा 'य्' वर्ण निश्चित व्यवधान साथ ७ पटक पुनरागमन भई उक्ति सौन्दर्य उत्पन्न भएको छ । साक्ष्य (२) का कवितांशमा 'मर्ने', 'फर्किँदैन', 'भेटिन्न', 'उल्टिन्न', 'उल्टिन्न', 'कुन', 'पनि', 'हुँदैन', 'सँगिनी', 'पनि' जस्ता पदावलीको अन्त्यमा 'न्' वर्ण निश्चित व्यवधानका साथ ११ पटक दोहोरिएर लयात्मक उक्ति वैचित्र्य सिर्जना भएको छ । त्यस्तै 'भेटिन्न', 'भेटिन्न', 'भेट' शब्दको शुरुमा 'भ्' वर्ण ३ पटक, 'मर्ने', 'मानिस', 'महामरणको' शब्दमा 'म्' वर्ण ३ पटक, 'कहिल्यै', 'कस्तो', 'कुन', 'कि', 'कैल्यै' शब्दमा 'क्' वर्ण ५ पटक, 'कहिल्यै', 'उल्टिन्न', 'उल्टिन्न', 'कैल्यै', जस्ता पदावलीको बिचमा 'ल्' वर्ण ४ पटक 'रे', 'रे', 'निष्ठुरी', 'फेरे', 'धिक्कार' जस्ता पदावलीमा 'र्' वर्ण ५ पटक दोहोरिएर एकवर्णविन्यास सौन्दर्य झल्केको छ ।

विश्राम (८) को साक्ष्य (१) का कवितांशमा 'सम्झयो', 'सम्झाइ', 'सम्झेर' पदावलीको पदादिमा 'स्' वर्ण ३ पटक, 'मेरो', 'मलाई', 'मित्र', शब्दमा 'म्' व्यञ्जन ३ पटक 'दुख्छ', 'दया', 'देखाइ', 'दिलभित्र' शब्ददको सुरुमा 'द्' वर्ण ४ पटक, त्यस्तै 'भन्नु', 'भैइसक्यो', 'भने', 'भने' शब्दमा 'भ्' व्यञ्जन ४ पटक, 'जति', 'चित्त', 'उति', शब्दमा 'त्' व्यञ्जन ३ पटक त्यस्तै 'हुनु', 'भने', 'भन्नु', 'भने' पदावलीमा 'न्' व्यञ्जन ४ पटक र 'मेरो', 'आएर', 'बरु', 'बरु', 'सम्झेर' जस्ता पदावलीको पदान्तमा 'न्' वर्ण निश्चित व्यवधानका सथा ५ पटक पुनरावृत्त भई चमत्कार सिर्जना भएको छ । साक्ष्य (२) का काविताांशमा 'बिलौना', 'बस्यो', 'बस्यो', 'बस्छु', 'बसेथ्यो' जस्ता पदावलीको पदादिमा 'ब' वर्ण ५ पटक, 'मन', 'मलाई', 'माया', पदावलीको पदादिमा 'म्' वर्ण ३ पटक, 'छातीमा', 'छैन', 'छाया', 'छातीभित्र', शब्दको सुरुमा 'छ्' वर्ण ४ पटक, 'कुन', 'गर्ने', 'मन', 'छैन', पदावलीको पदान्तमा 'न्' वर्ण ४ पटक, त्यस्तै देशतिरको 'रुनको', 'धोको', 'उनको', 'उनको', शब्दको र शब्दान्तमा 'क्' वर्ण निश्चित व्यवधानका साथ ५ पटक पुनरावृत्त भई सौन्दर्य सिर्जना गरेको छ । त्यस्तै 'बस्यो', 'क्यै', 'बस्यो', 'छाया', 'परेथ्यो', 'माया', 'बसेथ्यो', शब्दको शब्दान्तमा 'य्' वर्ण ७ पटक, 'दूर', 'कोठाभित्र', 'छातीभित्र', 'लुकेर', 'ढुकेर' शब्दमा 'न्' वर्ण ५ पटक, 'रुनको', 'उनको', 'उनको' शब्दको बिचमा 'न्' र्ण ३ पटक 'छातीमा', 'देशतिरको', 'छातीभित्र' शब्दको बिचमा 'त्' वर्ण ३ पटक, 'बस्छु',

'बस्छु', 'बसेथ्यो', 'बस्यो', 'बस्यो' पदावलीमा 'स्' वर्ण शब्द मध्यमा ५ पटक दोहोरिएर कविता लयात्मक भएको छ ।

विश्राम (९) को साक्ष्य (१) को काविताांशमा 'परदेशबाट', 'पहाडी', 'पाहाडमै', 'पाउली', शब्दको सुरुमा 'प्' वर्ण निश्चित व्यवधानका साथ ४ पटक पुनरागमन भएको छ । 'परमा', 'तिमी', 'पाहाडमै', 'भन्दैमा' शब्दको शब्दान्तमा 'म्' वर्ण ४ पटक, 'जाउली', 'सुखले', 'देखाउली', 'जाउली', 'पाउली' पदावलीको पदान्तमा 'ल्' वर्ण ५ पटक, त्यस्तै 'चाँडै', 'पाहाडी', 'उडी' शब्दमा 'ड्' वर्ण ३ पटक, साथै 'शान्ति', 'कान्ति', 'भन्दैमा' शब्दमा 'न्' वर्ण ३ पटक र 'जाउली', 'पाउली', 'देखाउली', 'जाउली' जस्ता शब्दको बिचमा 'उ' स्वरवर्ण निश्चित व्यवधानका साथ प्रयोग गरिएको छ । साक्ष्य (२) का कविताांशमा 'लक्ष्मी', 'घरमा', 'तिमी', 'तिमी', 'वयमै', 'बन्दैमा', शब्दमा शब्दान्तमा 'म्' वर्ण ६ पटक दोहारिएको छ । त्यस्तै 'बस्नै', 'पाइनौ', 'हुर्काइकन', 'जानै', 'पाइनौ', शब्दको अन्त्यमा 'न्' वर्ण ५ पटक निशिचत व्यवधान साथ प्रयोग भई चमत्कार सिर्जना गरेको छ । 'सुखले', 'सबकी', 'सारा', शब्दको सुरुमा 'स्' वर्ण ३ पटक, 'हुर्काइकन', 'हाइ', 'हाइ', शब्दमा 'ह्' वर्ण ३ पटक दोहोरिएको छ । त्यस्तै 'लाऊ', 'लाउ', 'खाउ', 'खाउ', शब्दमा 'उ' स्वरवर्ण ४ पटक र 'हाइ', 'हाइ', 'रुलाइ', जस्ता पदावलीमा 'इ' स्वरवर्ण ३ पटक पुनरावृत्त भई सौन्दर्य सिर्जना भएको छ ।

विश्राम (१०) को साक्ष्य (१) का कविताांशहरूमा 'गर्जिएर', 'गिरिमा', 'गइन', जस्ता शब्दको सुरुमा 'ग्' व्यञ्जन ३ पटक निश्चित व्यवधानका साथ दोहोरिएर एकवर्णविन्यास चमत्कार सिर्जना गरेको छ । 'दिन', 'दर्शन', 'दूरबाट' शब्दमा 'द्' वर्ण ३ पटक, त्यस्तै 'गर्जिएर', 'अँध्यारा', 'निष्ठुर', 'असार', 'रोएर', 'मेरी', 'कसरी', 'कसोरी' जस्ता शब्दका अन्त्यमा 'र्' वर्ण ८ पटक, 'दूरबाट', 'उल्टी', 'घनघटा' शब्दका अन्त्यमा 'ट्' व्यञ्जन ३ पटक साथै 'दिन', 'पाइन्न', 'दर्शन', 'गइन', 'तरिन', 'गइन', जस्ता पदावलीका अन्त्यमा 'न्' व्यञ्जन ६ पटक दोहोरिएर एकवर्णविन्यास सौन्दर्य सिर्जना गरेको छ । साक्ष्य (२) का कविताांशमा 'पानी', 'परेको', 'पन्छीको', 'पानीमहाँ' जस्ता शब्दको सुरुमा 'प्' व्यञ्जन ४ पटक 'निठुरी', 'असार', 'जलधार', 'भत्किएर', 'ढुक्कुर',

जस्ता शब्दको अन्त्यमा 'र्' व्यञ्जन ५ पटक, 'कति', 'जति', 'छाती', 'उति', पदावलीका अन्त्यमा 'त्' वर्ण ४ पटक, 'ऐलेको', 'परेको', 'पन्छीको', 'बसेको', शब्दको अन्त्यमा 'क्' वर्ण ४ पटक, त्यस्तै 'दर्कन्छन्', 'थर्कन्छ', 'पन्छीको' 'पानीमहाँ' जस्ता शब्दको बिचमा 'न्' व्यञ्जन ४ पटक पुनरावृत्त भई एकवर्णविन्यास सौन्दर्य सिर्जना गरेको छ ।

विश्राम (११) को साक्ष्य (१) का कविताांशमा 'यी', 'यी', 'यिनले', 'यिनले', 'यिनले', 'यिनले' जस्ता पदावलीका अन्त्यमा 'य्' व्यञ्जन ६ पटक दोहोरिएरको छ । त्यस्तै 'हाँसे', 'हेर्ला', 'हर्षसाथ', 'हुर्केर', शब्दको सुरुमा 'ह्' वर्ण ४ पटक, 'पनि', 'पनि', 'पनि', 'पीर', शब्दमा 'प्' वर्ण ४ पटक, 'पनि', 'पनि', 'पनि', 'छैन', 'मर्नु', 'भनी', 'भनी', 'नि' जस्ता पदावलीमा 'न्' वर्ण ८ पटक दोहोरिएको छ । त्यस्तै 'यिनले', 'यिनले', 'यिनले', 'यिनले', 'खेले', 'नखेले', 'हेर्ला', शब्दको शब्दान्तमा 'ल्' वर्ण ७ पटक र 'यिनले', 'यिनले', 'यिनले', 'यिनले', शब्दको बिचमा 'न्' वर्ण ४ पटक पुनरागमन भई वर्णविन्यास सौन्दर्य झल्केको छ । साक्ष्य (२) का कविताांशहरूमा 'यिनलाई', 'यिनलाई', 'यिनलाई', 'यिनको', शब्दमा 'य्' वर्ण ४ पटक, 'बेहानै', 'बारीमा', 'बोलाउँछिन्' शब्दको सुरुमा 'ब्' व्यञ्जन ३ पटक, 'आएर', 'आएर', 'रहेर', 'प्यार', 'तारा', जस्ता शब्दको शब्दान्तमा 'र्' व्यञ्जन ५ पटक त्यस्तै 'बेहानै', 'बोलाउँछिन्', 'खेलाउँछिन्', 'गर्दछिन्', 'हर्दछिन्', 'कुनै', जस्ता पदावलीको पदान्तमा 'न्' व्यञ्जन निश्चित व्यवधान साथ ६ पटक दोहोरिएको छ । त्यस्तै 'एक', 'एक', 'एक', 'यिनको' शब्दको अन्त्यमा 'क्' व्यञ्जन ४ पटक, 'यिनलाई', 'यिनलाई', 'यिनलाई' शब्दको बिचमा 'न्' व्यञ्जन र 'ल्' व्यञ्जन ३/३ पटक दोहोरिएको छ र 'बोलाछिन्', 'खेलाउँछिन्', 'गर्दछिन्', 'हेर्दछिन्' जस्ता पदावलीको बिचमा 'छ' वर्ण निश्चित व्यवधानका साथ ४ पटक पुनरागमन भई वर्णविन्यास सौन्दर्यप्रदान गरेको छ ।

### ४.२.२ अव्यवधानयुक्त एकवर्णविन्यास वक्रता

उपर्युक्त विश्राम (१) कविताांशमा 'भरेर' मा 'र्' व्यञ्जन निर्वाध रूपमा २ पटक दोहोरिएको छ । साथै श्लोक २ मा 'भन्नु' मा 'न्' व्यञ्जन र अन्नमा 'न्' व्यञ्जन २/२ पटक निर्वाध रूपमा दोहोरिएर काव्यात्मक सौन्दर्य बढाएको छ । विश्राम (२) का कविताांशका 'संसार' र 'बिर्सेसरि' शब्दमा 'स्' व्यञ्जन २/२ पटक पुनरावृत्त भई

लयात्मक सौन्दर्य थपिएको छ । त्यस्तै 'निमित्त' मा 'त' वर्ण २ पटक पुनरावृत्त भई काव्यात्मक सौन्दर्य ओझपूर्ण बनेको छ । विश्राम (३) का कवितांशमा 'लीला' मा 'ल्' व्यञ्जन, 'ममतामा' 'म' व्यञ्जन 'ममा' मा 'म्' व्यञ्जन २/२ पटक निर्वाध रूपमा द्वित्व भई अभिव्यक्तिमा चारुता थपिएको छ । विश्राम (६) का कवितांशका 'बुट्टा' मा 'ट्' व्यञ्जन र 'भिन्नै' मा 'न्' व्यञ्जन निर्वाध रूपमा २/२ पटक पुनरावृत्त भई अव्यवधान एकवर्णविन्यासिय चमत्कार सिर्जना भएको छ ।

विश्राम (७) का श्लोकहरूमा 'कलिला' मा 'ल्' व्यञ्जन 'कल्ले' मा 'ल्', 'धिक्कार' मा 'क्', 'भेटिन्न', 'भेटिन्न', 'उल्टिन्न', 'उल्टिन्न' मा 'न्' व्यञ्जन र 'धिक्कार' मा 'क्' व्यञ्जन निर्वाध रूपमा २/२ पटक पुनरागमन भई काव्यात्मक लालित्य बढाएका छन् । त्यस्तै विश्राम (८) का श्लोकहरूमा 'चित्त' मा 'त्' व्यञ्जन र 'भन्नु' मा 'न्' व्यञ्जन बिना व्यवधान २/२ पटक पुनरावृत्त भई लयात्मक सुर थपेका छन् । विश्राम (९) का श्लोकमा 'लालबाल' शब्दमा 'ल्' व्यञ्जन २ पटक द्वित्व भई सौन्दर्य उत्पादन गरेको छ । विश्राम (१०) का श्लोकमा 'पाइन्न' मा 'न्' व्यञ्जन र 'ढुक्कुर' मा 'क्' व्यञ्जनको आवृत्ति २/२ पटक भएको छ । यसरी निर्वाध रूपमा पुनरावृत्त शब्दहरूले कवितात्मक सौन्दर्य बढाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

### ४.२.३ कवितात्मक शैलीशिल्प र एकवर्णविन्यास वक्रता

प्रस्तुत कवितांशहरू कविको पत्नी वियोगमा आधारित भएकाले तालिकामा प्रस्तुत एकवर्णविन्यास सौन्दर्यका लागि दोहोरिएका वर्णहरूले करुण रस सिर्जनामा महत्त्वपूर्ण भूमिका खेलेका छन् । 'तिमी', 'तिम्रो', 'शान्ति', 'कान्ति', 'मलाई', 'माया', 'छोरी', 'हेरी', 'कल्ले', 'कलिला' जस्ता शब्दहरू समासरहित रूपमा प्रयोग भएकाले यी शब्दमा आवृत्त एकवर्णविन्यास वर्णहरूले अभिधात्मक अर्थ प्रदानमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । कवितांशमा प्रयुक्त एकवर्णविन्यासले तुलनात्मक रूपमा अन्त्यानुप्रास सौन्दर्य निर्माणमा भूमिका खेलेको छ भने 'कसोरी', 'कसोरी', 'भनूँ', 'भनूँ' जस्ता पदमा प्रयुक्त वर्णले मध्यानुप्रासको सौन्दर्य बढाएका छन् । कवितांशमा धेरै जसो क्, त्, न्, प्, र्, य्, ल्, स्, ह् वर्णको आवृत्ति भएको हुनाले गुणवादीका अनुसार कोमल वर्ण तथा माधुर्य गुणबर्द्धक

वर्णहरूको बाहुल्य रहेको छ । प्रयुक्त साक्ष्यमध्ये एक वर्णको अनेकपटक आवृत्त वर्णबाट वृत्यानुप्रासीय सौन्दर्य प्रकट भएको छ । सूर्यले शिखरमा सिन्दुर हाल्ने, आधारातमा सितारमा हृदयले आलाप हाल्नु, धर्तीमै अमरावती शहरको आनन्द पाउनु, यौटा दिलको फूल चुँडेर दिन्छु, पर्दा लाग्छ महामरणको, छातीमा कुन दूर देशतिरको आइ बिलौना बस्यो, चिडिया आएर बोलाउँछिन्, निठुरी अषाढ आदि कवितांशमा विभिन्न अलङ्कारका साथ प्रयुक्त वर्णहरूले काव्यात्मक शोभा बढाउनुका साथै अर्थ चमत्कारसमेत सिर्जना गरेका छन् । श्लोकहरूमा बेहानीपख 'कसोरी', 'पीर्ति', 'पाहाड', 'कल्ले', 'कैल्यै', 'क्यै', 'ऐलेको', 'एक्ले' जस्ता शब्दहरू कथ्य तथा बोलचालको भाषा अनुरूप प्रयोग भएकाले यी शब्दमा भाषिक विचलन देखा परे तापनि दोहोरिएका वर्णहरूले कवितामा लयात्मक सौन्दर्य विकासमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । त्यस्तै 'यिनलाइ', 'यिनलाइ', 'यिनको' जस्ता शब्दमा मात्रागत विचलन देखिए तापनि उपर्युक्त शब्दमा प्रयुक्त 'य्' वर्णको पुनरावृत्तिले कवितामा अभिव्यक्तिगत सौन्दर्य बढाएको छ । कवितामा विचलनयुक्त पदका तुलनामा समानान्तर वर्णहरूको प्रयोग अधिकय रहेको छ । 'यिनले', 'भनी', 'पनि', 'खेलाउँछिन्', 'बोलाउँछिन्', 'गयौ', 'पाउली', 'जाउली', 'देखाउली', 'उल्टिन्न', 'भेटिन्न', 'बरु', 'भयौ', 'थियो' शब्द कतै मध्यानुप्रास र कतै अन्त्यनुप्रासको रूपमा प्रयोग भएकाले यी शब्दमा पुनरावृत्त भएका वर्णहरूमा शैलीवैज्ञानिक समानान्तरताको उपस्थिति रहेकाले भावगत सघनताका साथै वर्णसौन्दर्यको चमत्कार देखा परेको छ । यसप्रकार शैलीशिल्पका दृष्टिले उपर्युक्त कवितांशमा मायुर्य गुण, वैदर्भी रीति, छेकानुप्रास, वृत्यानुप्रास, श्रुत्यानुप्रास, अन्त्यानुप्रास, मध्यानुप्रास तथा अनेक अलङ्कार र शार्दुलविक्रिडित शास्त्रीय छन्द तथा करुण रसका साथ एकवर्णविन्यास सहज र स्वाभाविक सौन्दर्य उत्पादनमा एक वा अनेकपटक पुनरावृत्त भएका छन् ।

## ४.३ निष्कर्ष

यस अध्यायमा 'गौरी' खण्डकाव्यका कवितामा प्रयुक्त एक वर्णविन्यास वक्रताको विश्लेषण गरिएको छ । चयनीय कवितांशमा व्यवधानरहित वर्णभन्दा व्यवधान सहित एकवर्णविन्यास वक्रताको प्रयोग अधिक रहेको छ । खण्डकाव्य शोक भावमा केन्द्रित

रहेकाले कवितामा करुणरस अभिवृद्धि गर्ने र विषयवस्तु अनुकूलका वर्णहरूको समुचित प्रयोग गरिएको छ । कविताको अर्थ र लय उत्पादनमा सुकोमल वर्णहरूको प्रयोग रहेको छ । क्, छ्, त्, थ्, य्, र्, ल्, प् जस्ता वर्णहरूको पुनरावृत्ति बढी भएकाले माधुर्य गुण र वैदर्भी रीति अनुकूल वर्ण संयोजन रहेको छ । साथै कवितामा अनुप्रासको उचित संयोजनले कवितालाई सङ्गीतमय बनाएको छ । अन्त्यानुप्रास, वृत्यानुप्रास तथा मध्यानुप्रासमा प्रयुक्त एक वर्णविन्यासले कविताको लयात्मक सौन्दर्य मात्र सिर्जना नगरी अर्थ सौन्दर्यमा समेत भूमिका खेलेको पाइन्छ । अनुप्रासिक रूपमा प्रयुक्त 'कल्ले', 'कैल्यै', 'पनि', 'पनि', 'छोरी', 'हेरी', 'तिम्रो', 'तिमी' जस्ता शब्दमा भावगत सौन्दर्यका साथै बाह्य समानान्तरता कायम रहेको छ ।

# अध्याय पाँच

# गौरी खण्डकाव्यका कवितामा द्विवर्णविन्यास वक्रता

## ५.१ परिचय

प्रस्तुत अध्याय 'गौरी' खण्डकाव्यमा प्रयुक्त कवितामा द्विवर्णगत आवृत्तिको स्थिति र त्यसले काव्यात्मक सौन्दयमा पारेको वैचित्र्यको निरूपणमा केन्द्रित छ । यसका लागि प्रत्येक विश्रामअनुसारका अलग अलग तालिका बनाई तालिकामा उल्लिखित कवितात्मक श्लोकका आधारमा व्यवधानयुक्त र व्यवधानमुक्त द्विवर्णविन्यास वक्रतालाई पहिचान गरी व्यवधान र अव्यवधान वर्णबाट उत्पन्न सौन्दर्यको विश्लेषण गरिएको छ । यस क्रममा द्विवर्णविन्यास वक्रतासँगै कवितात्मक शिल्प सौन्दर्यको समेत निरूपण गरिएको छ । यस अन्तर्गत रीति, गुण, अलङ्कार, रस, अनुप्रासलाई मूल आधार मानी द्विवर्णविन्यास अर्थ सौन्दर्यको समेत विश्लेषण गरिएको छ । यस आधारमा यस परिच्छेदमा द्विवर्णविन्यास वक्रता पहिचानको लागि कवितात्मक पाठअनुसारको अलगअलग तालिका, व्यवधानयुक्त र अव्यवधानयुक्त द्विवर्णविन्यास तथा द्विवर्णविन्यासजन्य शैलीशिल्पको विश्लेषण गरी निर्धारित खण्डकाव्यको अध्ययन गरिएको छ ।

## ५.२ गौरी खण्डकाव्यका कवितामा द्विवर्णविन्यास वक्रताको स्थिति

प्रस्तुत कवितामा द्विवर्णविन्यास वक्रताको स्थिति पहिचानको लागि प्रस्तुत पाठलाई विश्राम शीर्षकअनुसार तालिकामा प्रस्तुत गरी सम्बन्धित विश्रामका कवितामा प्रस्तुत द्विवर्णविन्यास वक्रताको आवृत्तिगत विशेषतालाई प्रस्तुत गरिएको छ ।

**१. हे नारायण के भयो ! विश्राममा द्विवर्णविन्यास वक्रता**

| श्लोक | पाठ/साक्ष्य | व्यवधानयुक्त | अव्यवधान |
|---|---|---|---|
| १. | बेहानीपख जो उठेर बटुवा चल्छन्, तिमी चल्दिनौ<br>यत्रो खल्बलपूर्ण भूमितलमा खाली | चल्छन्, चल्दिनौ - च्ल् २, तिमी, तिमी, तिमी, तिम्रो - त्म् ५, चल्छन्, हाँस्छन्, बाँच्छन् - | |

| | | | |
|---|---|---|---|
| | तिमी बोल्दिनौ<br>धारामा जल जो भरेर युवती हाँस्छन् तिमी हाँस्तिनौ<br>तिम्रै मात्र भयो र के ? सब जना बाँच्छन् तिमी बाँच्तिनौ | छन् ३, बाँच्छन्, बाँच्तिनौ -ब्च् २, हाँस्छन्, हास्तिनौ - ह्स् २, चल्दिनौ, बोल्दिनौ, हाँस्तिनौ, बाँच्तिनै - द्न् २, त्न् २ | |
| २. | तिम्रो अन्तिमको शिँगार सँगिनी ‘कात्रो’ कसोरी भनूँ<br>तिम्रो निम्ति दिइन्छ पात्र जुन त्यो ‘टिलो’ कसोरी भनूँ<br>गाली होइन, किन्तु भन्नु कसरी यो अन्न ‘बुर्की’ भनी<br>‘मुर्दानी’ कसरी भनूँ, जुन तिमी मेरी थियौ जीवनी | तिम्रो, तिम्रो, तिमी, - त्म् ३, कसोरी, कसोरी, कसरी, कसरी - क्स् ४, भनूँ, भनूँ, भनी, भन्नु, भनूँ - भ्न् ५, अन्तिमको, अन्न - अन् २ | |

## २. यौटा सत्य कथा म भन्छ विश्राममा द्विवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | बेहानीपख सूर्यले शिखरमा सिन्दुर हालेसरि<br>आधारात सितारमा हृदयको आलाप थालेसरि<br>पैलो पीर्ति छ - फर्किएर दिलमा संसार बिर्सेसिरि<br>धर्तीमै अमरावती शहरको आनन्द सिर्जेसरि | हालेसरि, थालेसरि, बिर्सेसरि, सिर्जेसरि, संसार - स्र् ५, शिखरमा, सितारमा - र्म् २, पीर्ति, धर्ती, आधारात - र्त् ३, सिन्दुर, आनन्द - न्द् २ | |

| | | | |
|---|---|---|---|
| २. | छोरी भेट्न भनेर कान्तिपुरमा आमा स्वयं आइथिन्<br>हुङ्कारीकन कामधेनु वनको बाटो गरी आइथिन्<br>सम्झी तीज तिहार भाइ बहिनी, पाहाडका छाहरी<br>निस्किन् प्रीतमको निमित्त घरमा राखेर पानी भरी | आइथिन, आइथिन (आइ २, थ्न् २), कान्तिपुरमा, घरमा - र्म् २, तिहार, छाहरी - ह्र् २, हुङ्कारीकन, निस्कन - क्न् २ | |

३. **बिर्सी बिर्सिसकिन्न विश्राममा द्विवर्णविन्यास वक्रता**

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | लीला माइतका भुलेर घरका धन्दा तिमीले गऱ्यौ<br>आमाको ममता भुलेर कसरी माया मलाई गऱ्यौ<br>छातीबाट झिकेर प्राणसरिका छोरी मलाई दियौ<br>हेरी आखिर घाटबाट रसिला आँखा ममा चिम्लियौ | घरका, प्राणसरिका - र्क् २, छातीबाट, घाटबाट - ब्ट् २, मलाई, मलाई - ल्इ २, मलाई, मलाई - म्ल् २, गऱ्यौ, गऱ्यौ - ग्र् २ | टुल्टुलु 'ट्ल्' २ |
| २. | मैले सोधिनँ, अन्त्यकाल कुनमा धोको अडेको थियो<br>मैले रोइनँ, प्राण जान कतिको बाधा परेको थियो<br>हेरे टुल्टुलु खालि, दीन मुखमा हेरीरहकी थियौ | मैले, मैले, - म्ल् २, हेरी, हेरी, हेरीरहेकी - ह्र् ३, थियो, थियो, थियौ थ्य् ३, टुल्टुलु - ट्ल् २, | |

| | | | |
|---|---|---|---|
| | हेरी आखिर घाटबाट रसिला आँखा ममा चिम्लियौ | | |

## ४. लाऊ अञ्जुली तीन बार जलको विश्राममा द्विवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | लाऊ अञ्जुलि तीन बार जलको, खाएर जाऊ सखी !<br>यौटा फूल चुँडेर दिन्छु दिलको लाएर जाऊ सखी !<br>आँशू आज पुछेर दुःख सब यो बिर्सेर जाऊ सखी !<br>मान्छेको घर अन्धकार छ भनी सम्भेर जाऊ सखी ! | जाऊ जाऊ, जाऊ, जाऊ - ज्उ ४, सखी, सखी, सखी, सखी - स्ख् ४, खाएर, लाएर - एर् २, जलको, दिलको - ल्क् २ | |
| २. | हाँस्यौ, प्यार गऱ्यौ, बिगार गरिनौ कैल्यै कसैको यहाँ<br>यो चारै दिनमा पनि गरिसक्यौ जो गर्नुपर्ने यहाँ<br>केहि बाँकी भए म गर्छु सँगिनी ! ज्यूदै छु आधा अब<br>तिम्रो खेल समाप्त भो सब, तिमी विश्राम लेऊ अब | गऱ्यौ, गरिनौ, गरिसक्यौ, गर्नुपर्ने, गर्छु - गर्र ५, तिम्रो, तिमी - त्म् २, यहाँ, यहाँ - यह् २, अब, अब, - अब् २ | |

## ५. मेरी लच्छिनकी जहान ! विश्राममा द्विवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | कोठामा कसरी पसूँ, नजरकी श्रृङ्गार छैनौ तिमी<br>यत्रो शोक कहुँ कहाँ, हृदयकी आधार छैनौ तिमी<br>कोठामा अघि भर्खरतक थियौ बोलीरहेकी तिमी<br>ए छैनौ कसरी भनूँ ! हृदयमा खेलीरहेकी तिमी | तिमी, तिमी, तिमी, तिमी - त्म् ४, छैनौ, छैनौ, छैनौ - छ्न् ३, हृदयकी, हृदयमा - द्य् २, कसरी, कसरी - क्स् २, बोलिरहेकी, खेलिरहेकी - ह्क् २, कोठामा, कोठामा - क्ठ् २ | |
| २. | कोठाका सब मालतालहरूमा तिम्रो कला बोल्दथ्यो<br>मेरो भावुक काव्यको लहरमा तिम्रो गला बोल्दथ्यो<br>तिम्रो यो घरकाज विश्वभरको दृष्टान्त मेरो थियो<br>जो गऱ्यौ सजिलै तिमी, असजिलो सिद्धान्त मेरो थियो | मालतालहरूमा, लहरमा - र्म् २, तिम्रो, तिम्रो, तिम्रो, तिमी - त्म् ४, मेरो, मेरो, मेरो - म्र् ३, बोल्दथ्यो, बोल्दथ्यो, थियो, थियो, गऱ्यौं - थ्य् ५, दृष्टान्त, सिद्धान्त - न्त् २, सजिलै, असजिलो - ज्ल् २ | |

## ६. हिँड्दै छौ कि बस्यौ कतै ! विश्राममा कवितामा द्विवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | फर्कन्छन् वन शैलबाट बचरा सम्झेर पन्छीहरू | फर्कन्छन्, फर्कन्छन् - फ्र् २, छ्न् २, शैलबाट, परबाट - ब्ट् २, सम्झेर, | |

| | | | |
|---|---|---|---|
| | फर्कन्छन् परबाट प्यार घरको सम्झेर यात्रीहरू<br>हे रानी ! अझ फर्किनौ किन यहाँ अल्प्यौ अँध्यारातिर<br>हेर्छे झ्यालमहा बसेर टुहुरी यो शान्ति धारातिर | सम्झेर - स्म् २, झ्र् २, पन्छीहरू, यात्रीहरू - ह्र् २, अँध्यारातिर, धारातिर - त्र् २ | |
| २. | हिँड्दै छौ कि बस्यौ कतै, मुलुक त्यो कस्तो छ, यस्तै छ कि<br>त्यो छायामय लोकबाट कहिल्यै यो लोक देखिन्छ कि<br>छन् तिम्रा मुखमा अझै बिफरका बुट्टा कि कस्ती भयौ<br>स्वप्नामा जुन आउँछ्यौ, भन त्यही सम्झू कि भिन्नै भयौ | छौ-की, छ की- छ्क् २, कस्तो, यस्तै, कस्ती - क्स् २, स्त् ३, लोकबाट, लोक - ल्क् २, भयौ, भयौ - भ्य् २ | |

## ७. हाम्रो भेट हुँदैन हो कि कहिल्यै ! विश्राममा द्विवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | नेपाली हरिया पहाड वनका यी घामछायाहरू<br>हामी दम्पत्ति, शान्ति कलिला, यी मोह-मायाहरू<br>यो संयोग जुटाउने कुन थियो कल्ले बिगाऱ्यो अनि<br>हाम्रो भेट हुँदैन हो कि सँगिनी ! धिक्कार कैल्यै पनि | घाम-छायाहरू मोहमायाहरू - ह्र् २, शान्ति, कान्ति - न्त् २, कलिला, कल्ले, कैल्यै - क्ल् ३, हाम्रो, हामी - ह्म् २ | भेटिन्न<br>भेटिन्न<br>उल्टिन्न<br>उल्टिन्नि 'भ् ट् न्' २ 'उ ल्' २ 'ट् न्' ४ |

| | | | |
|---|---|---|---|
| २. | मर्ने मानिस फर्किदैन कहिल्यै भेटिन्न भेटिन्न रे<br>पर्दा लाग्दछ यो महामरणको उल्टिन्न-उल्टिन्न रे<br>यो कस्तो कुन निष्ठुरी नियम हो, के हुन्छ फेरे पनि<br>हाम्रो भेट हुँदैन हो कि सँगिनी धिक्कार कैल्यै पनि | फर्किदैन, हुँदैन - द्न् २, कहिल्यै, कैल्यै - ल्य् २, भेटिन्न, भेटिन्न रे, उल्टिन्न, उल्टिन्न रे - भ्ट् २, उल् २, ट्न् ४, फर्किदैन, फेरे - फ्र् २ | |

८. **मेरा रोकिय आँसु विश्राममा द्विवर्णविन्यास वक्रता**

| **श्लोक** | **पाठ/साक्ष्य** | **व्यवधान** | **अव्यवधान** |
|---|---|---|---|
| १. | सम्झायो जति चित्त दुख्छ उति नै सम्झाइ के गर्दछ्यौ<br>मेरो जो हुनु भैइसक्यो अब दया देखाइ के गर्दछ्यौ<br>केही भन्नु मलाई मित्र ! छ भने आएर रोऊ बरु<br>लागेको दिलभित्र घाउ छ भने सम्झेर जाऊ बरु | सम्झायो, सम्झाइ, सम्झेर -स्म् ३, भन्नु, भने - भ्न् २, गर्दछ्यौ, गर्दछौ - ग्र् २, द्छ् २, बरु, बरु - ब्र् २ | |
| २. | छातीमा कुन दूर देशतिरको आई बिलौना बस्यो<br>क्यै गर्ने मन छैन, खालि रुनको धोको मलाई बस्यो<br>कोठाभित्र लुकेर बस्छु - उनको | छातीमा, छातीभित्र - छ्त् २, बस्यो, बस्यो, बस्छु, बस्छु, बसेथ्यो - ब्स् ५, यही, यही - य्ह् २, उनको, उनको, रुनको - न्क् ३, | |

| | | | |
|---|---|---|---|
| | छाया परेथ्यो यहीँ<br>छातीभित्र ढुकेर बस्छु - उनका माया बसेथ्यो यहीँ | कोठाभित्र, छातीभित्र - त्र् २, लुकेर, ढुकेर, - क्र् २, परेथ्यो, बसेथ्यो - थ्य् २ | |

## ९. लाऊँ लाउँ र खाउँ खाउँ वयमै विश्राममा कवितामा द्विवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | 'यो टाढा परदेशबाट घरमा चाँडै तिमी जाउली<br>डोऱ्याईकन शान्ति, कान्ति सुखले बा' लाई देखाउली<br>पाहाडी चिडिया उडी रहरको पाहाडमै जाउली'<br>भन्दैमा सखि ! गैइसक्यौ, अब कहाँ के गर्न हे पाउली | जाउली, जाउली, पाउली, देखाउली - उल् ४, शान्ति, कान्ति - न्त् २, पाहाडी, पाहाडमै - प्ह् २ | |
| २. | लक्ष्मी भै धनधान्यपूर्ण घरमा बस्नै तिमी पाइनौ<br>हुर्काईकन लालबाल सुखले जानै तिमी पाइनौ<br>लाऊँ लाउँ र खाउँ खाउँ वयमै आफू कसोरी गयौ<br>बन्दैमा कति हाइ हाइ सबकी, सारा रुलाई गयौ | पाइनौ, पाइनौ - प्इ २, तिमी, तिमी - त्म् २, लाऊँ, लाउँ - ल्उ २, खाउँ, खाउँ - ख्उ २, हाइ, हाइ - ह्इ २, गयौ, गयौ - ग्य् २ | धनधान्यपूर्ण - ध् न् २<br>लाउँ, लाउँ - ल् उ २<br>खाउँ, खाउँ - ख् उ २<br>हाइ, हाइ - ह् इ २ |

## १०. रोई आउँछ रे असार महिना विश्राममा द्विवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | आए बादल गर्जिएर गिरिमा, लागे अँध्यारा दिन<br>छाया पर्दछ दूरबाट, छविको पाइन्न है दर्शन<br>कालो निष्ठुर यो असार, यसमै रोएर मेरी गइन्<br>यी खोला कसरी तरिन्, घनघाटा उल्टी कसोरी गइन् | गर्जिएर, गिरिमा - ग्र् २, कसरी, कसोरी - क्स् २, गइन्, इन् - इन् २, कसरी, असार - स्र् २ | गर्जिएर गिरिमा - ग् र् २ |
| २. | ऐलेको निठुरी असार महिना पानी परेको कति<br>दर्कन्छन् जलधार आज जति नै थर्कन्छ छाती उती<br>पन्छीको गुँड भत्किएर रुखमा भिज्दो छ पानीमहाँ<br>एक्ले ढुक्कुर एकलै विरहमा होला बसेको कहाँ ! | पानी, पानीमहाँ, पन्छीको - प्न् ३, दर्कन्छ, थर्कन्छ -न्छ् २, एक्ले, एकलै - क्ल् २ | |

## ११. मान्छे हो ! यिनलाई प्यार गर है, विश्राममा द्विवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | यी ऐर पनि दुःख लाग्छ - यिनले सम्भे कि आमा भनि | पनि, पनि, पनि, पनि - प्न् ४, लाग्छ, लाग्छ - ग्छ् २, यिनले, यिनले, यिनले, | |

| | | | |
|---|---|---|---|
| | यी हाँसे पनि सुक्ख छैन - यिनले बिर्से नि आमा भनी<br>को हेर्ला अब हर्षसाथ - यिनले हुर्केर खेले पनि<br>फाटी मर्नु छ पीर लाग्छ - यिनले फुर्की नखेले पनि | यिनले - यन् ४, आमा, आमा, - अम् २, भनी, भनी -भन् २, खेले, नखेले - खल् २, हेर्ला, हर्षसाथ - हर् २ | |
| २. | बेहानै यिनलाई एक चिडिया आएर बोलाउँछिन्<br>बारीमा यिनलाई एक पुतली आएर खेलाउँछिन्<br>छाया एक सँगै रहेर यिनको रक्षा सधैं गर्दछिन्<br>मान्छे हो ! यिनलाई प्यार गर है तारा कुनै हेर्दछिन् | एक, एक, एक - एक् ३, आएर, आएर - एर् २, बोलाउँछिन्, खेलाउँछिन्, गर्दछिन्, हेर्दछिन् - छन् ४ | |

### ५.२.१ व्यवधानयुक्त द्विवर्णविन्यास वक्रता

प्रस्तुत तालिकाअनुसार विश्राम (१) को पहिलो श्लोकका कवितांशमा 'तिमी' पद ४ पटक र 'तिम्रो' पद १ पटक दोहोरिएको हुँदा 'त्, म्' वर्णको आवृत्ति स्वल्प व्यवधानका साथ ५ पटक भएको छ । त्यस्तै 'चल्छन्', 'चल्दिनौ' पदमा 'च् ल्' व्यञ्जन २ पटक पुनरावृत्त भएको छ। साथै 'चल्छन्', 'हाँस्छन्', 'बाँस्छन्' शब्दको अन्त्यमा 'छ्, न्' व्यञ्जन ३ पटक, 'हाँस्छन्', 'हाँस्तिनौ' मा 'ह् स्' २ पटक 'चल्दिनौ', 'बोल्दिनौ', 'हाँस्तिनौ', 'बाँच्तिनौ' शब्दमा क्रमशः 'द् न्' र 'त् न्' वर्ण २/२ पटक आवृत्त भई द्विवर्णविन्यास सौन्दर्य झल्केको छ । श्लोक (२) का कवितांशमा 'तिम्रो', 'तिम्रो', 'तिमी', पदमा 'त् म्' वर्ण स्वल्पान्तरका साथ ३ पटक 'कसोरी', 'कसोरी', 'कसरी', 'कसरी' शब्दमा 'क् स्' वर्ण निश्चित व्यवधानसाथ ४ पटक आवृत्त भई अभिव्यक्तिगत सौन्दर्य विकास गरेको छ ।

त्यस्तै 'भनूँ', 'भनूँ', 'भनी', 'भन्नु', 'भनूँ', 'भन' शब्दमा 'भ्, न्' व्यञ्जन ६ पटक र अन्तिमको र 'अन्न' पदमा 'अ, न्' स्वर व्यञ्जन वर्ण २ पटक दोहोरिएर द्विवर्णविन्यासमा सौन्दर्य थपेका छन् ।

विश्राम (२) को पहिलो श्लोकका कवितांशमा 'हालेसरि', 'थालेसरि', 'बिर्सेसरि', 'सिर्जेसरि', 'संसार' शब्दमा 'स्, र्' वर्ण स्वल्पान्तरका साथ ५ पटक दोहोरिएर लयात्मक चमत्कार पैदा गरेको छ । त्यस्तै 'शिखरमा', 'सितारमा' शब्दमा 'र्, म्' वर्ण २ पटक 'पीर्ति', 'धर्ती', 'आधारात' शब्दको अन्तमा 'र्, त्' वर्ण ३ पटक र 'सिन्दुर', 'आनन्द', शब्दमा 'न्, द्' व्यञ्जन १ पटक दोहोरिएर अर्थगत वैचित्र्य प्रस्तुत गरेका छन् । श्लोक (२) का हरफमा 'आइथिन', 'आइथिन', शब्दमा 'आ, इ' २ पटक र 'थ् न्' २ पटक 'कान्तिपुरमा', 'घरमा', शब्दको शब्दान्तमा 'र्, म्' वर्ण २ पटक त्यस्तै 'तिहार', 'छाहारी' मा 'ह्, र्' २ पटक, 'हुङ्कारीकन', 'निस्किन' शब्दको शब्दान्तमा 'क्, न्' वर्ण २ पटक पुनरावृत्त भई द्विवर्णविन्यास उक्ती वैचित्र्य सिर्जना गर्न सफल भएका छन् ।

विश्राम (३) पहिलो श्लोकमा 'घरका', 'प्राणसरिका' पदका पदान्तमा 'र्, क्' वर्ण २ पटक 'छातीबाट', 'घाटबाट' पदको पदान्तमा 'ब्, ट्' २ पटक पुनरावृत्त भएको छ भने 'मलाइ' पद ४ पटक दोहोरिएको हुँदा 'म्, ल्' व्यञ्जनहरू अनेक पटक पुनरावृत्त भई द्विवर्ण सौन्दर्य उत्पन्न भएको छ । श्लोक (२) मा 'मैले' पद २ पटक दोहोरिएको हुँदा यसमा 'म्, ल्' व्यञ्जनवर्ण २ पटक दोहोरिएको छ । 'हेरी', 'हेरी', 'हेरीरहेकी' शब्दमा 'ह्, र्' वर्ण स्वल्पान्तरका साथ ३ पटक भएको आवृत्तिको द्विवर्णविन्यासगत सौन्दर्य अभिवृत्ति भएको छ । 'थियो', 'थियो', 'थियौ' शब्दको प्रयोगबाट 'थ्, य्' व्यञ्जनको ३ पटक र 'टुल्टुलु' शब्दमा 'ट्, ल्' वर्णको २ पटकको आवृत्तिले द्विवर्णविन्यास लय सौन्दर्य समेटेको छ ।

विश्राम (४) को पहिलो श्लोकमा कवितामा 'जाऊ' पद ४ पटक प्रयोग भएकाले 'ज् उ' वर्ण ४ पटक दोहोरिएर द्विवर्णविन्यास सौन्दर्य उत्पन्न भएको छ । 'सखी' पद पनि ४ पटक प्रयोग भएकाले 'स् ख्' वर्णका चारपटक आवृत्ति भई लयात्मक सौन्दर्यसमेत उत्पन्न भएको छ । 'खाएर', 'लाएर' शब्दमा 'ए र्' वर्ण २ पटक 'जलको', 'दिलको'

शब्दमा 'ल् क्' वर्ण स्वल्पान्तरकासाथ पुनरागमन भई उक्ति वैचित्र्य थपिएको छ। श्लोक (२) का कवितांशमा 'गऱ्यौ', 'गरिसक्यौ', 'गरिनौ', 'गर्नुपर्ने', 'गर्छु' जस्ता पदमा 'ग् र्' वर्ण स्वल्पान्तरका साथ ५ पटक दोहोरिएर अभिव्यक्तिगत लयात्मकता सिर्जना गर्न सफल भएका छन् भने 'तिम्रो', 'तिमी' पदमा 'त् म्' वर्ण २ पटक 'यहाँ', 'यहाँ' मा 'य् ह्' २ पटक र अब पद २ पटक दोहोरिएर द्विवर्ण सौन्दर्य प्रकट गरेका छन्।

विश्राम (५) को पहिलो श्लोकमा 'तिमी' पद ५ पटक प्रयोग भएकाले 'त् म्' वर्णहरू निश्चित व्यवधानका साथ ५ पटक पुनरावृत्त भई लयात्मक अनुप्रासमा सौन्दर्य थपेका छन्। त्यस्तै 'छैनौ' पद ३ पटक प्रयोग भई 'छ् न्' वर्णको पुनरावृत्ति भएको छ। साथै 'हृदयकी', 'हृदयमा' पदमा 'ह् र्' २ पटक 'कसरी', 'कसरी', 'क् स्' २ पटक, 'बोलिरहेकी', 'खेलिरहेकी' पदमा 'ह् क्' २ पटक र 'कोठामा', 'कोठामा' पदमा 'क् ठ्' वर्ण २ पटक दोहोरिएर कवितात्मक अर्थ सौन्दर्य बढाएका छन्। त्यस्तै श्लाक (२) मा 'मालतालहरूमा', 'लहरमा' शब्दमा 'र् म्' र्ण २ पटक पुनरावृत्त भएको छ भने तिम्रो पदको प्रयोग ४ पटक भई 'त् म्' वर्णको आवृत्तिगत सौन्दर्य झल्केको छ। 'मेरो' पदको ३ पटकको आवृत्तिले 'म् र्' वर्णको अनुप्रास सौन्दर्य प्रकट भएको छ। त्यस्तै 'बोल्दथ्यो', 'बोल्दथ्यो', 'थियो', 'थियो', 'गर्थ्यौं' पदमा 'थ् य्' वर्णका ५ पटकको आवृत्तिले लयात्मक अनुतान बढाएको छ। 'दृष्टान्त', 'सिद्धान्त' शब्दमा 'न् त्' वर्ण २ पटक, 'सजिलै', 'असजिलो' शब्दमा 'ज् ल्' वर्ण २ पटक आवृत्त भई नाद सौन्दर्य उत्पन्न गरेको छ।

विश्राम (६) को पहिलो श्लोकमा 'फर्कन्छन्' शब्द २ पटक पुनरावृत्त भएकाले 'फ् र्' कर् र् 'छ् न्' वर्ण २/२ पटक पुनरागमन भएको छ। 'शैलबाट', 'परबाट' शब्दमा 'ब् ट्' २ पटक दोहोरिएर द्विवर्णविन्यासगत चारुता प्रदर्शित भएको छ। 'सम्झेर' पद २ चोटि प्रयोग हुँदा 'स् म्' र 'झ् र्' वर्ण २/२ पटक पुनरावृत्त भएको छ भने 'पन्छीहरू', 'यात्रीहरू' मा 'ह् र्' २ पटक 'अध्याँरोतिर', 'धारातिर' जस्ता शब्दमा 'त् र्' वर्ण द्विवर्णविन्यासको रूपमा दोहोरिएका छन्। श्लोक (२) का कवितांशमा 'छौ की', 'छ की' मा 'छ् क्' वर्ण ३ पटक, 'कस्तो', 'यस्तै', 'कस्ती' शब्दमा 'स् त्' वर्ण स्वल्पान्तरका साथ ३ पटक पुनरागमन भई सौन्दर्य थपेका छन्। त्यस्तै 'लोकबाट', 'लोक' शब्दमा 'ल् क्'

शब्द २ पटक, 'भयौ' 'भयौ' मा 'भ् य्' वर्ण २ पटक पुनरावृत्त भई द्विवर्णगत सौन्दर्य प्रदर्शन गरेका छन् ।

विश्राम (७) को श्लोक (१) मा 'घामछायाहरू', 'मोाहमायाहरू' शब्दमा 'ह् र्' वर्ण २ पटक, 'शान्ति', 'कान्ति' शब्दमा 'न् त्' वर्ण २ पटक, 'कलिला', 'कल्यै', 'कल्ले' शब्दमा 'क् ल्' वर्ण ३ पटक, 'हाम्रो', 'हामी' शब्दमा 'ह् म्' वर्ण २ पटक दोहोरिएर कवितंशमा द्विवर्णविन्यास सौन्दर्य तथा चमत्कार सिर्जना भएको छ । त्यस्तै श्लोक (२) मा 'फर्किदैन', 'हुँदैन' मा 'द् न्' वर्ण २ पटक, 'कहिल्यै', 'कैल्यै' मा 'क् ल्' वर्ण २ पटक, 'भेटिन्न', 'भेटिन्न', 'उल्टिन्न', 'उल्टिन्न' मा 'भ् ट्' र 'उ ल्' वर्ण २/२ पटक र 'ट् न्' वर्णहरू निश्चित व्यवधानका साथ दोहोरिएर लयात्मक सौन्दर्य उत्पादन गरेको छ भने 'फर्किदैन' र 'फेरे' शब्दमा 'फ् र्' वर्ण व्यवधानसाथ २ पटक दोहोरिएर उच्चारणगत लय भरेका छन् ।

विश्राम (८) को श्लाक (१) मा 'सम्झायो', 'सम्झाइ', 'सम्झेर' पदमा 'स् म्' वर्णहरू ३ पटक दोहोरिए द्विवर्णविन्यासको विशेषता बढाएका छन् । त्यस्तै 'भन्नु', 'भने' मा 'भ् न्' २ पटक, 'गर्दछ्यौ', 'गर्दछ्यौ' मा 'ग् र्' र 'छ् य्' २/२ पटक र 'बरु', 'बरु' शब्दको 'ब् र्' शब्द निश्चित व्यवधानसाथ २ पटक दोहोरिइ द्विवर्णविन्यास वक्रता स्थापित गरेको छ । त्यस्तै श्लोक (२) मा 'छातीमा', 'छातीभित्र' शब्दमा 'छ् त्' वर्ण २ पटक, 'बस्यो', 'बस्यो', 'बस्छु', 'बसेथ्यो' जस्ता पदमा 'ब् स्' वर्ण अनेक पटक आवृत्त भई द्विवर्णसौन्दर्य सिर्जना भएको छ । त्यस्तै 'यही', 'यही' मा 'य् ह्' २ पटक, 'उनको', 'उनको', 'रुनको' पदमा 'न् क्' २ वर्णहरू ३ पटक 'कोठाभित्र', 'छातीभित्र' शब्दमा 'त् र्' २ पटक, 'लुकेर', 'ढुकेर' मा 'क् र्' तथा 'परथ्यो', 'बसेथ्यो' पदमा 'थ् य्' वर्ण २/२ पटक पुनरावृत्त भई व्यवधानयुक्त द्विवर्णसौन्दर्य झल्केको छ ।

विश्राम (९) को श्लोक (१) मा 'जाउली', 'जाउली', 'पाउली' र 'देखाउली' शब्दमा 'उ ल्' स्वर व्यञ्जन वर्ण स्वल्पान्तरणसाथ अनेक पटक दोहोरिएर द्विवर्ण सौन्दर्य उत्पन्न भएको छ । त्यस्तै 'शान्ति', 'कान्ति' शब्दमा 'न् त्' २ पटक, 'पाहाडी', 'पाहाडमै' शब्दमा 'प् ह्' वर्णहरू निश्चित व्यवधानसाथ दोहोरिइ कवितामा लयात्मक माधुर्य प्रस्तुत गरेका

छन् । त्यस्तै श्लोक (२) मा 'पाइनौ', 'तिमी', 'लाऊ', 'खाउँ', 'हाइ' र 'गऱ्यौ' शब्द २/२ पटक प्रयोग भएकाले कवितामा क्रमशः 'प् इ', 'त् म्', 'ल् उ', 'ख् उ', 'ह् इ' र 'ग् र्' स्वर तथा व्यञ्जन वर्णहरू २/२ पटक दोहोरिएर अर्थ सान्दर्य बढाइ द्विवर्णविन्यासगत सौन्दर्य प्रकट गरेको छ ।

विश्राम (१०) को श्लोक (१) का कवितामा 'गर्जिएर', 'गिरिमा' शब्दमा 'ग् र्' वर्णहरू २ पटक दोहोरिएर कवितालाई सुन्दर बनाउन भूमिका खेलेका छन् । त्यस्तै 'कसरी', 'कसोरी' शब्दमा 'क् स्' वर्णहरू स्वल्पान्तरणसाथ २ पटक दोहोरिएर अभिव्यक्तिमा कोमलता सिर्जना गरेका छन् । त्यस्तै 'गइन' पद २ पटक प्रयोग भएकाले 'इ न्' वर्ण द्विवर्णविन्यासको रूपमा प्रयोग भएका छन् । त्यस्तै श्लोक (२) का कवितामा 'पानी', 'पानीमहाँ', 'पन्छीको' शब्दमा 'प् न्' वर्णहरू ३ पटक दोहोरिएर कवितात्मक वैचित्र्य प्रस्तुत भएको छ । त्यस्तै 'दर्कन्छ', 'थर्कन्छ' शब्दमा 'न् छ्' वर्णहरू २ पटक तथा 'एक्ले', 'एक्लै' शब्दमा 'क् ल्' वर्ण निश्चित व्यवधानका साथ २ पटक दोहोरिएर कवितात्मक सङ्गीत सिर्जना भएको छ ।

विश्राम (११) को श्लोक (१) मा 'यिनलाई' ४ पटक दोहोरिएकाले 'य् न्', 'ल् इ' स्वर व्यञ्जन वर्ण ४ पटक, 'पनि' अव्यय पद ४ पटक दोहोरिएकाले 'प् न्' व्यञ्जननको आवृत्ति ४ पटक, 'लाग्छ' शब्द दोहोरिदा 'ल् ग्' व्यञ्जन २ पटक, 'आमा' शब्द २ पटक दोहारिदा 'भ् न्' व्यञ्जन वर्णको आवृत्ति २ पटक, 'खेले', 'नखेले' मा 'ख् ल्' व्यञ्जन २ पटक, त्यस्तै 'हेर्ला', 'हर्षसाथ' शब्द दोहोरिदा 'ह् र्' व्यञ्जन पनि पुनरावृत्त भई द्विवर्णविन्यास सौन्दर्य प्रकट गरेका छन् । श्लोक (२) मा 'यिनलाई' शब्द ४ पटक दोहोरिदा 'य् न्' व्यञ्जन पनि ४ पटक पुनरावृत्त भई द्विवर्णगत वक्रता सिर्जना भएको छ । त्यस्तै 'एक' पद ३ पटक दोहोरिदा 'ए क्' स्वरव्यञ्जन स्वल्पान्तर व्यवधानसाथ ३ पटक, 'बोलाउँछिन्', 'खेलाउँछिन्', 'गर्दछिन्', 'हेर्दछिन्' शब्दमा स्वल्पव्यवधानसाथ 'छ् न्' व्यञ्जन ४ पटक पुनरागमन भई काव्यात्मक चारुता सिर्जना गरेका छन् ।

### ५.२.२ अव्यवधानयुक्त द्विवर्णविन्यास वक्रता

उपर्युक्त कवितांशहरूमा विश्राम (४) को श्लोक (२) मा 'टुल्टुलु' शब्दमा 'ट् ल्, ट् ल्' व्यञ्जन निर्वाध रूपमा एक पटक आवृत्त भई कवितामा श्रुतिमधुरता सिर्जना गरेको छ । त्यस्तै विश्राम (७) को श्लाके (२) मा 'भटिन्न - भेटिन्न रे' र 'उल्टिन्न - उल्टिन्न रे' पदावली २/२ पटक प्रयोग हुँदा 'भ् ट्' व्यञ्जन २ पटक, 'उ ल्' स्वरव्यञ्जन २ पटक तथा 'ट् न्' व्यञ्जन ४ पटक पुनरागमन भई अभिव्यक्तिगत सौन्दर्यका साथै कवितात्मक सङ्गीतात्मकता सिर्जना गरेका छन् । त्यस्तै विश्राम (९) को श्लोक (२) मा 'धनधान्यपूर्ण' शब्दमा 'ध् न्' व्यञ्जन निर्वाधरूपमा दोहोरिएर सुकोमल लय सिर्जना गरेका छन् । त्यस्तै 'लाउँ, लाउँ' मा 'ल् उ' स्वरव्यञ्जन २ पटक 'खाउँ, खाउँ' मा 'ख् उ' स्वरव्यञ्जन २ पटक 'हाइ, हाइ' शब्दमा 'ह् इ' स्वरञ्जन २ पटक विना वाधा व्यवधान दोहोरिएर श्रुतिमधुरता कायम गर्न सफल देखिन्छन् । त्यसैगरी विश्राम (१०) का कवितांशमा 'गर्जिएर, गिरिमा' शब्द सँगसँगै व्यवधान विना प्रयोग भई 'ग् र्' व्यञ्जन अव्यवधानयुक्त द्विवर्णविन्यासको रूपमा आवृत्त भएका छन् । यसरी कवितांशमा प्रयुक्त द्विवर्णविन्यासले कवितालाई श्रुतिमधुर, लयात्मक नादसौन्दर्यका साथै अभिव्यक्तिगत चारुता विकासमा महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

### ५.२.३ कवितात्मक शैलीशिल्प र द्विवर्णविन्यास वक्रता

उपर्युक्त तालिकाका कवितांशमा धेरै जसो ठाउँमा अनुप्रास शब्दअलङ्कार प्रयोग भएको छ । कवितामा 'पीर्ति, धर्ती', 'कान्तिपुरमा, घरमा', 'हाँस्छन्, बाँच्छन्', 'हाँस्तिनौ, बाँच्तिनौ', 'दर्कन्छ, थर्कन्छ', 'जाउली, पाउली', 'शान्ति, कान्ति', 'उनको, रुनको', 'कोठाभित्र, छातीभित्र', 'मोह-मायाहरू, घामछायाहरू', 'शैलबाट, परबाट', 'दृष्टान्त, सिद्धान्त' जस्ता पदहरूमा क्रमशः 'र् त्', 'र् म्', 'छ् न्', 'त् न्', 'न् छ्', 'उ ल्', 'न् त्', 'न् क्', 'त् र्', 'ह् र्', 'ब् ट्', 'न् त्' स्वर व्यञ्जनवर्णहरू उही क्रममा १/१ पटक पुनरावृत्त भएकाले छेकानुप्रास सौन्दर्य उत्पन्न भएको छ । त्यस्तै 'गऱ्यौ, गऱ्यौ' मा 'र् य्' व्यञ्जन, 'थियो, थियो' मा 'थ् य्' व्यञ्जन 'सखी' मा 'स् ख्', यहाँमा 'य् ह्' 'अब' मा 'अ ब्' 'तिमी' मा 'त् म्', 'भयौ' मा 'भ् य्', 'पनि' मा 'प् न्' 'बस्यो' मा 'स् म्' व्यञ्जन

हरफको अन्त्यमा एक वा अनेक पटक आवृत्ति भएकाले उल्लिखित वर्णहरूले अन्त्यनुप्रास लय सौन्दर्यको विकासमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । कवितामा 'क् ख् ग् ज् ब् छ् र् स् ल् ह् द् भ् ट् फ् त् म्' व्यञ्जनवर्ण र 'ए, इ, उ, आ' स्वर वर्णको पुनरावृत्ति बढी भएको छ । यसकारण सुकोमल माधुर्य गुण र वैदर्भी रीति सौन्दर्यले काव्यमा स्थान जमाएको देखिन्छ । त्यस्तै कवितामा 'टुल्टुलु' 'भेटिन्न भेटिन्न', 'उल्टिन्न उल्टिन्न' जस्ता शब्दमा प्रयुक्त वर्णहरूको कवितात्मक श्रुतिमधुरता र सङ्गीतात्मकता कायम राख्दै अभिव्यक्तिगत लयात्मकता र अर्थ सौन्दर्य प्रकट गरेका छन् । कवितामा प्रयुक्त शब्दमा दोहोरिएका सबैजसो द्विवर्णहरूले खण्डकाव्यको 'भाव' करुणरसलाई चरमोत्कर्षमा पुऱ्याउन सफल देखिन्छन् । त्यस्तै उपर्युक्त 'टुल्टुलु', 'भेटिन्न भेटिन्न', 'उल्टिन्न उल्टिन्न', 'लाउँ लाउँ', 'खाउँ खाउँ', 'हाइ हाइ', 'गर्जिएर, गरिमा' जस्ता शब्दमा वर्ण समानान्तरताका साथै शैलीवैज्ञानिक पुनरुक्तिजन्य वर्ण चमत्कार सिर्जना भएको छ ।

## ५.३ निष्कर्ष

यस अध्यायमा 'गौरी' खण्डकाव्यमा प्रयुक्त द्विवर्णविन्यास वक्रताका विशेषताहरूको विश्लेषण गरिएको छ । चयनीय कवितात्मक श्लोकलाई छुट्टाछुट्टै तालिकामा राखी सोही तालिकाका आधारमा व्यवधानयुक्त र व्यवधानमुक्त द्विवर्णविन्यास पहिचान गरी तिनको सौन्दर्यको विश्लेषण गरिएको छ । तालिकाअनुसार प्रस्तुत कवितांशमा प्रयुक्त कवितात्मक शैलीशिल्प र त्यसको महत्त्वको बारेमा समेत विश्लेषण गरिएको छ । प्रस्तुत तालिकामा प्रयुक्त साक्ष्यमा व्यवधानमुक्त द्विवर्णभन्दा व्यवधानयुक्त द्विवर्णको आवृत्ति धेरै रहेको छ । व्यवधानयुक्त द्विवर्णविन्यासमा 'न् क्', 'थ् ह्', 'ग् य्', 'त् म्', 'द् छ्', 'प् न्', 'ट् न्', 'फ् न्', 'ल् क्' जस्ता द्विवर्णविन्यासको आवृत्ति बढी भएकाले प्रस्तुत खण्डकाव्यमा कठोर वर्णभन्दा सुकोमल वर्णको आवृत्ति बढी रहेको छ । साथै प्रयुक्त द्विवर्णहरू अनुप्रासको रूपमा बढी प्रयुक्त रहेका छन् । प्रस्तुत तालिकाअनुसार अनुप्रासयुक्त वर्णसँगै वर्णसमानता र माधुर्य गुण वैदर्भी रीतिका साथै उक्ति सौन्दर्य र लयात्मक सङ्गीतले भरिपूर्ण रहेका छन् ।

## अध्याय छ

# गौरी खण्डकाव्यका कवितामा बहुवर्णविन्यास वक्रता

## ६.१ परिचय

प्रस्तुत अध्याय 'गौरी' खण्डकाव्यका कवितामा बहुवर्णगत आवृत्तिको स्थिति र त्यसले काव्यात्मक सौन्दर्यमा पारेको वैचित्र्यको निरूपण गर्ने दिशामा परिलक्षित छ । यसका लागि चयन गरिएका विश्रामहरूलाई तालिकामा प्रस्तुत गरी तिनै तालिकालाई पङ्क्तिगत रूपमा उल्लेख गरी बहुवर्णविन्यासका व्यवधान र अव्यवधान आवृत्तिबाट उत्पन्न वर्णसौन्दर्यको विश्लेषण गरिएको छ । यसका साथै प्रयुक्त बहुवर्णविन्यासलाई भाषिक शिल्प सौन्दर्यका आधारमा पनि विश्लेषण गरिएको छ । यस क्रममा कवितामा प्रयुक्त बहुवर्णहरूको पुनरावृत्तिले उत्पन्न गरेको लयात्मक सौन्दर्य अनुप्रासीय श्रुतिमधुरताका साथै शैलीवैज्ञानिक समानान्तरताका आधारमा बहुवर्णआवृत्तिका विशेषताहरू निरूपण गरिएको छ । अतः यस अध्यायमा चयनीय कवितामा प्रयुक्त बहुवर्णविन्यास पहिचान गरी तिनले काव्य सौन्दर्यमा पारेको प्रभाव र कवितात्मक शैलीशिल्प निर्माणमा खेलेको भूमिकाको विश्लेषण गरिएको छ ।

## ६.२ गौरी खण्डकाव्यका कावितामा बहुवर्णविन्यासको स्थिति

प्रस्तुत पाठलाई विश्राम शीर्षक अनुसार तालिकामा प्रस्तुत गरी सम्बन्धित विश्रामका कावितांशमा प्रयुक्त बहुवर्णविन्यास वक्रता आवृत्तिगत विशेषतालाई प्रस्तुत गरिएको छ ।

**१. हे नारायण के भयो ! विश्राममा बहुवर्णविन्यास वक्रता**

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | बेहानीपख जो उठेर बटुवा चल्छन्, तिमी चल्दिनौ<br>यत्रो खल्बलपूर्ण भूमितलमा खाली तिमी | | |

| | | | |
|---|---|---|---|
| | बोल्दिनौ<br>धारामा जल जो भरेर युवती हाँस्छन् तिमी हाँस्तिनौ<br>तिम्रै मात्र भयो र के ? सब जना बाँच्छन् तिमी बाँच्तिनौ | | |
| २. | तिम्रो अन्तिमको शिँगार सँगिनी 'कात्रो' कसोरी भनूँ<br>तिम्रो निम्ति दिइन्छ पात्र जुन त्यो 'टिलो' कसोरी भनूँ<br>गाली होइन, किन्तु भन्नु कसरी यो अन्न 'बुर्की' भनी<br>'मुर्दानी' कसरी भनूँ, जुन तिमी मेरी थियौ जीवनी | तिम्रो, तिम्रो (त्म्र् २), कसोरी, कसोरी, कसरी, कसरी (क्स्र् ४) | |

## २. यौटा सत्य कथा म भन्छु विश्राममा बहुवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | बेहानीपख सूर्यले शिखरमा सिन्दुर हालेसरि<br>आधारात सितारमा हृदयको आलाप थालेसरि<br>पैलो पीर्ति छ - फर्किएर दिलमा संसार बिर्सेसिरि<br>धर्तीमै अमरावती शहरको आनन्द सिर्जेसरि | हालेसरि, थालेसरि (ल्स्र २) | |
| २. | छोरी भेट्न भनेर कान्तिपुरमा आमा स्वयं आइथिन्<br>हुङ्कारीकन कामधेनु वनको बाटो गरी | आइथिन्, आइथिन् (आइथ्न् २) | |

| | | | |
|---|---|---|---|
| | आइथिन्<br>सम्झी तीज तिहार भाइ बहिनी, पाहाडका छाहरी<br>निस्किन् प्रीतमको निमित्त घरमा राखेर पानी भरी | | |

## ३. बिर्सी बिर्सिसकिन्न विश्राममा बहुवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | लीला माइतका भुलेर घरका धन्दा तिमीले गऱ्यौ<br>आमाको ममता भुलेर कसरी माया मलाई गऱ्यौ<br>छातीबाट झिकेर प्राणसरिका छोरी मलाई दियौ<br>हेरी आखिर घाटबाट रसिला आँखा ममा चिम्लियौ | भुलेर, भुलेर (भ्ल्र् २), मलाई, मलाई (म्ल्इ २), गऱ्यौ, गऱ्यौ (ग्र्य् २) | |
| २. | मैले सोधिनँ, अन्त्यकाल कुनमा धोको अडेको थियो<br>मैले रोइनँ, प्राण जान कतिको बाधा परेको थियो<br>हेरे टुल्टुलु खालि, दीन मुखमा हेरीरहकी थियौ<br>हेरी आखिर घाटबाट रसिला आँखा ममा चिम्लियौ | | |

## ४.    लाऊ अञ्जुली तीन बार जलको विश्राममा बहुवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | लाऊ अञ्जुलि तीन बार जलको, खाएर जाऊ सखी !<br>यौटा फूल चुँडेर दिन्छु दिलको लाएर जाऊ सखी !<br>आँशू आज पुछेर दुःख सब यो बिर्सेर जाऊ सखी !<br>मान्छेको घर अन्धकार छ भनी सम्भेर जाऊ सखी ! | | |
| २. | हाँस्यौ, प्यार गऱ्यौ, बिगार गरिनौ कैल्यै कसैको यहाँ<br>यो चारै दिनमा पनि गरिसक्यौ जो गर्नुपर्ने यहाँ<br>केहि बाँकी भए म गर्छु सँगिनी ! ज्यूदै छु आधा अब<br>तिम्रो खेल समाप्त भो सब, तिमी विश्राम लेऊ अब | | |

## ५.    मेरी लच्छिनकी जहान ! विश्राममा बहुवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | कोठामा कसरी पसूँ, नजरकी श्रृङ्गार छैनौ तिमी<br>यत्रो शोक कहुँ कहाँ, हृदयकी आधार छैनौ तिमी<br>कोठामा अघि भर्खरतक थियौ बोलीरहेकी | कोठामा, कोठामा (क्ठ्म २), हृदयकी, हृदयमा (ह्र्द्य् २), खेलीरहेकी, खेलीरहेकी (ल्र्ह्क् २) | |

| | | | |
|---|---|---|---|
| | तिमी<br>ए छैनौ कसरी भनूँ ! हृदयमा खेलीरहेकी तिमी | | |
| २. | कोठाका सब मालतालहरूमा तिम्रो कला बोल्दथ्यो<br>मेरो भावुक काव्यको लहरमा तिम्रो गला बोल्दथ्यो<br>तिम्रो यो घरकाज विश्वभरको दृष्टान्त मेरो थियो<br>जो गऱ्यौ सजिलै तिमी, असजिलो सिद्धान्त मेरो थियो | तिम्रो, तिम्रो, तिम्रो (त्म्र् २), बोल्दथ्यो, बोल्दथ्यो (ब्ल्द्थ्य् २), सजिलो, असजिलो (स्ज्ल् २) | |

## ६. हिँड्दै छौ कि बस्यौ कतै ! विश्राममा बहुवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | फर्कन्छन् वन शैलबाट बचरा सम्झेर पन्छीहरू<br>फर्कन्छन् परबाट प्यार घरको सम्झेर यात्रीहरू<br>हे रानी ! अझ फर्किनौ किन यहाँ अल्प्यौ अँध्यारातिर<br>हेर्छे झ्यालमहा बसेर टुहुरी यो शान्ति धारातिर | फर्कन्छन्, फर्कन्छन् (फ्र्क्न्छ्न् २), अँध्यारातिर, धारातिर (ध्र्त् २), सम्झेर, सम्झ्र (स्म्झ्र् २) | |
| २. | हिँड्दै छौ कि बस्यौ कतै, मुलुक त्यो कस्तो छ, यस्तै छ कि | कस्तो, कस्ती (क्स्त् २) | |

| | | | |
|---|---|---|---|
| | त्यो छायामय लोकबाट कहिल्यै यो लोक देखिन्छ कि<br>छन् तिम्रा मुखमा अझै बिफरका बुट्टा कि कस्ती भयौ<br>स्वप्नामा जुन आउँछ्यौ, भन त्यही सम्झू कि भिन्नै भयौ | | |

७. **हाम्रो भेट हुँदैन हो कि कहिल्यै ! विश्राममा बहुवर्णविन्यास वक्रता**

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | नेपाली हरिया पहाड वनका यी घाम-छायाहरू<br>हामी दम्पत्ति, शान्ति कलिला, यी मोह-मायाहरू<br>यो संयोग जुटाउने कुन थियो कल्ले बिगाऱ्यो अनि<br>हाम्रो भेट हुँदैन हो कि सँगिनी ! धिक्कार कैल्यै पनि | घाम-छायाहरू, मोह-मायाहरू (य्ह्र् २) | |
| २. | मर्ने मानिस फर्किंदैन कहिल्यै भेटिन्न भेटिन्न रे<br>पर्दा लाग्दछ यो महामरणको उल्टिन्न उल्टिन्न रे<br>यो कस्तो कुन निष्ठुरी नियम हो, के हुन्छ फेरे पनि<br>हाम्रो भेट हुँदैन हो कि सँगिनी धिक्कार कैल्यै पनि | भेटिन्न, भेटिन्न रे (भ्ट्न् २), उल्टिन्न, उल्टिन्न रे (उल्ट्न् २) | भेटिन्न भेटिन्न उल्टिन्न उल्टिन्न |

## ८. मेरा रोकिय आँसु विश्राममा बहुवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | सम्झायो जति चित्त दुख्छ उति नै सम्झाइ के गर्दछ्यौ<br>मेरो जो हुनु भैइसक्यो अब दया देखाइ के गर्दछ्यौ<br>केही भन्नु मलाई मित्र ! छ भने आएर रोऊ बरु<br>लागेको दिलभित्र घाउ छ भने सम्झेर जाऊ बरु | सम्झायो, सम्झाइ, सम्झेर (स्म्झ् ३), गर्दछ्यौ, गर्दछ्यौ (ग्र्द्छ्य् २) | |
| २. | छातीमा कुन दूर देशतिरको आई बिलौना बस्यो<br>क्यै गर्ने मन छैन, खालि रुनको धोको मलाई बस्यो<br>कोठाभित्र लुकेर बस्छु - उनको छाया परेथ्यो यहीँ<br>छातीभित्र ढुकेर बस्छु - उनका माया बसेथ्यो यहीँ | बस्छु, बस्छु (ब्स्छ् २), उनको, उनको (उन्क् २), बस्यो, बस्यो (ब्स्य् २) | |

## ९. लाऊँ लाउँ र खाउँ खाउँ वयमै विश्राममा बहुवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | 'यो टाढा परदेशबाट घरमा चाँडै तिमी जाउली | जाउली, जाउली (ज्उल् २), पाहाडी, | |

| | | | |
|---|---|---|---|
| | डोऱ्याईकन शान्ति, कान्ति सुखले बा' लाई देखाउली<br>पाहाडी चिडिया उडी रहरको पाहाडमै जाउली'<br>भन्दैमा सखि ! गैइसक्यौ, अब कहाँ के गर्न हे पाउली | पाहाडमै (प्ह्ड् २) | |
| २. | लक्ष्मी भै धनधान्यपूर्ण घरमा बस्नै तिमी पाइनौ<br>हुर्काईकन लालबाल सुखले जानै तिमी पाइनौ<br>लाऊँ लाउँ र खाउँ खाउँ वयमै आफू कसोरी गयौ<br>बन्दैमा कति हाइ हाइ सबकी, सारा रुलाई गयौ | पाइनौ, पाइनौ (प्इन् २) | |

## १०. रोई आउँछ रे असार महिना विश्राममा बहुवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | आए बादल गर्जिएर गिरिमा, लागे अँध्यारा दिन<br>छाया पर्दछ दूरबाट, छविको पाइन्न है दर्शन<br>कालो निष्ठुर यो असार, यसमै रोएर मेरी गइन्<br>यी खोला कसरी तरिन्, घनघाटा उल्टी कसोरी गइन् | कसरी, कसोरी (क्स्र् २), गइन, गइन (ग्इन् २) | |

| | | | |
|---|---|---|---|
| २. | ऐलेको निठुरी असार महिना पानी परेको कति<br>दर्कन्छन् जलधार आज जति नै थर्कन्छ छाती उती<br>पन्छीको गुँड भत्किएर रुखमा भिज्दो छ पानीमहाँ<br>एक्ले ढुक्कुर एकलै विरहमा होला बसेको कहाँ ! | दर्कन्छन्, थर्कन्छन् (र्कन् २), एक्ले, एक्लै (एक्ल् २) | |

## ११. मान्छे हो ! यिनलाई प्यार गर है विश्राममा बहुवर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १. | यी ऐर पनि दुःख लाग्छ - यिनले सम्भे कि आमा भनि<br>यी हाँसे पनि सुक्ख छैन - यिनले बिर्से नि आमा भनी<br>को हेर्ला अब हर्षसाथ - यिनले हुर्केर खेले पनि<br>फाटी मर्नु छ पीर लाग्छ - यिनले फुर्की नखेले पनि | लाग्छ, लाग्छ (ल्ग्छ् २), यिनले, यिनले, यिनले, यिनले (य्न्ल् ४), आमा भनी, आमा भनी (आम्भ्न् २), खेले पनि नखेले पनि (ख्ल्प्न् २) | |
| २. | बेहानै यिनलाई एक चिडिया आएर बोलाउँछिन्<br>बारीमा यिनलाई एक पुतली आएर खेलाउँछिन्<br>छाया एक सँगै रहेर यिनको रक्षा सधैं गर्दछिन् | यिनलाई, यिनलाई, यिनलाई (य्न्ल्इ ३), आएर, आएर (आएर् २), खेलाउँछिन्, बोलाउँछिन् (ल्उछ्न् २), गर्दछिन्, हेर्दछिन् (र्द्छ्न् २) | |

| | | | |
|---|---|---|---|
| | मान्छे हो ! यिनलाई प्यार गर है तारा कुनै हेर्दछिन् | | |

## ६.२.१ व्यवधानयुक्त बहुवर्णविन्यास वक्रता

माथि उल्लिखित तालिकाको विश्राम (१) को श्लोकमा 'तिम्रो' पद २ पटक प्रयोग हुँदा 'त् म् र्' वर्णको आवृत्ति २ पटक हुन पुगेको छ । 'कसोरी', 'कसोरी', 'कसरी', 'कसरी' शब्दमा 'क् स् र्' वर्ण ४ पटक दोहोरिएर व्यवधानयुक्त बहुवर्णविन्यास वक्रताको सौन्दर्य सिर्जना भएको छ ।

विश्राम (२) का श्लोकमा 'हालेसरी', 'थालेसरी' शब्दमा 'लेसरी' पदांश २ पटक आवृत्ति भएकाले उक्त पदमा 'ल् स् र्' वर्णका व्यवधानयुक्त बहुवर्णविन्यासबाट लय उत्पन्न भएको छ । त्यस्तै 'आइथिन' शब्दको आवृत्ति २ पटक भएकाले 'आ इ थ् न्' स्वर तथा व्यञ्जनवर्ण २ पटक आवृत्ति भएर बहुवणविन्यास उक्ति वैचित्र्य सिर्जना भएको छ ।

विश्राम (३) का कवितांशमा 'भुलेर' शब्द २ पटक आवृत्त हुँदा 'भ् ल् र्' वर्ण २ पटक निश्चित व्यवधान साथ आवृत्ति भएकाले बहुवर्णविन्यासगत काव्य सौन्दर्य विकास भएको देखिन्छ । त्यस्तै 'मलाई' शब्दको दुरावृत्ति हुँदा 'म् ल् इ' स्वर व्यञ्जन वर्ण पनि २ पटक आवृत्ति भएर उक्ति सौन्दर्य सिर्जना भएको छ । त्यस्तै 'गऱ्यौ' शब्द पनि २ पटक पुनरावृत्ति भएको हुँदा 'ग् र् य्' वर्ण पनि २ पटक आवृत्त भएर बहुवर्णविन्यास सौन्दर्य प्रकट भएको छ ।

विश्राम (५) का कवितांशमा 'कोठामा' शब्द दुई पटक आवृत्ति हुँदा 'क् ठ् म्' वर्णहरूको निश्चित व्यवधानसाथ २ पटक आवृत्त भएर बहुवर्ण सौन्दर्य झल्केको छ । त्यस्तै 'हृदयकी', 'हृदयमा' शब्दमा 'ह् र् द् य्' व्यञ्जनवर्णहरू व्यवधानकासाथ २ पटक आवृत्ति भई वक्रतामय उक्ति सौन्दर्य पोखिएको छ । त्यस्तै 'खेलीरहेकी', 'बोलीरहेकी' शब्दमा 'ल् र् ह् क्' व्यञ्जनहरू २ पटक आवृत्त भएर लयात्मक उक्ति सौन्दर्य उत्पन्न भएको छ । त्यस्तै श्लोक (२) मा 'तिम्रो' पद तिन पटक दोहोरिदा 'त् म् र्' वर्णहरू ३ पटक आवृत्ति भएका छन् । त्यस्तै 'बोल्दथ्यो' शब्द पनि २ पटक दोहोरिदा 'ब् ल् द् थ् य्' व्यञ्जन वर्णहरू व्यवधानसाथ २ पटक आवृत्ति भई वक्रतामा चमत्कार सिर्जना गरेका

छन् । त्यस्तै 'सजिलो', 'असजिलो' शब्दमा 'स् ज् ल्' वर्णहरू २ पटक आवृत्ति भई चमत्कार सिर्जना गर्न सफल भएका छन् ।

विश्राम (६) का कवितांशमा 'फर्कन्छन्', 'फर्कन्छन्', 'फर्किनौ' शब्दमा 'फ् र् क् न्' व्यञ्जन वर्णहरू ३ पटकसम्म आवृत्ति भएर बहुवर्णविन्यास सौन्दर्य उत्पन्न भएको छ । त्यस्तै 'अध्यारातिर', 'धारातिर' शब्दमा 'ध् र् त् र्' व्यञ्ज्न वर्णहरू २ पटक आवृत्ति भई काव्यात्मक श्रुतिमधुरता उत्पन्न भएको छ । त्यस्तै 'सम्झेर', 'सम्झेर' शब्दमा 'स् म् झ् र्' व्यञ्जनवर्णहरू २ पटक आवृत्ति भएर उक्ति वैचित्र्य स्थापित भएको छ । श्लोक ( २) का कवितांशमा 'कस्तो', 'कस्ती' शब्दमा 'क् स् त्' व्यञ्जनहरू व्यवधान सहित २ पटक आवृत्ति भएर कवितामा लयात्मक सौन्दर्य बढाएका छन् ।

विश्राम (७) का कवितांशमा 'घामछायाहरू', 'मोहमायाहरू' शब्दमा 'य् ह् र्' व्यञ्जनवर्ण २ पटक दोहोरिएर नादसौन्दर्य उत्पन्न गरेका छन् । त्यस्तै श्लोक (२) का कवितांशमा 'भेटिन्न' शब्द २ पटक आवृत्ति हुँदा 'भ् ट् न्' वर्णहरू २ पटक दोहोरिएर काव्यात्मक सौन्दर्य विकासमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । त्यस्तै 'उल्टिन्न' पद पनि २ पटक प्रयोग भएको हुँदा 'उ ल् ट् न्' स्वर व्यञ्जन वर्णहरूबाट लयात्मक नादसौन्दर्य प्रदर्शित भएको छ ।

विश्राम (८) का श्लोकहरूमा 'सम्झायो', 'सम्झाई', 'सम्झेर' शब्द ३ पटक दोहोरिदा 'स् म् झ्' वर्णहरू ३ पटक पुनरावृत्ति भई बहुवर्णविन्यास सौन्दर्य झल्केको छ । 'गर्दछौ', 'गर्दछौ' पदमा 'ग् र् द् छ्' वर्णहरू निश्चित व्यवधानका साथ २ पटक, दोहोरिएर श्लोकमा बहुवर्णविन्यास सौन्दर्य देखापरेको छ । श्लोक (२) मा 'बस्छु' शब्दको दुरावृत्तिमा 'ब् स् छ्' वर्ण २ पटक, 'उनको' पद २ पटक दोहोरिँदा 'उ न् क्' वर्णहरू २ पटक र 'बस्यो' शब्दको दुरावृत्तिबाट 'ब् स् य्' वर्णहरू २ पटक दोहोरिँदा यस श्लोकमा बहुवर्णविन्यास शोभा झल्केको छ ।

विश्राम (९) मा 'जाउली' 'जाउली' शब्द अन्त्यानुप्रासको रूपमा दोहोरिदा 'ज् उ ल्' वर्णहरू २ पटक आवृत्ति भई लय सौन्दर्य सिर्जनामा महत्त्वपूर्ण बनेका छन् । त्यस्तै 'पाहाडी', 'पाहाडमै' शब्दमा 'प् ह् ड्' वर्णहरू २ पटक आवृत्ति भई बहुवर्ण सौन्दर्य

उत्पन्न हुनुका साथै लयात्मक तथा मात्रात्मक नाद सौन्दर्य समेत उत्पन्न भएको छ । त्यस्तै श्लोक (२) मा 'पाइनौ', 'पाइनौ' शब्द अन्त्यानुप्रासको रूपमा २ चोटी प्रयुक्त हुँदा 'प् इ न्' वर्णको आवृत्तिका साथै लय समेत सिर्जना भएको छ ।

विश्राम (१०) को पहिलो श्लोकमा 'कसरी' शब्दमा 'क् स् र्', 'गइन्' शब्दमा 'ग् इ न्' वर्णहरू २/२ पटक दोहोरिए बहुवर्णविन्यास सौन्दर्य प्रकट गरेका छन् । त्यस्तै श्लोक २ मा 'दर्कन्छ', 'थर्कन्छ' शब्दमा 'र् क् न् छ्' वर्णहरू २ पटक र 'एक्लै' शब्दमा 'ए क् ल्' वर्णहरू २ पटक आवृत्ति भई कवितामा सौन्दर्य देखापरेको छ ।

विश्राम (११) को श्लोक (१) मा 'लाग्छ' शब्दको पुनरावृत्तिमा 'ल् ग् छ्' वर्णहरू २ पटक निश्चित व्यवधानसाथ दोहोरिएर बहुवर्णविन्यास वक्रता स्थापित गरेका छन् । त्यस्तै 'यिनले' पदमा ४ पटक दोहोरिँदा 'य् न् ल्' वर्णहरू ४ पटक दोहोरिएर कवितांशलाई लयात्मक तथा सङ्गीतमय तुल्याएका छन् । त्यस्तै 'आमा भनी' शब्द पनि व्यवधानसाथ दोहोरिएकाले 'आ म् भ् न्' वर्णहरू २ पटक, 'खेले पनि नखेले पनि' पदावलीमा 'ख् ल् प् न्' वर्णहरू व्यवधानसाथ दोहोरिएर बहुवर्णगत सौन्दर्य प्रकट गरेका छन् । श्लोक २ मा 'यिनलाई' पदको त्रिरावृत्ति हुँदा 'य् न् ल् इ' वर्ण ३ पटक आवृत्ति भएर काव्यात्मक मधुरता विकासमा सहायक भएका छन् । त्यस्तै 'आएर' पदको दुरावृत्तिबाट 'आ ए र्' स्वर तथा व्यञ्जनवर्ण २ पटक, 'खेलाउँछिन्', 'बोलाउँछिन्' शब्दमा 'ल् उ छ् न्' वर्ण २ पटक र 'हेर्दछिन', 'गर्दछिन' शब्दमा 'र् द् छ् न्' वर्णहरू २ पटक अन्त्यानुप्रासको रूपमा आवृत्ति भएर काव्यात्मक उक्ति सौन्दर्य बढाउनका साथै कवितालाई लयात्मक तथा सङ्गीतमय बनेको पाइन्छ ।

### ६.२.२ अव्यवधानयुक्त बहुवर्णविन्यास वक्रता

उपर्युक्त तालिकामा चयनीय विश्रामका कवितांश प्रायः अव्यवधानयुक्त वर्णविन्यास वक्रता विहिन छन् । तुलनात्मक रूपमा व्यवधानयुक्त बहुवर्णविन्यास वक्रता पार्याप्त भए पनि अव्यवधान वर्ण भने विश्राम (८) को श्लोक (२) मा 'भेटिन्न-भेटिन्न' र 'उल्टिन्न-उल्टिन्न' शब्दमा रहेका छन् । उक्त शब्दको 'भेटिन्न-भेटिन्न' मा 'भ् ट् न्' वर्णहरू र 'उल्टिन्न-उल्टिन्न' मा 'उ ल् ट् न्' वर्णहरू व्यवधानविना २/२ पटक

दोहोरिएर कवितालाई सुन्दर बनाउनका साथै लयात्मक नाद सौन्दर्य उत्पादनमा समेत महत्त्वपूर्ण रहेका छन् ।

### ६.२.३ कवितात्मक शैलीशिल्प र बहुवर्णविन्यास वक्रता

उल्लिखित तालिकाअनुसार 'हालेसरि थालेसरि' मा 'ल् स् र्', 'आइथिन आइथिन' मा 'आ इ थ् न्', 'भुलेर भुलेर' मा 'भ् ल् र्', 'मलाई मलाई' मा 'म् ल् इ', 'गऱ्यौ गऱ्यौ' मा 'ग् र् य्' विश्राम (५) मा 'कोठामा कोठामा' मा 'क् ठ् म्', 'अँध्यारातिर धारातिर' मा 'ध् र् त्' त्यस्तै विश्राम (७) का 'भेटिन्न भेटिन्न', 'उल्टिन्न उल्टिन्न' मा 'ल् ट् न्' विश्राम (८) का 'बस्छु बस्छु', 'उनको उनको' मा क्रमशः 'ब् स् छ्', 'उ न् क्' विश्राम (९) का 'जाउली जाउली' मा 'ज् उ ल्', 'पाहाडी पाहाडमै' मा 'प् ह् ड्', विश्राम (१०) का 'कसरी कसरी' मा 'क् स् र', 'गइन गइन' मा 'ग् इ न्' मा 'ग् इ न्', 'दर्कन्छ थर्कन्छ' मा 'र् क् न् छ्' विश्राम (११) का 'लाग्छ लाग्छ' मा 'ल् ग् छ्', 'खेलाउँछिन् बोलाउँछिन्' मा 'ल् उ् छ् न्' र 'गर्दछिन् हेर्दछिन्' मा 'र् द् छ् न्' वर्णहरू उही क्रममा एकपटक आवृत्ति भएकाले छेकानुप्रासीय बहुवर्णसौन्दर्यको साथै शैली वैज्ञानिक समानान्तरता देखापरेको छ । त्यस्तै 'हालेसरि थालेसरि' मा 'ल् स् र्', 'आइथिन आइथिन' मा 'आ इ थ् न्', 'गऱ्यौ गऱ्यौ' मा 'ग् र् य्', 'बोल्दथ्यो बोल्दथ्यो' मा 'ब् ल् द् थ् य्', 'अँध्यारातिर धारातिर' मा 'ध् र् त् र्', 'घामछायाहरू मोहमायाहरू' मा 'य् ह् र्', 'भेटिन्न भेटिन्न' मा 'भ् ट् न्', 'उल्टिन्न उल्टिन्न' मा 'उ ल् ट् न्', 'बस्यो बस्यो' मा 'ब् स् य्', 'जाउली जाउली' मा 'ज् उ ल्', 'पाइनौ पाइनौ' मा 'प् इ न्', 'गइन गइन' मा 'ग् इ न्', 'खेलाउँछिन् बोलाउँछिन्' मा 'ल् उ छ् न्' र 'हेर्दछिन् गर्दछिन्' मा 'र् द् छ् न्' वर्णहरू अन्त्यानुप्रास वर्णको रूपमा आएका हुनाले अन्त्यानुप्रास लय सौन्दर्य सिर्जना गर्नाका साथै बहुवर्णविन्यास वक्रता स्थापित गरेका छन् । प्रस्तुत तालिकामा 'स् ग् र् भ् म् क् ज् ल् प् ह् छ् न् द् थ् य् ब्' वर्णहरू बहुवर्णविन्यासको रूपमा बढी पुनरावृत्त भएकाले सुकोमल गुण भएका वर्ण तथा वैदर्भी रीति सौन्दर्यको विकास भएको छ । त्यस्तै 'कसोरी कसरी', 'भुलेर भुलेर', 'हृदयकी हृदयमा' जस्ता शब्दहरू कवितामा मध्यानुप्रासको रूपमा प्रयोग भएकाले उक्त शब्दमा दोहोरिएका बहुवर्णहरूले मध्यअनुप्रासीय सौन्दर्य एकातिर छरेका छन् भने शैलीवैज्ञानिक

समानान्तरताको साथ लय सौन्दर्य समेत पेश गरेका छन् । त्यस्तै 'दर्कन्छ थर्कन्छ', 'उल्टिन्न उल्टिन्न', 'भेटिन्न भेटिन्न' शब्दमा दोहोरिएका वर्णहरूले कवितामा उच्च लयात्मक सङ्गीतात्मकता सिर्जना गरेका छन् ।

## ६.३ निष्कर्ष

यस अध्यायमा 'गौरी' खण्डकाव्यमा प्रयुक्त बहुवर्णविन्यास वक्रताका विशेषताहरूको विश्लेषण गरिएको छ । चयनीय कविताका श्लोकलाई छुट्टाछुट्टै तालिकामा राखी सोही तालिकाका आधारमा व्यवधानयुक्त र व्यवधानमुक्त बहुवर्णविन्यास पहिचान गरी तिनको सौन्दर्यको विश्लेषण गरिएको छ । यस क्रममा प्रस्तुत तालिकाका कावितामा व्यवधानयुक्त वर्णविन्यास वक्रता पर्याप्त प्रयोग भएका भए पनि व्यवधानमुक्त वर्णविन्यास वक्रताको भने अभाव देखियो । व्यवधानयुक्त बहुवर्णहरूमा 'र' वर्ण सबैभन्दा बढी ३९ पटक पुनरावृत्ति भएको छ । त्यस्तै 'ल्' वर्ण २८, 'न्' २८, 'क्' १९, 'स्' २१, 'म्' १४, 'य्' १५, 'छ्' १०, 'ग्' ८, 'द्' ८, 'त्' ९,'प्' ६, 'ह्', 'ब्', र 'भ' वर्ण ६/६ पटक पुनारवृत्त भएका छन् भने अव्यवधान बहुवर्णविन्यासमा 'भेटिन्न भेटिन्न' र 'उल्टिन्न उल्टिन्न' 'भ् ट् न्' र 'उ ल् ट् न्' वर्णहरू २/२ पटक दोहोरिएका छन् । व्यञ्जनवर्णका साथै व्यवधान वक्रतामा 'आ, उ ए' जस्ता स्वरवर्णको पनि पुनरावृत्ति रहेको छ । यी वर्णहरूको पुनरावृत्तिलाई हेर्दा गुणव्यञ्जक तथा सुकोमल वर्णहरूको पुनरावृत्ति बढी भएकाले तत्त् वर्णहरूले कवितालाई श्रुतिपेशल बनाएका छन् । कवितामा प्रयुक्त बहुवर्णविन्यास प्रयुक्त वर्णहरू छेकानुप्रास र अन्त्यानुप्रासीय आवृत्तिमा रहेकाले अनुप्रासीय सौन्दर्यसमेत यी वर्णहरूले उत्पन्न गरेको छ ।

## अध्याय सात

# गौरी खण्डकाव्यका कवितामा संयुक्त वर्णविन्यास वक्रता

## ७.१ परिचय

प्रस्तुत अध्याय 'गौरी' खण्डकाव्यका कवितामा संयुक्त वर्णविन्यास वक्रताको स्थिति र त्यसले काव्यात्मक सौन्दर्यमा पारेको भाषिक चमत्कारको निरूपण गर्ने दिशामा परिलक्षित छ । यसका लागि उक्त खण्डकाव्यबाट चयन गरिएका श्लोकहरूलाई विश्रामअनुसार अलग अलग तालिकामा प्रस्तुत गरी तिनै तालिका र निर्धारित पङ्क्तिमा दिइएका संयुक्त वर्णविन्यास वक्रताका 'वर्गान्तस्पर्शी', 'तलनादि' र 'रकारादि' भेदका साक्ष्यहरू तालिकामा दिई उक्ति सौन्दर्यको विश्लेषण गरिएको छ । यसका लागि आचार्य कुन्तकले तलनादि द्वित्व (त्त, ल्ल, न्न, ....), वर्गान्तस्पर्शी वर्ण (ङ, ञ्च, ण्ट, न्त, म्ब) र रकारादि रेफको संयोगबाट बन्ने संयुक्त वर्णको उल्लेख गरेका छन् । यस आधारमा गुण, मार्ग, अलङ्कार तथा लय सौन्दर्यजस्ता साहित्यिक अभिव्यक्तिका शिल्पसौन्दर्यका आधारमा पनि वर्गान्त, तलनादि र रकारादि संयुक्त वर्णविन्यासको रमणीयताको पनि विश्लेषण गरिएको छ । त्यसैले यस अध्यायमा वर्गान्तयोगी, तलनादि, रकारादि संयुक्त वर्णविन्यास वक्रता र शैलीशिल्पका आधारमा संयुक्त वर्णविन्यास वक्रताको निरूपण गरिएको छ ।

## ७.२ गौरी खण्डकाव्यका कवितामा संयुक्त वर्णविन्यासको स्थिति

प्रस्तुत खण्डकाव्यका विश्रामलाई अलगअलग रूपमा तालिकामा प्रस्तुत गरी सम्बन्धित कवितांशमा प्रयुक्त वर्गान्तयोगी तलनादि र रकारादि संयुक्त वर्णविन्यास वक्रताका विशेषतालाई क्रमिक रूपमा तालिकामा प्रस्तुत गरिएको छ :

### १. हे नारायण के भयो ! विश्राममा संयुक्त वर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | वर्गान्तयोगी | तलनादि | रकारादि |
|---|---|---|---|---|
| १. | बेहानीपख जो उठेर बटुवा चल्छन्, तिमी चल्दिनौ | बाँच्छन् - च्छ<br>बाँच्तिनौ - च्त | चल्छन् - ल्छ<br>चल्दिनौ - ल्द | यत्रो - त्र्<br>पूर्ण - र्ण |

| | | | | |
|---|---|---|---|---|
| | यत्रो खल्बलपूर्ण भूमितलमा खाली तिमी बोल्दिनौ<br>धारामा जल जो भरेर युवती हाँस्छन् तिमी हाँस्तिनौ<br>तिम्रै मात्र भयो र के ? सब जना बाँच्छन् तिमी बाँच्तिनौ | | खल्बल - ल्ब<br>बोल्दिनौ - ल्द<br>हाँस्छन् - स्छ<br>हाँस्तिनौ - स्त | तिम्रै - म्र<br>मात्र - त्र् |
| २. | तिम्रो अन्तिमको शिँगार सँगिनी 'कात्रो' कसोरी भनूँ<br>तिम्रो निम्ति दिइन्छ पात्र जुन त्यो 'टिलो' कसोरी भनूँ<br>गाली होइन, किन्तु भन्नु कसरी यो अन्न 'बुर्की' भनी<br>'मुर्दानी' कसरी भनूँ, जुन तिमी मेरी थियौ जीवनी | अन्तिमको- न्त<br>निम्ति - म्त<br>दिइन्छ - न्छ<br>किन्तु - न्त<br>भन्नु - न्न | | तिम्रो - म्र्<br>कात्रो-त्र्<br>तिम्रो - म्र<br>पात्र - त्र्<br>बुर्की - र्क<br>मुर्दानी र्द |

## २. यौटा सत्य कथा म भन्छु विश्राममा संयुक्त वर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | वर्गान्तयोगी | तलनादि | रकारादि |
|---|---|---|---|---|
| १. | बेहानीपख सूर्यले शिखरमा सिन्दुर हालेसरि<br>आधारात सितारमा हृदयको आलाप थालेसरि<br>पैलो पीर्ति छ - फर्किएर दिलमा संसार बिर्सेसिरि<br>धर्तीमै अमरावती शहरको आनन्द सिर्जेसरि | सिन्दुर - न्द<br>आनन्द - न्द | | सूर्यले - र्य<br>हृदयको - हृ<br>पीर्ति - र्त<br>फर्किएर - र्क<br>बिर्सेसरि - र्स<br>सिर्जेसरि- र्ज<br>धर्तीमै - र्त |

| | | | | |
|---|---|---|---|---|
| २. | छोरी भेट्न भनेर कान्तिपुरमा आमा स्वयं आइथिन्<br>हुङ्कारीकन कामधेनु वनको बाटो गरी आइथिन्<br>सम्झी तीज तिहार भाइ बहिनी, पाहाडका छाहरी<br>निस्किन् प्रीतमको निमित्त घरमा राखेर पानी भरी | कान्तिपुरमा-न्त<br>हुङ्कारीकन- ङ्क<br>सम्झि - म्झ | निस्किन-स्क | प्रीतमको - प्र |

३. **बिर्सी बिर्सिसकिन्न विश्राममा संयुक्त वर्णविन्यास वक्रता**

| श्लोक | पाठ/साक्ष्य | वर्गान्तयोगी | तलनादि | रकारादि |
|---|---|---|---|---|
| १. | लीला माइतका भुलेर घरका धन्दा तिमीले गऱ्यौ<br>आमाको ममता भुलेर कसरी माया मलाई गऱ्यौ<br>छातीबाट झिकेर प्राणसरिका छोरी मलाई दियौ<br>हेरी आखिर घाटबाट रसिला आँखा ममा चिम्लियौ | धन्दा - न्द | | गऱ्यौ, गऱ्यौ-र्‍य<br>प्राणसरिका - प्र |
| २. | मैले सोधिनँ, अन्त्यकाल कुनमा धोको अडेको थियो<br>मैले रोइनँ, प्राण जान कतिको बाधा परेको थियो<br>हेरे टुल्टुलु खालि, दीन मुखमा हेरीरहकी थियौ | अन्त्यकाल-न्त<br>चिम्लियौ- म्ल | अन्त्यकाल-य<br>टुल्टुलु- ल्ट | प्राण - प्र |

| | | | | |
|---|---|---|---|---|
| | हेरी आखिर घाटबाट रसिला आँखा ममा चिम्लियौ | | | |

## ४. लाऊ अञ्जुली तीन बार जलको विश्राममा संयुक्त वर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | वर्गान्तयोगी | तलनादि | रकारादि |
|---|---|---|---|---|
| १. | लाऊ अञ्जुलि तीन बार जलको, खाएर जाऊ सखी !<br>यौटा फूल चुँडेर दिन्छु दिलको लाएर जाऊ सखी !<br>आँशू आज पुछेर दुःख सब यो बिर्सेर जाऊ सखी !<br>मान्छेको घर अन्धकार छ भनी सम्भ्केर जाऊ सखी ! | अञ्जुलि-न्ज<br>दिन्छु - न्छ<br>मान्छेको-न्छ<br>अन्धकार-न्ध<br>सम्भ्केर-म्भ्क | | बिर्सेर - र्स |
| २. | हाँस्यौ, प्यार गऱ्यौ, बिगार गरिनौ कैल्यै कसैको यहाँ<br>यो चारै दिनमा पनि गरिसक्यौ जो गर्नुपर्ने यहाँ<br>केहि बाँकी भए म गर्छु सँगिनी ! ज्यूदै छु आधा अब<br>तिम्रो खेल समाप्त भो सब, तिमी विश्राम लेऊ अब | | हाँस्यौ -स्य<br>प्यार-प्य<br>कैल्यै-ल्य<br>गरिसक्यौ-क्य<br>समाप्त-प्त<br>ज्यूँदै-ज्य | गऱ्यौ-र्‍य<br>गर्नुपर्ने-र्न २<br>गर्छु-र्छ<br>तिम्रो -म्र<br>विश्राम-स्र् |

## ५. मेरी लच्छिनकी जहान ! विश्राममा संयुक्त वर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | वर्गान्तयोगी | तलनादि | रकारादि |
|---|---|---|---|---|
| १. | कोठामा कसरी पसूँ, नजरकी श्रृङ्गार छैनौ तिमी<br>यत्रो शोक कहुँ कहाँ, हृदयकी आधार छैनौ तिमी<br>कोठामा अघि भर्खरतक थियौ बोलीरहेकी तिमी<br>ए छैनौ कसरी भनूँ ! हृदयमा खेलीरहेकी तिमी | श्रङ्गार-ङ्ग | | श्रृङ्गार-श्रृ<br>हृदयकी-हृ<br>भर्खरैतक-र्ख<br>हृदयमा-हृ |
| २. | कोठाका सब मालतालहरूमा तिम्रो कला बोल्दथ्यो<br>मेरो भावुक काव्यको लहरमा तिम्रो गला बोल्दथ्यो<br>तिम्रो यो घरकाज विश्वभरको दृष्टान्त मेरो थियो<br>जो गर्‍यौ सजिलै तिमी, असजिलो सिद्धान्त मेरो थियो | सिद्धान्त-न्त<br>दृष्टान्त-न्त | बोल्दथ्यो -ल्द २<br>सिद्धान्त-द्ध-न्त<br>कव्यको -व्य<br>दृष्टान्त-ष्ट-न्त<br>विश्वभरको-श्व | तिम्रो -म्र ३<br>दृष्टान्त-दृ |

## ६. हिँड्दै छौ कि बस्यौ कतै ! विश्राममा संयुक्त वर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | वर्गान्तयोगी | तलनादि | रकारादि |
|---|---|---|---|---|
| १. | फर्कन्छन् वन शैलबाट बचरा सम्झेर पन्छीहरू<br>फर्कन्छन् परबाट प्यार घरको | फर्कन्छन्-न्छ<br>फर्कन्छन्-न्छ | प्यार-प्य<br>अल्प्यौ-ल्प्, प्य | फर्कन्छन्-र्क २<br>यात्रीहरू -त्र् |

| | | | | |
|---|---|---|---|---|
| | सम्भेर यात्रीहरू<br>हे रानी ! अफ फर्किनौ किन यहाँ अल्यौ अँध्यारातिर<br>हेर्छे भ्यालमहा बसेर टुहुरी यो शान्ति धारातिर | पन्छीहरू -न्छ<br>सम्भेर -म्भ<br>सम्भेर -म्भे<br>शान्ति-न्त | अँध्यारातिर-ध्य | फर्किनौ-र्क<br>हेर्छे -र्छ |
| २. | हिँड्दै छौ कि बस्यौ कतै, मुलुक त्यो कस्तो छ, यस्तै छ कि<br>त्यो छायामय लोकबाट कहिल्यै यो लोक देखिन्छ कि<br>छन् तिम्रा मुखमा अफै बिफरका बुट्टा कि कस्ती भयौ<br>स्वप्नामा जुन आउँछ्यौ, भन त्यही सम्भू कि भिन्नै भयौ | देखिन्छ-न्छ<br>सम्भूँ-म्भ<br>भिन्नै-न्न | बस्यौ-स्य<br>कस्तो -स्त<br>यस्तै-स्त<br>कहिल्यै-ल्य<br>कस्ती-स्त<br>स्वप्नामा-स्व,प्न<br>बुट्टा-ट्ट | तिम्रा-म्र |

७. **हाम्रो भेट हुँदैन हो कि कहिल्यै ! विश्राममा संयुक्त वर्णविन्यास वक्रता**

| श्लोक | पाठ/साक्ष्य | वर्गान्तयोगी | तलनादि | रकारादि |
|---|---|---|---|---|
| १. | नेपाली हरिया पहाड वनका यी घामछायाहरू<br>हामी दम्पत्ति, शान्ति कलिला, यी मोह-मायाहरू<br>यो संयोग जुटाउने कुन थियो कल्ले बिगाऱ्यो अनि<br>हाम्रो भेट हुँदैन हो कि सँगिनी ! धिक्कार कैल्यै पनि | दम्पति-म्प<br>शान्ति-न्त<br>कान्ति-न्त | कल्ले -ल्ल<br>कैल्यै-ल्य<br>धिक्कार-क्क | बिगाऱ्यो-र्‍य<br>हाम्रो -म्र |

| | | | | |
|---|---|---|---|---|
| २. | मर्ने मानिस फर्किंदैन कहिल्यै भेटिन्न भेटिन्न रे<br>पर्दा लाग्दछ यो महामरणको उल्टिन्न उल्टिन्न रे<br>यो कस्तो कुन निष्ठुरी नियम हो, के हुन्छ फेरे पनि<br>हाम्रो भेट हुँदैन हो कि सँगिनी धिक्कार कैल्यै पनि | भेटिन्न २-न्न<br>उल्टिन्न २-न्न | कहिल्यै-ल्य<br>धिक्कार-क्क<br>कैल्यै-ल्य<br>निष्ठुरी-ष्ठ<br>लाग्दछ-ग्द | मर्ने -र्न<br>फर्किंदै-र्क<br>हाम्रो -म्र |

८. **मेरा रोकिय आँसु विश्राममा संयुक्त वर्णविन्यास वक्रता**

| **श्लोक** | **पाठ/साक्ष्य** | **वर्गान्तयोगी** | **तलनादि** | **रकारादि** |
|---|---|---|---|---|
| १. | सम्झायो जति चित्त दुख्छ उति नै सम्झाइ के गर्दछ्यौ<br>मेरो जो हुनु भैइसक्यो अब दया देखाइ के गर्दछ्यौ<br>केही भन्नु मलाई मित्र ! छ भने आएर रोऊ बरु<br>लागेको दिलभित्र घाउ छ भने सम्झेर जाऊ बरु | सम्झायो -म्झ<br>सम्झाइ-म्झ<br>आजसम्म-म्म<br>भन्नु-न्न<br>सम्झेर -म्झ | भैइसक्यो -क्य<br>दुख्छ-ख्छ | भित्र-त्र<br>दिलभित्र-त्र |
| २. | छातीमा कुन दूर देशतिरको आई बिलौना बस्यो<br>क्यै गर्ने मन छैन, खालि रुनको धोको मलाई बस्यो<br>कोठाभित्र लुकेर बस्छु - उनको | | बस्यो -स्य<br>क्यै-क्य<br>बस्यो -स्य<br>बस्छु २-स्छ | गर्ने -र्न<br>छातीभित्र-त्र<br>कोठाभित्र-त्र |

| | | | | |
|---|---|---|---|---|
| | छाया परेथ्यो यहीँ<br>छातीभित्र ढुकेर बस्छु - उनका माया बसेथ्यो यहीँ | | परेथ्यो -थ्य<br>बसेथ्यो -थ्य | |

## ९. लाऊँ लाउँ र खाउँ खाउँ वयमै विश्राममा संयुक्त वर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | वर्गान्तयोगी | तलनादि | रकारादि |
|---|---|---|---|---|
| १. | 'यो टाढा परदेशबाट घरमा चाँडै तिमी जाउली<br>डोऱ्याईकन शान्ति, कान्ति सुखले बा' लाई देखाउली<br>पाहाडी चिडिया उडी रहरको पाहाडमै जाउली'<br>भन्दैमा सखि ! गैइसक्यौ, अब कहाँ के गर्न हे पाउली | शान्ति-न्त<br>कान्ति-न्त<br>भन्दैमा-न्द | गैइसक्यौ-क्य | डोऱ्याइकन-ऱ्य |
| २. | लक्ष्मी भै धनधान्यपूर्ण घरमा बस्नै तिमी पाइनौ<br>हुर्काईकन लालबाल सुखले जानै तिमी पाइनौ<br>लाऊँ लाउँ र खाउँ खाउँ वयमै आफू कसोरी गयौ<br>बन्दैमा कति हाइ हाइ सबकी, सारा रुलाई गयौ | धनधान्यपूर्ण-न्य<br>बन्दैमा-न्द | लक्ष्मी-क्ष्म<br>बस्नै-स्न | धनधान्यपूर्ण-र्ण<br>हुकाईकन-र्क |

## १०. रोई आउँछ रे असार महिना विश्राममा संयुक्त वर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | वर्गान्तयोगी | तलनादि | रकारादि |
|---|---|---|---|---|
| १. | आए बादल गर्जिएर गिरिमा, लागे अँध्यारा दिन<br>छाया पर्दछ दूरबाट, छविको पाइन्न है दर्शन<br>कालो निष्ठुर यो असार, यसमै रोएर मेरी गइन्<br>यी खोला कसरी तरिन्, घनघाटा उल्टी कसोरी गइन् | पाइन्न-न्न | अँध्यारा-ध्य<br>निष्ठुर-ष्ठ<br>उल्टी-ल्ट | गर्जिएर-र्ज<br>पर्दछ-र्द<br>दर्शन-र्श |
| २. | ऐलेको निठुरी असार महिना पानी परेको कति<br>दर्कन्छन् जलधार आज जति नै थर्कन्छ छाती उती<br>पन्छीको गुँड भत्किएर रुखमा भिज्दो छ पानीमहाँ<br>एक्ले ढुक्कुर एकलै विरहमा होला बसेको कहाँ ! | दर्कन्छन्-न्छ<br>थर्कन्छ-न्छ<br>पन्छीको-न्छ | भत्किएर-त्क<br>भिज्दो -ज्द<br>एक्ले -क्ल<br>ढुक्कुर-क्क | दर्कन्छ-र्क<br>थर्कन्छ-र्क |

## ११. मान्छे हो ! यिनलाई प्यार गर है, विश्राममा संयुक्त वर्णविन्यास वक्रता

| श्लोक | पाठ/साक्ष्य | वर्गान्तयोगी | तलनादि | रकारादि |
|---|---|---|---|---|
| १. | यी ऐर पनि दुःख लाग्छ - यिनले सम्झे कि आमा भनि | सम्झे -म्झ | लाग्छ-ग्छ<br>सुक्ख-क्ख | बिर्से -र्स<br>हेर्ला-र्ल |

| | | | | |
|---|---|---|---|---|
| | यी हाँसे पनि सुक्ख छैन - यिनले बिर्से नि आमा भनी<br>को हेर्ला अब हर्षसाथ - यिनले हुर्केर खेले पनि<br>फाटी मर्नु छ पीर लाग्छ - यिनले फुर्की नखेले पनि | | | हर्षसाथ-र्ष<br>मर्नु-र्न<br>फुर्की-र्क<br>हुर्केर -र्क |
| २. | बेहानै यिनलाई एक चिडिया आएर बोलाउँछिन्<br>बारीमा यिनलाई एक पुतली आएर खेलाउँछिन्<br>छाया एक सँगै रहेर यिनको रक्षा सधैं गर्दछिन्<br>मान्छे हो ! यिनलाई प्यार गर है तारा कुनै हेर्दछिन् | मान्छे -न्छ | प्यार-प्य | गर्दछिन्,<br>हेर्दछिन् -र्द २ |

### ७.२.१ वर्गान्तयोगी संयुक्त वर्णविन्यास वक्रता

उपर्युक्त तालिकाको विश्राम (१) का कवितामा बाँच्छन् शब्दमा 'च्छ' संयुक्त वर्णको माधुर्यता रहेको छ भने 'बाँच्तिनौ' शब्दमा मानक रूपमा 'च्द' नभई 'च्छ' संयुक्त रूपको प्रयोगले कविता लयात्मक बनेको छ । त्यस्तै 'अन्तिम' र 'किन्तु' शब्दमा 'न्त' वर्ण संयुक्त प्रयोग भएको छ । 'भन्नु' शब्दमा 'न्न' वर्ण, 'दिइन्छ' शब्दमा 'न्छ' वर्ण र निम्ति शब्दमा 'म्त' संयुक्त वर्णले कवितालाई श्रुतिपेशल बनाएका छन् ।

विश्राम (२) का कवितामा 'सिन्दुर' र 'आनन्द' शब्दमा 'न्द' वर्ण प्रयोग भएका छन् । त्यस्तै 'कान्तिपुर'मा 'न्त', 'हुङ्कारीकन' मा 'ङ्क' र 'सम्झि' शब्दमा 'म्झ' वर्ण संयुक्त वर्णको रूपमा प्रयोग भई कवितात्मक सौन्दर्य उठान गरेका छन् ।

विश्राम (३) का कवितांशमा 'धन्दा' शब्दमा 'न्द', 'चिम्लियौं' मा 'म्ल', 'अन्त्यकाल' मा 'न्त' वर्ण र 'चिम्लियौं'मा 'म्ल' वर्ण प्रयोग भई वर्गान्तयोगी संयुक्त वर्णविन्यास वक्रताको सौन्दर्य झल्काएका छन् । विश्राम (४) का कवितांशमा 'दिन्छु' र 'मान्छेको' पदमा 'न्छ' संयुक्त वर्ण दोहोरिएर भाषिक लयसौन्दर्यको विकास गरेका छन् भने 'अन्धकार' मा 'न्ध', 'सम्झेर' मा 'म्झ' र 'अञ्जुलि' शब्दमा 'ञ्ज' संयुक्त वर्णको प्रयोगले कवितामा लयात्मक माधुर्य कायम भएको छ । विश्राम (५) का कावितांशमा 'सिद्धान्त' र 'दृष्टान्त' शब्दमा 'न्त' वर्णको आवृत्ति भएर भाषिक चमत्कार देखा परेको छ भने 'श्रृङ्गार' शब्दमा 'ङ्ग' वर्ण संयुक्त वर्गान्तयोगी वर्णको रूपमा प्रयोग भई उक्तिसौन्दर्य उत्पादन गरेको छ ।

विश्राम (६) का कवितांशमा 'फर्कन्छन्', 'फर्कन्छन्', 'पन्छीहरू' शब्दमा 'न्छ' वर्णको तिनपटकको आवृत्तिले कवितात्मक भाषाको लयात्मक मधुरताका साथै वर्गान्तयोगी संयुक्त वर्ण वक्रताको चमत्कार सिर्जना भएको छ । त्यस्तै 'सम्झेर', 'सम्झेर' शब्दमा 'म्झ' वर्णको आवृत्ति भएको छ भने 'शान्ति' शब्दमा 'न्त', 'देखिन्छ' मा 'न्छ' र 'भिन्नै' शब्दमा 'न्न' वर्णको प्रयोगले पनि भाषिक उक्ति वैचित्र्य प्रदर्शित भएको छ ।

विश्राम (७) का पद्यमा 'शान्ति' र 'कान्ति' पदमा 'न्त' वर्णको संयुक्तता तथा 'भेटिन्न', 'भेटिन्न', 'उल्टिन्न', 'उल्टिन्न' शब्दमा 'न्न' वर्ण ४ पटक आवृत्त हुँदा लयात्मक मधुरतासँगै कवितामा सङ्गीतात्मकता समेत सिर्जना भएको छ ।

विश्राम (८) का श्लोकमा 'सम्झायो', 'सम्झाइ', 'सम्झेर' शब्दमा 'म्झ' वर्ण ३ पटक आवृत्ति भई वर्गान्तयोगी संयुक्त वर्ण वक्रता उपस्थित गराएका छन् । त्यस्तै 'आजसम्म' मा 'म्म' वर्ण र 'भन्नु' मा 'न्न' वर्णको उपस्थितिले कवितात्मक लय उठान गरेका छन् । त्यस्तै विश्रम (९) का पद्यमा 'शान्ति' र 'कान्ति' शब्दमा 'न्त' वर्ण तथा 'भन्दैमा' शब्दमा 'न्द' वर्ण र 'बन्दैमा' शब्दको 'न्द' वर्णको आवृत्तिलाई जनाएका छन् । त्यस्तै 'धनधान्यपूर्ण' शब्दमा 'न्य' वर्णको प्रयोगले वर्गान्तयोगी संयुक्त वर्ण वक्रता सिर्जना गरेको छ ।

विश्राम (१०) का पद्यमा 'पाइन्न' शब्दमा 'न्न' वर्णको प्रयोग तथा 'दर्कन्छन्', 'थर्कन्छन्' र 'पन्छिको' शब्दमा 'न्छ' वर्ण ३ पटक आवृत्ति हुँदा कवितामा लयात्मक नादसौन्दर्यको विकास भएको छ । त्यसैगरी विश्राम (११) का पद्यमा 'सम्झे' शब्दमा 'म्झ' वर्ण र 'मान्छे' शब्दमा 'न्छ' वर्णको उपस्थितिले कवितालाई वर्गान्तयोगी संयुक्त वर्ण वक्रताको सौन्दर्य विहिन हुनबाट बचाएका छन् ।

### ७.२.२ तलनादि संयुक्त वर्णविन्यास वक्रता

उल्लिखित तालिकाअनुसार विश्राम (१) का श्लोकमा 'चल्छन' शब्दमा 'ल्छ', 'चल्दिनौ' मा 'ल्द', 'खल्बल' मा 'ल्ब', 'बोल्दिनौ' मा 'ल्द', 'हाँस्छन्' मा 'स्छ' र 'हाँस्तिनौ' शब्दमा प्रयुक्त 'स्त' वर्णले तलनादि संयुक्त वर्णविन्यास वक्रताबाट प्रस्तुत हुने वैचित्र्यगत भाषिक सौन्दर्यको उठान गरेका छन् ।

विश्राम (२) का काविताांशमा 'निस्किन' शब्दमा प्रयुक्त 'स्क' वर्णले उत्पादन गरेको लयले तलनादि संयुक्त वर्णविन्यासको लाज ढाकेको छ । त्यस्तै विश्राम (३) का कविताांशमा 'अन्त्यकाल' मा प्रयुक्त 'त्य' वर्ण र 'टुल्टुलु'मा प्रयुक्त 'ल्ट' वर्णको आवृत्तिले उक्तिसौन्दर्यका साथै वीणात्मक लय उत्पादन गरेका छन् ।

विश्राम (४) का कविताांशमा 'हाँस्यौ' शब्दमा 'स्य', 'प्यार' मा 'प्या', 'कैल्यौ' शब्दमा 'ल्य', 'गरिसक्यौ' शब्दमा 'क्य', 'समाप्त' शब्दमा 'प्त', 'ज्यूँदै' शब्दमा 'ज्य' वर्णहरूको प्रयोगले तलनादि संयुक्त वर्णविन्यास वक्रताबाट उत्पन्न हुने समस्त माधुर्यलाई प्रवाहित गरेको छ ।

विश्राम (५) का पद्यमा 'बोल्दथ्यो', 'बोल्दथ्यो' पदमा 'ल्द' वर्णका आवृत्ति भएको छ । त्यस्तै 'सिद्धान्त' मा 'न्त' वर्ण, 'काव्यको' मा 'व्य', 'दृष्टान्त'मा 'ष्ट' र 'न्त' वर्ण, 'विश्वभरको' मा 'श्व' वर्ण तलनादि वर्णको रूपमा प्रयोग भई कवितात्मक चारुता वृद्धिमा सहयोग पुऱ्याएका छन् ।

विश्राम (६) का पद्यमा 'प्यार' र 'अल्प्यौ' शब्दमा 'प्य' वर्णको आवृत्तिले कवितात्मक लयलाई उत्कर्षमा पुऱ्याएका छन् । त्यस्तै 'अँध्यारातिर' मा 'ध्य', 'बस्यौ' मा

'स्य', 'कहिल्यै' मा 'ल्य', 'स्वप्न' मा 'स्व' र 'प्न', 'बट्टा' मा 'ट्ट' वर्णले तलनादि संयुक्त वर्णविन्यास वक्रताको सौन्दर्य प्रस्तुत गरेका छन् । त्यस्तै 'कस्तो' र 'यस्तै' पदमा 'स्त' वर्ण आवृत्ति भई लयात्मक सौन्दर्य सिर्जना गरेको छ ।

विश्राम (७) का पद्यमा 'कहिल्यै', 'कैल्यै', 'कैल्यै' शब्दमा 'ल्य' वर्ण ३ पटक पुनरावृत्त भई तलनादि संयुक्त वर्णसौन्दर्य प्रस्तुत गरेको छ । त्यस्तै 'कल्ले' मा 'ल्ल', 'धिक्कार' मा 'क्क', 'निष्ठुरी' मा 'ष्ठ' र 'लाग्दछ' पदमा रहेको 'ग्द' वर्णहरूले कवितांशलाई माधुर्य र आह्लादकारी तुल्याएका छन् ।

विश्राम (८) का पद्यमा 'भइसक्यो' र 'क्यै' शब्दमा 'क्य' वर्णको पुनरावृत्ति, 'बस्यो', 'बस्यो' शब्दमा 'स्य' वर्णको आवृत्ति तथा 'बस्छु' मा 'स्छ', 'परेथ्यो' र 'बसेथ्यो' मा 'थ्य्' वर्णको पुनरावृत्तिले कवितामा चारुता थपिएको छ । त्यस्तै 'दुख्छ' शब्दको 'ख्छ' वर्णले पनि तलनादि संयुक्त वर्णविन्यास वक्रतालाई प्रदर्शित गरेको छ ।

विश्राम (९) का कावितांशमा 'गैइसक्यो' शब्दको 'क्य', 'लक्ष्मी' शब्दमा 'ल्म' र 'बस्ने' शब्दमा रहेको 'स्न' वर्णले तलनादि संयुक्त वर्णविन्यास वक्रताले सिर्जना गर्ने वैचित्र्य प्रदर्शित गरेका छन् । विश्राम (१०) का पद्यमा 'अँध्यारा' शब्दमा 'ध्य', 'निष्ठुर' मा 'ष्ठ', 'उल्टी' मा 'ल्ट', 'भत्किएर' मा 'त्क', 'भिज्दो' मा 'ज्द', 'एक्ले' मा 'क्ल' र 'ढुक्कुर' मा 'क्क' वर्णहरूले भाषिक उक्ति सौन्दर्यको विकास गरेका छन् ।

विश्राम (११) का पद्यमा 'लाग्छ' शब्दमा 'ग्छ', 'प्यार' मा 'प्य' वर्णले भाषिक लय सिर्जना प्रस्तुत गरेका छन् भने 'सुख्ख' शब्दको 'ख्ख' वर्ण मानक रूपको विपरित भएर पनि उक्ति सौन्दर्य विकासमा महत्त्वपूर्ण बनेको छ ।

### ७.२.३ रकारादि संयुक्त वर्णविन्यास वक्रता

उपर्युक्त तालिकाको विश्राम (१) मा 'कात्रो', 'यत्रो', 'मात्र' र 'पात्र' शब्दमा रहेको 'त्र्' वर्ण, 'पूर्ण' मा 'र्ण', 'तिम्रै' र 'तिम्रो' मा 'म्र', 'मुर्दानी' मा 'र्द', 'बुर्की' मा 'र्क' वर्णहरूले रकारादि वर्णसौन्दर्य प्रकट भएको छ ।

विश्राम (२) का पद्यमा 'धर्तीमै' मा 'र्त', 'सूर्यले' मा 'र्य', 'हृदयको' मा 'हृ', 'पीर्ति' मा 'र्त', 'फर्किएर' मा 'र्क', 'बिर्सेसरि' मा 'र्स', 'सिर्जसरि' मा 'र्ज', 'प्रीतमको' मा 'प्र' वर्णहरूले भाषिक चमत्कारलाई विशिष्टकृत तुल्याएका छन् । विश्राम (३) का पद्यमा 'गऱ्यौ' 'गऱ्यौ' शब्दमा 'र्‍य' वर्णको द्वित्व, 'प्राणसरिका' शब्दमा 'प्र' वर्ण र 'प्राण' मा 'प्र' वर्णको प्रयोगले रकारादि संयुक्त वर्णवक्रताको विशेषता प्रकट गरेका छन् ।

विश्राम (४) का पद्यमा 'बिर्सेर' मा 'र्स', 'गर्नुपर्ने' मा 'र्न' वर्णको आवृत्ति, 'गऱ्यौ' मा 'र्‍य', 'गर्छु' मा 'र्छ', 'तिम्रो' मा 'म्र' र 'बिश्राम' शब्दमा 'स्र्' वर्णको प्रयोगले श्रुतिमधुरता झङ्कार उत्पन्न भएको छ ।

विश्राम (५) का पद्यमा 'शृङ्गार' मा 'श्रृ', 'हृदयकी' मा 'हृ', 'भर्खरैतक' मा 'र्ख', 'तिम्रो', 'तिम्रो' मा 'म्र' वर्ण ३ पटक आवृत्त र 'दृष्टन्त' मा 'दृ' वर्णको प्रयोगले रकारादि संयुक्त वर्णबाट उत्पन्न हुने माधुर्य प्रकट भएको छ ।

विश्राम (६) का पद्यमा 'फर्कन्छन्', 'फर्कन्छन्' शब्दमा 'र्क' वर्णको पुनरावृत्ति तथा यात्रीहरूमा 'त्र्', 'हेर्छे' मा 'र्छ' वर्ण र 'तिम्रा' शब्दमा 'म्र' वर्णको संयोगले लयात्मक माधुर्यता विकास भएको छ । विश्राम (७) का पद्यमा 'बिगाऱ्यो' शब्दमा 'र्‍य', 'हाम्रो' मा 'म्र', 'मर्ने' मा 'र्न', 'फर्किदैन' शब्दमा 'र्क' रकारादि वर्णले कावितात्मक पद्यलाई श्रुतिपेशल र माधुर्य तुल्याएका छन् ।

विश्राम (८) का मद्यमा 'मित्र', 'भित्र', 'छातीभित्र' र 'कोठाभित्र' शब्दमा 'त्र' वर्ण ४ पटक पुनरावृत्त भई कवितालाई सङ्गीतमय बनाउनाका साथै उक्ति सौन्दर्यसमेत प्रस्तुत गरेका छन् भने 'गर्ने' शब्दको 'र्न' वर्णले रकारादि वर्ण सौन्दर्य पेस गरेको छ ।

विश्राम (९) का पद्यमा 'डोऱ्याइकन' मा 'र्‍य', 'धनधान्यपूर्ण' मा 'र्ण' र 'हुर्काइकन' मा 'र्क' जस्ता संयुक्त वर्णवक्रताको उत्कृष्ट रूप देखापरेको छ । विश्राम (१०) का कवितांशमा 'गर्जिएर' मा 'र्ज', 'पर्दछ' मा 'र्द', 'दर्शन' मा 'र्श', 'दर्कन्छ' मा 'र्क' र 'थर्कन्छ' मा 'र्क' संयुक्त व्यञ्जनवर्णले कवितालाई लयात्मक उत्कृष्टता प्रदान गर्नाका साथै नादसौन्दर्यसमेत उत्पादन गरेका छन् ।

विश्राम (११) का पद्यमा 'बिर्से' मा 'र्स', 'हेर्ला' मा 'र्ल', 'हर्षसाथ' मा 'र्ष', 'मर्नु' मा 'र्न', 'फुर्की' मा 'र्क', 'हुर्केर' मा 'र्क', 'गर्दछन्' मा 'र्द' र 'हेर्दछन्' मा 'र्द' वर्णको प्रयाग र पुनरावृत्तिले रकारादि संयुक्त वर्णविन्यास वक्रताले उत्पन्न गर्ने वर्णसौन्दर्य प्रस्तुत गरेको छ ।

### ७.२.४ कवितात्मक शैलीशिल्प र संयुक्त वर्णविन्यास वक्रता

उल्लिखित तालिकामा 'कात्रो', 'पात्र', 'भन्नु', 'भन्न', 'धर्ती', 'पीर्ति', 'दृष्टान्त', 'सिद्धान्त', 'कस्तो', 'यस्तै', 'भेटिन्न', 'उल्टिन्न', 'भित्र', 'दिलभित्र', 'शान्ति', 'कान्ति', 'दर्कन्छन्', 'कर्थन्छ', 'दुःख', 'सुख्ख', 'हुँर्की', 'फुर्की' जस्ता संयुक्त वर्ण भएका शब्दहरू कवितामा छेकानुप्रसाको रूपमा प्रयोग भएकाले तत् शब्दमा प्रयुक्त संयुक्त वर्णहरूले कवितामा अनुपम लय सौन्दर्य उत्पादन गरेका छन् । त्यस्तै 'चल्दिनौ' र 'बोल्दिनौ' मा 'ल्द' वर्ण, 'हाँस्तिनौ' र 'बाँच्तिनौ' मा 'च्त' वर्ण, 'गऱ्यौ' र 'गऱ्यौ' मा 'र्‍य', 'बोल्दथ्यो' र 'बोल्दथ्यो' मा 'ल्द' र 'थ्य' वर्ण, 'भेटिन्न' र 'उल्टिन्न' मा 'न्न', 'गर्दछ्यौ' र 'गर्दछ्यौ' मा 'र्द', 'बस्यो' र 'बस्यो' मा 'स्य' र 'गर्दछिन्' र 'हेर्दछिन्' शब्दमा 'र्द' संयुक्त वर्ण कवितात्मक श्लोकमा अन्त्यानुप्रासको रूपमा आएकाले लय तथा सङ्गीतलाई कवितामा दर्शाउनुका साथै तत् वर्णमा शैलीवैज्ञानिक समानान्तरता समेत देखा परेको छ । कवितामा सबैभन्दा बढी रकारादि संयुक्त वर्णविन्यास देखापरेको छ भने वर्गान्तयोगी र तलनादि संयुक्त वर्णहरूको उपस्थिति पनि पर्याप्त रूपमा रहेको छ । यस अर्थमा 'गौरी' खण्डकाव्यमा कठोर वर्णसंयोजनभन्दा सुकोमल वर्णहरूको प्रचुरता रहेकाले ती वर्णहरूले माधुर्य गुण तथा वैदर्भी रीतिले उत्पन्न गर्ने सुकुमार शैली तथा साङ्गितीक झङ्कार समेत पैदा गरेका छन् । यसरी उल्लिखित कवितात्मक विश्रामहरूमा वर्गान्तयोगी, तलनादि र रकारादि संयुक्त वर्णविन्यास वक्रताको ठिकठिक प्रयोगले शैलीवैज्ञानिक चमत्कार, माधुर्य गुण, वैदर्भी रीति, उपनागरिका वृति र अनुप्रासीय सौन्दर्यजस्ता विशेषता रहेका छन् ।

## ७.३ निष्कर्ष

प्रस्तुत अध्यायमा 'गौरी' खण्डकाव्यका कवितामा संयुक्त वर्णविन्यास वक्रताको स्थिति केलाइएको छ । चयनीय अडानका कवितामा प्रयुक्त संयुक्त वर्णविन्यास वक्रताका साक्ष्यलाई वर्गान्तयोगी, तलनादि र रकारादिका रूपमा छुट्याई प्रत्येक कविताको छुट्टा छुट्टै विश्लेषण गरिएको छ । यस विश्लेषणअनुसार वर्गान्तयोगी संयुक्त वर्णविन्यास वक्रतामा च्छ, च्त, न्त, म्त, न्छ, न्न, न्द, ङ्क, म्फ, म्ल, न्ज, न्ध, ङ्ग, म्प, म्म, न्य जस्ता व्यञ्जनको प्रयोग तथा आवृत्ति भएको देखिन्छ भने तलनादिअन्तर्गत ल्छ, ल्द, ल्ब, स्छ, स्त, स्क, त्य, ल्ट, स्य, ल्य, प्त, ष्ट, श्व, प्य, स्व, ल्ल, क्क, क्य, थ्य, ष्ठ जस्ता व्यञ्जनहरू पुनरावृत्त भएका छन् । तलनादि र वर्गान्तयोगी संयुक्त वर्णको तुलनामा रकारादि वर्णहरूको प्रयोग र आवृत्ति बढी रहेको देखिन्छ । यसअन्तर्गत त्र्, र्ण, म्र, र्क, र्द, र्य, हृ, र्त, र्स, र्ज, प्र, र्‍य, र्न, र्छ, स्र्, दृ, त्र जस्ता वर्णहरू अनेकपटक आवृत्त भएका छन् । यस आधारमा 'गौरी' खण्डकाव्यका कावितामा वर्गान्तयोगी, तलनादि वर्णको प्रयोग सन्तुलित रहेको छ भने रकारादि वर्णको प्रयोग अधिक भएको छ । यसरी वर्गान्तयोगी, तलनादि र रकारादि वर्णहरूको प्रयोग भएका ठाउँमा श्रुतिरमणीयता, हार्दीकता, लयात्मक, मधुरता, सुकुमार भाषिक वैचित्र्यका साथै शैलीवैज्ञानिक चमत्कारसमेत सिर्जना भएको छ । कवितामा 'पीर्ति' मा 'र्त', 'हाँस्तिनौ' मा 'स्त', 'क्यै' मा 'क्य', 'एक्लै' मा 'क्ल' र 'सुक्ख' शब्दमा रहेको 'क्ख' संयुक्त वर्णहरू मानक भाषाभन्दा भिन्न रूपमा प्रयोग भए पनि कवितात्मक लयसौन्दर्य विकासमा महत्त्वपूर्ण बनेका छन् ।

## अध्याय आठ

# सारांश, निष्कर्ष र उपयोगिता

## ८.१ सारांश

'गौरी' खण्डकाव्यका कवितामा वर्णविन्यास वक्रता शीर्षकको प्रस्तुत शोधपत्रलाई आठ अध्यायमा विभाजन गरी अध्यायगत मूल शीर्षक र त्यसअन्तर्गत उपशीर्षक र उपोपशीर्षकमा छुट्याइएको छ ।

प्रस्तुत शोधपत्रको पहिलो अध्यायको मूल शीर्षक शोधपरिचय रहेको छ । यस शीर्षकअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, सीमाङ्कन, पूर्वकार्यको विवरण तथा समीक्षा र अध्ययनको रूपरेखा प्रस्तुत गरिएको छ ।

दोस्रो अध्यायको मुख्य शीर्षक अध्ययनको सैद्धान्तिक स्वरूप रहेको छ । यो अध्याय मूलतः तिन उपशीर्षकमा विभजित छ । पहिलो उपशीर्षकअन्तर्गत वक्रोक्तिवादको परिचय रहेको छ । यसमा वक्रोक्तिवादको परिचय, स्थापना र मूलमान्यताको बारेमा चर्चा गरिएको छ । दोस्रो शीर्षक वर्णविन्यास वक्रता रहेको छ र यसमा वर्णविन्यास वक्रता र त्यसका भेदका बारेमा उल्लेख गरिएको छ । साथै यस अध्यायको अन्तिम शीर्षक वक्रोक्ति र साहित्यका अन्य सिद्धान्त रहेको छ । यस शीर्षकका पनि उपशीर्षकअन्तर्गत वक्रता र रससिद्धान्त, वक्रता र अलङ्कार, वक्रता र गुण, वक्रता र रीति, वक्रता र शैलीविज्ञान र वक्रता र सङ्गीतबिचको सानिध्यबारे चर्चा गरिएको छ ।

तेस्रो अध्यायको मुख्य शीर्षक शोधविधि र अध्ययन प्रक्रिया रहेको छ । यसअन्तर्गत अध्यनयको ढाँचा, जनसङ्ख्या, प्रतिनिधि नमुना छनोट, सामग्री सङ्कलनका स्रोत, सामग्री विश्लेषणको ढाँचा उपशीर्षक प्रस्तुत गरिएको छ ।

चौथो अध्यायमा 'गौरी' खण्डकाव्यको कवितामा एकवर्णविन्यास वक्रता मुख्य शीर्षक रहेको छ । यस अन्तर्गत पहिलो उपशीर्षकमा अध्यागत परिचय दिई दोस्रो शीर्षकमा 'गौरी' खण्डकाव्यका कवितामा एकवर्णविन्यासको स्थिति केलाइएको छ र यस

क्रममा व्यवधानयुक्त र व्यवधानमुक्त एकवर्णविन्यास उपशीर्षक दिई विश्लेषण गरिएको छ र अन्त्यमा अध्यायगत विश्लेषणको निष्कर्ष प्रस्तुत गरिएको छ ।

शोधको पाँचौं अध्याय 'गौरी' खण्डकाव्यमा द्विवर्णविन्यास वक्रता मूल शीर्षकमा केन्द्रित छ । यस अन्तर्गतका उपशीर्षकमा प्रारम्भमा अध्यायगत परिचय र अन्त्यमा अध्यायगत निष्कर्ष शीर्षक दिएको छ भने 'गौरी' खण्डकाव्यमा द्विवर्णविन्यासको स्थिति शीर्षकलाई तालिकीकरण गरी व्यवधानयुक्त र व्यवधानमुक्त द्विवर्णविन्यास उपशीर्षकमा त्यसको विश्लेषण गर्नाका साथै कवितात्मक शैलीशिल्पका आधारमा समेत विश्लेषण गरिएको छ ।

शोधको छैटौं अध्यायको प्रमुख शीर्षक 'गौरी' खण्डकाव्यमा बहुवर्णविन्यास वक्रता रहेको छ । यस शीर्षकका पनि तिन उपशीर्षक दिएको छ । पहिलो उपशीर्षक अध्यायगत परिचय रहेको छ । दोस्रो उपशीर्षक 'गौरी' खण्डकाव्यमा बहुवर्णविन्यास वक्रताको स्थिति रहेको छ । यस शीर्षकलाई पनि उपशीर्षक दिएर व्यवधानयुक्त बहुवर्णविन्यास, व्यवधानमुक्त बहुवर्णविन्यास र कवितात्मक शैलीशिल्पका आधारमा समेत विश्लेषण गरिएको छ ।

शोधको सातौं अध्यायको मूलशीर्षक 'गौरी' खण्डकाव्यमा संयुक्त वर्णविन्यास वक्रता रहेको छ । यस शीर्षकलाई प्रारम्भमा अध्यायगत परिचय र अन्त्यमा विश्लेषणात्मक निष्कर्ष उपशीर्षक दिएर समापन गरिएको छ । मूल शीर्षकको दोस्रो उपशीर्षक अन्तर्गत संयुक्त वर्णविन्यासका वर्गान्तयोगी, तलनादि र रकारादि भेद तथा कवितात्मक शैलीशिल्प र संयुक्त वर्णविन्यास वक्रता उपोपशीर्षक दिएर विश्लेषण गरिएको छ ।

शोधको अन्तिम तथा आठौं अध्याय शोधको सारांश, निष्कर्ष र उपयोगिता मूल शीर्षकमा केन्द्रित छ । यस अन्तर्गत शोधको सारांश निष्कर्ष र उपयोगितालाई छुट्टाछुट्टै उपशीर्षकमा उल्लेख गरिएको छ ।

## ८.२ निष्कर्ष

प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

१. 'गौरी' खण्डकाव्यका कवितामा एकवर्णविन्यास वक्रताका व्यवधानमुक्त र व्यवधानयुक्त दुवै किसिमका वर्ण चमत्कार देखिएको छ । व्यवधानमुक्तभन्दा व्यवधानयुक्त वर्णविन्यास वक्रताको प्रयोगबाट देखापरेको वर्ण चमत्कार बढी आकर्षक रहेको छ । चयनीय कवितामा एकवर्णविन्यास वक्रताअन्तर्गत सबैभन्दा बढी 'न' वर्ण १०८ पटक, 'र' वर्ण ९१, 'क' वर्ण ६७, 'म' वर्ण ६४ पटक प्रयोग भए पनि वर्णयोजना कृतिम भन्दा स्वाभाविक नै रहेको देखिन्छ । यस अध्यायमा वर्णनीय विषय वा भाव सम्प्रेषका लागि जेजस्ता साधनहरू वर्णको रूपमा प्रयोग भएका छन् ती वर्णहरू कठोरभन्दा कोमल प्रकृतिका नै बढी रहेका छन् । 'क', 'छ', 'न', 'थ', 'र', 'ल' जस्ता वर्ण बारम्बार दोहोरिएकाले वैदर्भी रीति, प्रसाद गुण प्रधानयुक्त वर्णसंयोजन देखिन्छ । साथै प्रयुक्त वर्णहरू अनुप्रासको रूपमा प्रयोग भएकाले लयात्मक सौन्दर्य पनि वृद्धि भएको छ । यस खण्डकाव्यमा प्रयुक्त एकवर्णविन्यास वक्रताका वर्णहरू शैलीवैज्ञानिक चमत्कार सिर्जना गर्न पनि सफल भएका छन् ।

२. 'गौरी' खण्डकाव्यका कवितामा द्विवर्णविन्यास वक्रताका पनि व्यवधानयुक्त र व्यवधानमुक्त स्वरूपबाट सौन्दर्य सिर्जना भएको छ । चयनीय कवितामा अव्यवधानयुक्त द्विवर्णविन्यास वक्रता कमै मात्र देखा परे तापनि व्यवधानयुक्त द्विवर्णविन्यास वक्रताको सौन्दर्य भने महत्त्वपूर्ण रहेको छ । व्यवधानयुक्त द्विवर्णविन्यास वक्रताअन्तर्गत 'त् म्' वर्ण सबैभन्दा बढी २८ पटक पुनरावृत्ति भएको छ भने 'छ् न्' १२, 'ग् र्' १३, 'क् स्' ८, 'स् र्' ७ पटक गरी अनेक वर्णहरू आवृत्ति भएका छन् । 'ग् म्', 'त् म्', 'द् छ्', 'प् न्', 'ग् र्' जस्ता वर्णहरूको आवृत्ति बढी भएकाले खण्डकाव्यमा कठोरभन्दा कोमल वर्णहरूको प्रयोग बढी भएको देखिन्छ । द्विवर्णहरू अनुप्रासको रूपमा बढी आवृत्ति भएकाले

वर्ण समानान्तरता तथा लयात्मक अभिव्यञ्जनाका दृष्टिले समेत कवितात्मक पंक्तिहरू 'गौरी' खण्डकाव्यमा विशिष्ट छन् ।

३. बहुवर्णविन्यास वक्रताको स्थिति एकवर्णविन्यास र द्विवर्णविन्यास वक्रताका तुलनामा न्यून रहेको छ । बहुवर्णविन्यास वक्रताका पनि व्यवधानसहित र व्यवधानरहित स्वरूप भए पनि चयनीय कवितामा भेटिन्न-भेटिन्न, उल्टिन्न-उल्टिन्न शब्द मात्र व्यवधानमुक्त बहुवर्णविन्यास वक्रताको रूपमा प्रयोग भएको भए पनि त्यसबाट उत्पन्न सौन्दर्य भने सङ्गीतमय बनेको छ । बहुवर्णविन्यास वक्रताको सौन्दर्य उत्पादनमा सबैभन्दा बढी 'र', 'ल', 'न', 'क', 'स', 'म', 'य', 'ग' जस्ता वर्णहरू बारम्बार दोहोरिएकाले वर्णहरू कठोरभन्दा कोमल नै रहेका छन् । व्यञ्जनवर्णसँगै आ, उ, ए जस्ता स्वरवर्णसमेत बहुवर्णविन्यास वक्रताका रूपमा प्रयोग भएका छन् । खण्डकाव्यमा प्रयुक्त बहुवर्णविन्यासीय वर्णहरू छेकानुप्रास र अन्त्यानुप्रासीय आवृत्तिमा रहेकाले लयात्मक सङ्गीत सौन्दर्यसमेत प्रकट भएको छ ।

४. 'गौरी' खण्डकाव्यका कवितामा संयुक्त वर्णविन्यास वक्रताका वर्गान्तयोगी, तलनादि र रकारदि संयुक्तवर्णबाट चमत्कारिक सौन्दर्य विकास भएको छ । वर्गान्तयोगी संयुक्त वर्णविन्यासअन्तर्गत ल्ट, च्च, न्छ, न्न, म्त, ङ्क, म्झ जस्ता व्यञ्जवर्ण प्रयोग भएका छन् भने तलनादि अन्तर्गत ल्द, स्त, स्छ, ल्य, ल्ल, प्त जस्ता वर्णहरूको बाहुल्य रहेको छ । त्यस्तै रकारादि अन्तर्गत छ्र, र्य, र्त, र्स, प्र, सर् जस्ता संयुक्त वर्णहरू साधनका रूपमा उपयोग गरिएका छन् । खण्डकाव्यमा वर्गान्तयोगी र तलनादि संयुक्त वक्रताभन्दा रकारादि संयुक्त वर्ण वक्रताको सौन्दर्य अनुपम रहेको छ ।

यसप्रकार अनुसन्धेय खण्डकाव्यमा एकवर्णविन्यास, द्विवर्णविन्यास र बहुवर्णविन्यास वक्रताअन्तर्गत व्यवधानयुक्त र व्यवधानमुक्त स्थितिबाट उत्पन्न सौन्दर्य प्रकट भएको छ भने संयुक्त वर्णविन्यास अन्तर्गत वर्गान्तयोगी, तलनादि र रकारादि भेदको स्वरूपबाट उत्पन्न चामत्कारिक लयसौन्दर्य उत्पादन भएको छ । विषयानुकूल

वर्णचयन, करुणरसको प्रधानता, प्रसादगुणको बहुलता, वैदर्भी रीतिको प्रधानता विवेच्य कृतिका विशेषता देखिन्छन् । तसर्थ सुकोमल वर्णहरूको प्रयोग तथा शैलीवैज्ञानिक चमत्कारले गर्दा लय सङ्गीत तथा भाव सौन्दर्य पोषकका दृष्टिले 'गौरी' खण्डकाव्यमा प्रयुक्त वर्णहरूको संयोजन विशिष्ट रहेको छ ।

## ८.३ शोधको उपयोगिता

भाषाका सामान्य रूप र विशिष्ट रूप गरी दुई भेद रहेका छन् । यी दुई रूपलाई वर्तमान आधुनिक भाषाविज्ञानले पनि स्वीकार गरेको छ । वक्रता भाषाको विशिष्ट रूपमा केन्द्रित सिद्धान्त हो । भाषाको विशिष्ट रूप साहित्यक कृति तथा पद्य रचनामा हुने गर्दछ । यसका साथै विशिष्ट भाषाभित्रको सौन्दर्य व्यवस्थालाई वर्णविन्यास वक्रतामा विश्लेषण हुने भएकाले प्रस्तुत शोध पनि यही सिद्धान्तअनुरूप पुरा गरिएको छ । यसर्थ प्रस्तुत शोधपत्र वस्तुवादी तथा वैज्ञानिक वक्रता सिद्धान्तमा आधारित भई माधव घिमिरेको 'गौरी' खण्डकाव्यमा वर्णविन्यास वक्रताको खोजबिन गरिएकाले यसको उपयोगिता सर्वत्र रूपमा रहेको छ, जसलाई निम्न बुँदामा प्रस्तुत गरिएको छ :

१. साहित्यिक भाषामा वर्णचयनको महत्त्व र त्यसको सौन्दर्य पक्षका साथै स्वाभाविक वर्णनमा प्रयुक्त भाषा र विशिष्ट भाषाको प्रयोग अन्तरबारे अध्ययन गर्ने अध्यताको लागि यो शोध पूरक सामग्रीको रूपमा रहनेछ ।

२. कविको काव्यशैली र 'गौरी' खण्डकाव्यमा प्रयुक्त वर्णसौन्दर्यका बारेमा जानकारी दिने महत्त्वपूर्ण सामग्रीको रूपमा उपयोग गर्न सकिनेछ ।

३. वर्णसौन्दर्य तथा उक्ति चमत्कारलाई व्यवस्थित रूपमा प्रयोग गरी रचना गर्न इच्छुक रचनाकारलाई समेत प्रस्तुत शोधले सहयोग गर्नेछ ।

४. भाषिक शैली, शिल्प, वर्णविज्ञान तथा 'गौरी' खण्डकाव्य शिक्षणका दृष्टिले नेपाली भाषा शिक्षण गर्न समेत प्रस्तुत शोधलाई उपयोगमा ल्याउन सकिनेछ ।

५. वर्णविन्यास वक्रता तथा कवितात्मक शैलीशिल्प प्रयोग गर्ने सम्पूर्ण भाषा विद्यार्थीलाई प्रस्तुत शोधले कुनै न कुनै रूपमा सहयोग गर्नाका साथै वक्रता सिद्धान्तमा आधारित कुनै नयाँ शोधकर्तालाई समेत महत्त्वपूर्ण आधार सामग्री हुनेछ ।

## सन्दर्भसामग्री


अधिकारी, गङ्गाप्रसाद (२०६९), 'मुनामदन खण्डकाव्यमा पदवक्रता', दर्शनाचार्य शोधप्रबन्ध तह, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

अधिकारी, हेमाङ्गराज (२०६५), *पूर्वीय समालोचना सिद्धान्त,* काठमाडौं : साझा प्रकाशन ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रिविलास (२०६१), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

अवस्थी, महादेव (२०५३), 'वर्णविन्यास वक्रता र मुनामदन खण्डकाव्यमा त्यसको प्रयोग', *गरिमा* (१६/१२ मंसिर), पृ.५०-५६ ।

उपाध्याय, केशवप्रसाद (२०४८), *पूर्वीय साहित्य सिद्धान्त,* ललितपुर : साझा प्रकाशन ।

खनाल, पेशल (२०७२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

खनाल, श्यामप्रसाद (२०६८), 'मृत्युञ्जय महाकाव्यको वक्रोक्तिवादी विवेचना, विद्यावारिधीय शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय ।

गैरे, ईश्वरी (२०६५), 'माधव घिमिरेका खण्डकाव्यमा करुण रस', स्नातकोत्तर तह शोधपत्र, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

गौतम, तारानाथ (२०३७), 'माधवप्रसाद घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन', स्नातकोत्तर तह शोधपत्र, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

गौतम, लक्ष्मणप्रसाद (२०६६), *समकालीन नेपाली कविता प्रवृत्ति,* काठमाडौं : पैरवी प्रकाशन ।

कुन्तक (२०१२), *वक्रोक्तिजीवितम्,* दिल्ली : आत्मराम एन्ड सन्स ।

घिमिरे, माधवप्रसाद (२०५७), *गौरी,* ललितपुर : साझा प्रकाशन ।

थापा, राजेन्द्र (२०७०), 'राजेश्वरी खण्डकाव्यको प्रकृति चित्रण', स्नातकोत्तर तह शोधपत्र, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

नगेन्द्र (२०१२), 'भूमिका', *हिन्दी वक्रोक्तिजीवितम्,* दिल्ली : रामलाल पुरी ।

नगेन्द्र, (ई. १९७६), *भारतीय काव्यशास्त्रको भूमिका,* दिल्ली : नेसनल पब्लिसिंग हाउस ।

नेपाल, देवी (२०६८), *छन्द पराग,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

निरौला, लेखप्रसाद (२०६३), 'माधव घिमिरेको खण्डकाव्यमा अलङ्कार योजना', विद्यावारिधीय शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

प्रपन्नाचार्य (२०५०), *वेदमा के छ ?,* काठमाडौं : साझा प्रकाशन ।

पुलामी, निरबहादुर (२०६६), 'कवि घिमिरेका कवितामा देशभक्ति', स्नातकोत्तर तह शोधपत्र, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

पोखरेल, केशवराज (२०५८), 'ऋतुविचार खण्डकाव्यमा वर्णविन्यास वक्रताको प्रयोग', *प्रज्ञा,* ९५ (कात्तिक-चैत्र), पृ.१६४-१७६ ।

पोखरेल, केशवराज, (२०६२), 'राष्ट्रनिर्माता खण्डकाव्यमा वणविन्यास वक्रताको प्रयोग', *सम्प्रेषण,* २/२ (वार्षिक) पृ. (१०८-११४) ।

पोखरेल, केशवराज, (२०७२), 'घुम्ने मेचमाथि अन्धो मान्छेका कवितामा वर्णविन्यास वक्रता', दर्शनाचार्य तह शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

पोखरेल, भानुभक्त (२०५९), *कवि घिमिरेको रचनायोग,* ललितपुर : साझा प्रकाशन ।

पौडेल, अम्बिका (२०६८), 'माधव घिमिरेका खण्डकाव्यमा वस्तुस्रोत', स्नातकोत्तर तह शोधपत्र, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

पौडेल, बिष्णुप्रसाद (२०६८), 'वक्रोक्तिसिद्धान्त र यससँग शैलीविज्ञानको निकटता', *बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

बराल, कृष्णहरि (२०६४), *गजल सिद्धान्त र परम्परा,* काठमाडौं : साझा प्रकाशन ।

भण्डारी, गिरीराज (२०६८), 'राजेश्वरी खण्डकाव्यमा अलङ्कार विधान', स्नातकोत्तर तह शोधपत्र, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद (२०६५), *नेपाली कविता र काव्य,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : पिनाकल पब्लिकेसन ।

भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद (२०६८), *साहित्यशास्त्र र नेपाली समालोचना,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०६५), *भाषिक अनुसन्धान विधि,* काठमाडौ : शुभकामना प्रकाशन ।

भामह (२०४२), *काव्यालङ्कार,* (भाष्यकार : शर्मा देवेन्द्रनाथ), पटना : राष्ट्रभाषा परिषद् ।

शर्मा, ऋषिराम (२०६९), 'भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रता', दर्शनाचर्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०६७), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

# परिशिष्ट

## प्राथमिक सामग्रीका रूपमा लिइएका श्लोकहरू

१. बेहानीपख जो उठेर बटुवा चल्छन्, तिमी चल्दिनौ
यत्रो खल्बलपूर्ण भूमितलमा खाली तिमी बोल्दिनौ
धारामा जल जो भरेर युवती हाँस्छन् तिमी हाँस्तिनौ
तिम्रै मात्र भयो र के ? सब जना बाँच्छन् तिमी बाँच्तिनौ

२. तिम्रो अन्तिमको शिँगार सँगिनी 'कात्रो' कसोरी भनूँ
तिम्रो निम्ति दिइन्छ पात्र जुन त्यो 'टिलो' कसोरी भनूँ
गाली होइन, किन्तु भन्नु कसरी यो अन्न 'बुर्की' भनी
'मुर्दानी' कसरी भनूँ, जुन तिमी मेरी थियौ जीवनी

३. बेहानीपख सूर्यले शिखरमा सिन्दुर हालेसरि
आधारात सितारमा हृदयको आलाप थालेसरि
पैलो पीर्ति छ - फर्किएर दिलमा संसार बिर्सेसिरि
धर्तीमै अमरावती शहरको आनन्द सिर्जेसरि

४. छोरी भेट्न भनेर कान्तिपुरमा आमा स्वयं आइथिन्
हुङ्कारीकन कामधेनु वनको बाटो गरी आइथिन्
सम्झी तीज तिहार भाइ बहिनी, पाहाडका छाहरी
निस्किन् प्रीतमको निमित्त घरमा राखेर पानी भरी

५. लीला माइतका भुलेर घरका धन्दा तिमीले गर्‍यौ
आमाको ममता भुलेर कसरी माया मलाई गर्‍यौ
छातीबाट झिकेर प्राणसरिका छोरी मलाई दियौ
हेरी आखिर घाटबाट रसिला आँखा ममा चिम्लियौ

६. मैले सोधिनँ, अन्त्यकाल कुनमा धोको अडेको थियो
मैले रोइनँ, प्राण जान कतिको बाधा परेको थियो
हेरे टुल्टुलु खालि, दीन मुखमा हेरीरहकी थियौ
हेरी आखिर घाटबाट रसिला आँखा ममा चिम्लियौ

७. लाऊ अञ्जुलि तीन बार जलको, खाएर जाऊ सखी !
यौटा फूल चुँडेर दिन्छु दिलको लाएर जाऊ सखी !
आँशू आज पुछेर दुःख सब यो बिर्सेर जाऊ सखी !
मान्छेको घर अन्धकार छ भनी सम्झेर जाऊ सखी !

८. हाँस्यौ, प्यार गऱ्यौ, बिगार गरिनौ कैल्यै कसैको यहाँ
यो चारै दिनमा पनि गरिसक्यौ जो गर्नुपर्ने यहाँ
केहि बाँकी भए म गर्छु सँगिनी ! ज्यूदै छु आधा अब
तिम्रो खेल समाप्त भो सब, तिमी विश्राम लेऊ अब

९. कोठामा कसरी पसूँ, नजरकी श्रृङ्गार छैनौ तिमी
यत्रो शोक कहुँ कहाँ, हृदयकी आधार छैनौ तिमी
कोठामा अघि भर्खरतक थियौ बोलीरहेकी तिमी
ए छैनौ कसरी भनूँ ! हृदयमा खेलीरहेकी तिमी

१०. कोठाका सब मालतालहरूमा तिम्रो कला बोल्दथ्यो
मेरो भावुक काव्यको लहरमा तिम्रो गला बोल्दथ्यो
तिम्रो यो घरकाज विश्वभरको दृष्टान्त मेरो थियो
जो गऱ्यौ सजिलै तिमी, असजिलो सिद्धान्त मेरो थियो

११. फर्कन्छन् वन शैलबाट बचरा सम्झेर पन्छीहरू
फर्कन्छन् परबाट प्यार घरको सम्झेर यात्रीहरू
हे रानी ! अझ फर्किनौ किन यहाँ अल्प्यौ अँध्यारातिर
हेर्छे झ्यालमहा बसेर टुहुरी यो शान्ति धारातिर

१२. हिँड्दै छौ कि बस्यौ कतै, मुलुक त्यो कस्तो छ, यस्तै छ कि
त्यो छायामय लोकबाट कहिल्यै यो लोक देखिन्छ कि
छन् तिम्रा मुखमा अझै बिफरका बुट्टा कि कस्ती भयौ
स्वप्नामा जुन आँउछ्यौ, भन त्यही सम्झू कि भिन्नै भयौ

१३. नेपाली हरिया पहाड वनका यी घामछायाहरू
हामी दम्पत्ति, शान्ति कलिला, यी मोह-मायाहरू
यो संयोग जुटाउने कुन थियो कल्ले बिगार्‍यो अनि
हाम्रो भेट हुँदैन हो कि   सँगिनी ! धिक्कार कैल्यै पनि

१४. मर्ने मानिस फर्किंदैन कहिल्यै भेटिन्न भेटिन्न रे
पर्दा लाग्दछ यो महामरणको उल्टिन्न उल्टिन्न रे
यो कस्तो कुन निष्ठुरी नियम हो, के हुन्छ फेरे पनि
हाम्रो भेट हुँदैन हो कि सँगिनी धिक्कार कैल्यै पनि

१५. सम्झायो जति चित्त दुख्छ उति नै सम्झाइ के गर्दछ्यौ
मेरो जो हुनु भैइसक्यो अब दया देखाइ के गर्दछ्यौ
केही भन्नु मलाई मित्र ! छ भने आएर रोऊ बरु
लागेको दिलभित्र घाउ छ भने सम्झेर जाऊ बरु

१६. छातीमा कुन दूर देशतिरको आई बिलौना बस्यो
क्यै गर्ने मन छैन, खालि रुनको धोको मलाई बस्यो
कोठाभित्र लुकेर बस्छु - उनको छाया परेथ्यो यहीँ
छातीभित्र ढुकेर बस्छु - उनका माया बसेथ्यो यहीँ

१७. 'यो टाढा परदेशबाट घरमा चाँडै तिमी जाउली
डोर्‍याईकन शान्ति, कान्ति सुखले बा' लाई देखाउली
पाहाडी चिडिया उडी रहरको पाहाडमै जाउली'
भन्दैमा सखि ! गैइसक्यौ, अब कहाँ के गर्न हे पाउली

१८.　लक्ष्मी भै धनधान्यपूर्ण घरमा बस्नै तिमी पाइनौ
हुर्काईकन लालबाल सुखले जानै तिमी पाइनौ
लाऊँ लाउँ र खाउँ खाउँ वयमै आफू कसोरी गयौ
बन्दैमा कति हाइ हाइ सबकी, सारा रुलाई गयौ

१९.　आए बादल गर्जिएर गिरिमा, लागे अँध्यारा दिन
छाया पर्दछ दूरबाट, छविको पाइन्न है दर्शन
कालो निष्ठुर यो असार, यसमै रोएर मेरी गइन्
यी खोला कसरी तरिन्, घनघाटा उल्टी कसोरी गइन्

२०.　ऐलेको निठुरी असार महिना पानी परेको कति
दर्कन्छन् जलधार आज जति नै थर्कन्छ छाती उती
पन्छीको गुँड भत्किएर रुखमा भिज्दो छ पानीमहाँ
एक्ले ढुक्कुर एकलै विरहमा होला बसेको कहाँ !

२१.　यी ऐर पनि दुःख लाग्छ - यिनले सम्झे कि आमा भनि
यी हाँसे पनि सुक्ख छैन - यिनले बिर्से नि आमा भनी
को हेर्ला अब हर्षसाथ - यिनले हुर्केर खेले पनि
फाटी मर्नु छ पीर लाग्छ - यिनले फुर्की नखेले पनि

२२.　बेहानै यिनलाई एक चिडिया आएर बोलाउँछिन्
बारीमा यिनलाई एक पुतली आएर खेलाउँछिन्
छाया एक सँगै रहेर यिनको रक्षा सधैं गर्दछिन्
मान्छे हो ! यिनलाई प्यार गर है तारा कुनै हेर्दछिन्

# व्यक्तिगत विवरण

नाम : रामदत्त जोशी

जन्ममिति : २०४७/०९/२६

स्थायी ठेगाना : कोटिला-१, पुरचौडी, बैतडी

माताको नाम : जानकी जोशी

पिताको नाम : जगन्नाथ जोशी

मातृभाषा : बैतडेली

धर्म : हिन्दु

सम्पर्क नं. : ९८६००८२०६५

इमेल : rasikbaitadi@gmail.com

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | वर्ष | श्रेणी |
|---|---|---|---|
| एस.एल.सी. | श्री डिलेश्वरी उ.मा.वि., हाँट, बैतडी | २०६३ | द्वितीय |
| प्रवीणता प्रमाणपत्र तह | श्री डिलेश्वरी उ.मा.वि., हाँट, बैतडी | २०६६ | द्वितीय |
| स्नातक | श्री पुरचौडी बहुमुखी क्याम्पस, हाँट, बैतडी | २०६९ | द्वितीय |
| स्नातकोत्तर | विश्वविद्यालय क्याम्पस, कीर्तिपुर | २०७३ | |